नेपाल सरकारको पूर्ण स्वामित्व भएका सार्वजनिक संस्थाहरुको लेखापरीक्षण व्यहोरा देहाय अनुसार छ :

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसै साथ संलग्न औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने पर्दछन् । वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको राय लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. **राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत रुपमा असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **अवकाश दायित्व** - नेपाल लेखामान १ तथा १२ बमोजिम वित्तीय विवरण सहि र दुरुस्त हुनका लागि सबै प्रकारको दायित्व समावेश गर्नुपर्नेमा प्रतिष्ठानले कर्मचारी दायित्व मध्ये कर्मचारी अवकास भएका बखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको तर त्यसको लागि पर्याप्त कोष खडा गरेको छैन । अवकास दायित्व २०७१।७२ सम्मको कुल रु.३ करोड ११ लाख ६४ हजार रहेको छ ।

४.२ **आम्दानीको लेखांङ्कन** - प्रतिष्ठानले अबलम्वन गरेको प्रोदभावी लेखांङ्कन विधि अनुरुप यो वर्ष जारी भएको विजक रकम रु.६ लाख ९८ हजारलाई यस आर्थिक वर्षमा आम्दानीमा जनाएको पाइएन ।

४.३ **खर्चको लेखांङ्कन** - नेपाल लेखामान २ बमोजिम आर्थिक वर्षका कारोबारहरुलाई सम्बन्धित वर्षमा समायोजन गर्नु पर्नेमा प्रतिष्ठानले यो वर्ष चालु कार्यक्रम तर्फ विगत वर्षमा भएका खर्च रु. ३३ हजार यस वर्षको कारोबार सरह प्रस्तुत गरेको छ । साथै नेपाल व्यवसाय मञ्च बाट विविध खर्च वापतको भुक्तानी पाउनु पर्ने रकमका सम्वन्धमा २०७२/९/२९ को उद्योग मन्त्रालय औद्योगिक प्रवर्द्धन महाशाखाबाट प्राप्त भएको पत्र अनुसार लिनु पर्ने हिसाबमा नदेखाउदा प्रतिष्ठानको आर्थिक विवरणमा उक्त रकमले खर्च बढी लेखांङ्कन भएको देखिन्छ ।

४.४ **सम्पत्ति-** नेपाल लेखामान ६ बमोजिम स्थिर सम्पत्तिको मूल्यांङ्कन, पुन: मूल्यांङ्कन तथा क्षयको गणना गर्नुपर्नेमा सो गरेको छैन । सम्पत्तिलाई परल मूल्यमा ह्रास कट्टी गरी वित्तीय विवरणमा प्रस्तुत गरेको छ । यस आर्थिक वर्ष २०७१।७२ मा खरिद गरेको स्थिर सम्पत्ति यसै सालमा प्रयोगमा ल्याएको भएतापनि उक्त सम्पत्ति संग सम्वन्धित ह्रास कट्टीको खर्च नेपाल लेखामान ६ मा गरिएको व्यवस्था अनुसार २०७१।७२ मा लेखांङ्कन गरेको पाइएन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

हाम्रो रायमा, माथि बुँदा नं. ४.१ देखि ४.४ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्न सक्ने असर बाहेक, संलग्न वित्तीय विवरणले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## कर्मचारी सञ्चय कोष (२०७२।७३)

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले कर्मचारी सञ्चय कोष (कर्मचारी सञ्चय कोष ऐन २०१९ बमोजिम स्थापित) को आ.ब. २०७२।०७३ आषाढ मसान्तको वासलात एवं सोहि मितीमा समाप्त भएको आय विवरण, नगदप्रवाह विवरण तथा मूनाफाबाट सृजित कोषहरुमा भएको परिवर्तनको विवरण र प्रमूख लेखानीति तथा लेखाटिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरिक्षण सम्पन्न गरेका छौ ।

२. **वित्तीय विवरण उपर कोष व्यवस्थापनको जिम्मेवारी**

प्रचलित कानुन, नेपाल लेखामान कोषको लेखा निर्देशिका तथा विनियमावली एवं अन्य ऐन नियम अनूरुप वित्तीय विवरणको तयारी एंव प्रस्तुतीकरण गर्ने जिम्मेवारी कोषको व्यवस्थापनमा रहेको छ । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रूटि रहित छ भनि तयारि र प्रस्तूतिकरण गर्ने कार्यसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जूमा गर्ने, लागू गर्ने तथा अद्यावधिक बनाई राख्ने, उपयूक्त लेखानीतिका छनौट गर्ने तथा उपयूक्त अनूमानहरु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने व्यवहोराहरु निम्नानूसार रहेका छन्:

४.१. **बैंक खाता तथा हिसाब मिलान** : बैकं हिसाब मिलानको स्थिति प्रभावकारी नरहेकाले यस बर्षको अन्त्यमा रु. १ अर्ब ५६ करोड ३३ लाख (गतवर्ष रु. १ अर्ब ५२ करोड ७१ लाख) बैंक हिसाब मिलान हुन बांकी देखिएको छ । हिसाब मिलान हुन नसकी बर्षौदेखि वक्यौता रहेका रकमहरु समेत माथि उल्लेखित रकममा समावेश भएको तर हिसाब मिलान नभएको रकमको आयुगत विवरण कोषमा उपलब्ध नभएकाले सो रकमले कोषको सम्पत्ति, दायित्व, आय तथा व्ययमा पर्ने असरबाट यकिन गर्ने अवस्था छैन ।

४.२. **निबृत्तिभरण र कर्मचारी जीवन सुरक्षण सम्बन्धी व्यवस्था** : निवृतिभरण सम्बन्धी व्यवस्था र कर्मचारी जीवन सुरक्षण सम्बन्धी व्यवस्थामा नियमानुसार निवृतिभरणमा रु.२७ करोड २४ लाख ५७ हजार र कर्मचारी जीवन सुरक्षणमा रु.११ करोड ४४ लाख ३९ हजार समेत रु. ३८ करोड ६८ लाख ९६हजार व्यवस्था कायम हुनुपर्नेमा कोषले बीमांकीय मूल्यांकनबाट कायम भएको रकमलाई पनि पूरै व्यवस्था नगरी स्थगन सम्बन्धी नीति कार्यान्वयनमा ल्याएको पाईयो । कोषले स्थगन सम्बन्धी नीति मार्फत २०७२।७३ मा रु. ४ करोड २६ लाख ९९ हजार मात्र थप गरेको पाईयो । दायित्वलाई स्थगन नीति बनाएर हरेक वर्ष निश्चित रकम मात्र दायित्वमा समावेश गरेको नेपाल लेखामान विपरित देखिन्छ ।

४.३. **कर्जा जोखिम व्यवस्था** : घर कर्जा, शैक्षिक कर्जा र सरल चक्र कर्जामा कोषको लगानी नीति २०७१ को ५(६) अनुसार कर्जा जोखिम व्यवस्था गरेको पाईएन । कोषले एक वर्षदेखि तीन वर्षसम्म कर्जामा ब्याज नतिर्ने ऋणीलाई समेत असल कर्जा मानेर कर्जा जोखिम व्यवस्था गरेको पाईयो । केन्द्रीय बैंकको नियम र विवेकशील मापदण्ड अनुसार कोषले कर्जा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था बमोजिम निर्धारण गर्ने र सोही बमोजिम कर्जा जोखिम व्यवस्था कायम गरी वित्तीय विवरणमा लेखांकन गर्नूपर्ने देखिन्छ ।

४.४. **ऋणात्मक बैंक खाता** : कोषको २०७२।७३ को वासलातको अनुसूची ६ मा प्रस्तुत बैंक खाताहरुको विवरणमा राष्ट्रिय वाणिज्य बैंकको खातामा मौज्दात रु १ करोड ३३ लाख ५५ हजार ऋणात्मक देखिएको छ ।

४. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएका व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

५. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, बुदाँ ४.१ देखि ४.४ मा औंल्याइएका बिषयबस्तुले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणहरुले २०७२।७३ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आय विवरण, नगदप्रवाह विवरण तथा मुनाफाबाट सृजित कोषहरुमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०७०।७१)

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०७१ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीति छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तिय विवरणहरु सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभुत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ।

लेखापरीक्षणबाट जोखिम मुल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागी आवश्यक पर्ने आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन। व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा प्रयाप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार** : लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुममा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसारका छन् :

४.१. **दायित्व व्यवस्था** : अवकास कोष व्यवस्था वापत रु.२४ करोड ९६ लाख ४३ हजार र जीवन बीमा कोष व्यवस्था वापत रु.३ करोड १३ लाख ८८ हजार गरी कुल रु.२८ करोड १० लाख ३२ हजार दायित्व व्यवस्था रहेको छ। तत्कालीन नेपाल खानेपानी संस्थानबाट २०६४ माघ मसान्तमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा उक्त दायित्व हस्तान्तरण गरेको र कर्मचारीहरुलाई अवकास पश्चात भुक्तानी दिई उक्त रकम मौज्दात रहेको देखिन्छ ।

उक्त दायित्व व्यवस्था गरीएका कर्मचारीहरु हाल यस बोर्डमा नभई काठमाडौं उपत्यका खानेपानी लिमिटेड मातहतमा रहेकोमा बोर्डबाट भुक्तानी हुँदै आएको छ। अवकास भुक्तानी, अवकास हुंदा कायम कर्मचारीको सेवा अवधि तथा तलबमानको आधारमा हुने हुनाले तत्कालिन अवकाश कोष व्यवस्था र बास्तविक अवकाश भुक्तानि फरक पर्ने देखिन्छ। तसर्थ यस सम्बन्धमा कर्मचारीको सेवा अवधि तथा तलबमानमा हुने बृद्धिले गर्दा हुने अतिरिक्त दायित्व वहन गर्न निकाय यकिन हुनुपर्दछ ।

४.२. **अचल सम्पत्ति** - यस सम्बन्धी व्यहोरा निम्नअनुसार छन्**:**

४.२.१. बोर्डले बार्षिक रुपमा स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गरी स्थिर सम्पत्ति रजिस्टर अद्यावधिक गर्ने गरेको पाईएन।

४.२.२. बोर्ड र काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड बीच २०६४ माघ २० गतेको सम्झौता बमोजिम संस्थाको जग्गा तथा सोमा निर्मित तथा सिर्जित सम्पत्तिहरु मध्ये संस्थानको नाममा जग्गा धनी प्रमाण पुर्जा भएका तथा जग्गा धनी प्रमाण पुर्जा लिने क्रममा रहेका जग्गाहरु तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालयलबाट ३५ दिन गरी नामसारी गनुपर्ने प्रावधान रहेताभएतापनि हालसम्म सम्पूर्ण जग्गाहरु बोर्डको नाममा नामसारी भई आएको पाइएन।

४.३. **निर्माणाधिन सम्पत्ति** - बोर्डले निर्माणाधिन सम्पत्ति काठमाडौं उपत्यका खानेपानी लिमिटेडले उपलब्ध गराएको एकमुष्ठ विवरणको आधारमा लेखाङ्कन गरेको पाईयो । काठमाडौं उपत्यका खानेपानी लिमिटेडले गरेका खर्चको लेखाङ्कन बोर्डमा हुने तर सम्बन्धित कागजातहरु उक्त लिमिटेडमै रहने भएकोले विभिन्न सम्पत्ति शीर्षकमा पूँजीकरण गरेका निर्माण धिन सम्पत्तिहरु यथार्थपरक ढंगले लेखाको सिद्धान्त बमोजिम पूँजीकरण गरे नगरेको सम्बन्धमा यकिन गर्न सकिएन।

निर्माणाधिन सम्पत्ति शीर्षक अन्तर्गत २०७०।७१ को अन्तमा रु. ५५ करोड ६३ लाख १४ हजार मौज्दात रहेको र सो मध्ये अधिकांश रकम गत वर्ष देखि जिम्मेवारी सार्दै आएको पाईयो । यसरी पूँजीकृत गर्नुपर्ने रकमलाई वर्षौंसम्म निर्माण धिन सम्पत्ति अन्तर्गत राख्दा बोर्डलाई प्रत्यक्ष रुपमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड वाट वोर्डको सम्पत्ति प्रयोग गरे वापत पाउनुपर्ने ६ प्रतिशत लिज फि नोक्सानी भइरहेको देखिन्छ । तसर्थ उक्त शीर्षक अर्न्तगत जिम्मेवारी सार्दै ल्याएको रकमलाई काठमाडौ उपत्यका खानेपानी लिमिटेडबाट विवरण माग गरी पूंजिकृत गर्नुपर्ने देखिन्छ ।

४.४. **आसामी -** नेपाल खानेपानी संस्थानको काठमाडौं उपत्यका भित्रको २०६४ माघ मसान्तमा उठ्न बाँकी रकम वासलतमा देखाएको छ । वोर्डको गत वर्षसम्मको कुल आसामी रकम रु. ७० करोड ३७ लाख ३६ हजार मध्ये चालु वर्षमा रु. ४६ लाख ९१ हजार असुली र रु. १ लाख ८० हजार अपलेखन गरी यस वर्षको अन्तमा रु. ६९ करोड ८८ लाख ६६ हजार बाँकी रहेको छ । आसामीहरुबाट संकलन भएको बक्यौता रकम ज्यादै न्युन रहेको, यस वर्ष कुल वक्यौता रकमको जम्मा ०.६७ प्रतिशतमात्र संकलन भएकोले संभावित नोक्सानी वापत गरेको व्यवस्था कुल वक्यौता रकमको १० प्रतिशत मात्र भएकाले पर्याप्त व्यवस्था गर्नुपर्ने देखिन्छ । ग्राहकहरुको नामावली सहितको विवरण वोर्डले राखेको छैन । मौज्दात रकमको व्यक्तिगत विवरण तयार गरी असुल उपरको संभावना यकिन समेत नगरेकाले आसामीमा देखाइएको रकम उचित एवं यथार्थ भए नभएको सम्बन्धमा आस्वस्त हुन सकिएन ।

४.५. **पेश्की तथा धरौटी -** यस सम्बन्धी व्यहोरा निम्न अनुसार छन् :

४.५.१. **अग्रिम कर भुक्तानी -** वोर्डले पेश्की तथा धरौटी अन्तर्गत अग्रिम कर भुक्तानी शीर्षकमा रु. ३ करोड ०२ लाख ६० हजार रहेको र सो रकम विगत वर्ष देखि जिम्मेवारी सार्दै आएको छ । उक्त रकम वोर्डलाई व्याज भुक्तानी गर्दा बैंकले दुई वर्ष भन्दा पहिलेनै अग्रिम कर कट्टी गरेको रकम हुनाले आयकर ऐन, २०५८ को दफा ११३ अनुसार फिर्ता पाउने कानुनी आधार नरहेकोले सो रकमलाई पेश्की तथा धरौटी अन्तर्गत पाउनुपर्ने भनी देखाएको उपयुक्त देखिएन ।

४.५.२. **काठमाडौ उपत्यका खानेपानी लि. -** काठमाडौ उपत्यका खानेपानी लिमिटेड को गत बर्षको लिनुपर्ने मौज्दात रु.७६ करोड ६९ हजार ५७ हजारमा यस वर्ष बिभिन्न बजेट शीर्षकमा प्रदान गरेको थप पेश्की, लिनुपर्ने लिज फि, अनुमति दस्तुर, असुलि भएको आसामि रकममा अवकाश बापत प्रदान गर्नुपर्ने र निमार्ण धिन सम्पत्तिको रकम हिसाब मिलान गरी कुल रु.१ अर्व ९७ लाख २९ हजार लिनुपर्ने रहेको छ । बोर्डको मुख्य कारोबार काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग हुने भएकोले सो संग हिसाब पुर्ण रुपमा मिलान नगरी वित्तिय विवरण तयार गर्दा भविष्यमा वित्तीय बिवरणमा सारभुत रुपमा फरक पर्ने अवस्था देखिन्छ । बोर्डले काठमाडौं उपत्यका खानेपानि लि. संग नियमित रुपमा कारोवारको अभिलेख लिइ सोसंग आफ्नो हिसावको समर्थन गरि लेखा भिडान गर्ने गरेको पाइएन । तसर्थ उक्त वर्ष बोर्ड तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेड तर्फको लेनदेन एक अर्कासंग भिडान गरी यकिन गर्न सकिएन ।

४.६. **इक्विटीमा भएको परिवर्तनको विवरण -** नेपाल लेखामान १ अनुसार बार्षिक वित्तीय विवरणको एक अभिन्न अङ्ग मानिने इक्विटीमा भएको परिवर्तन को विवरण बोर्डले तयार पारेको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथिका बुदां नं ४.१ देखि ४.६ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०७१ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहले नेपाल लेखामान बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

# काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड २०७१।७२

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको यसै साथ संलग्न २०७२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्ष २०७१।७२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा सम्बन्धि नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको व्यवस्थापनमा रहेको छ । बोर्ड व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप वित्तीय विवरण तयारी गर्ने एबम उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार सहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण सकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभुत असरपर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको अभिन्न अंग रहेको इक्विटीमा भएको परिवर्तनको विवरण बोर्डले वित्तीय विवरणमा समावेश गरेको छैन ।

४.२ अवकाश कोष व्यवस्था वापत रु.१८ करोड ४० लाख ९५ हजार तथा जीवन बीमा कोष वापत रु.२ करोड, ४६ लाख ४९ हजार समेत रु.२० करोड ८७ लाख ४४ हजार रहेको छ । तत्कालिन नेपाल खानेपानी संस्थानमा कार्यरत कर्मचारीहरु बोर्ड हुँदै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमा हस्तान्तरण भइसकेका भएतापनि उक्त कर्मचारीहरु अवकाश हुँदाको समयमा हाल खाइपाइ आएको तलबमानको आधारमा बोर्डबाट भुक्तानी हुने गरेको छ । अन्यत्र कार्यालयमा कार्यरत कर्मचारीहरुको अवकाश दायित्व बोर्डले लेखाङ्कन गरिरहेको छ ।

४.३ बोर्ड र काठमाडौ उपत्यका खानेपानी लिमिटेड बीच २०६४ माघ २० मा भएको सम्झौता बमोजिम नेपाल खानेपानी संस्थानको स्वामित्वमा रहेका जग्गा तथा सोमा निर्मित सम्पत्तिहरु मध्ये संस्थानको नाममा जग्गाधनी प्रमाण पूर्जा भएका र जग्गाधनी प्रमाण पूर्जा लिने क्रममा भएका जग्गाहरु तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालयले सम्बन्धित मालपोत कार्यालयहरुलाई सिफारिश गरी बोर्डको

नाममा नामसारी गनुपर्ने प्राबधान भएता पनि हालसम्म सम्पूर्ण जग्गाहरु बोर्डको नाममा नामसारी भएको पाइएन ।

४.४ काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त एकमुष्ठ विवरणको आधारमा बोर्डले निर्माणाधिन सम्पत्ति लेखाङ्कन गरेको पाइयो । काठमाडौ उपत्यका खानेपानी लिमिटेडबाट भएका खर्चहरुको लेखाङ्कन बोर्डमा हुने तर उक्त खर्चहरुको विधि, प्रकृया तथा पुष्ट्याईं गर्ने सम्बन्धि सम्पूर्ण कागजातहरु काठमाडौ उपत्यका खानेपानी लिमिटेडमा नै रहने भएकोले निर्माणाधिन सम्पत्ति शीर्षकमा समावेश रकमहरुको यथार्थता यकिन गर्न सकिएन ।

निर्माणाधिन सम्पत्ति शीर्षकमा विगत वर्षहरु देखिनै जिम्मेवारी सार्दै आएको २०७१।७२ को अन्तसम्ममा रु. ५५ करोड ६३ लाख १४ हजार मौज्दात रहेको छ । उक्त निर्माणाधिन सम्पत्तिहरु पूँजीकरण नभएको कारणले उक्त सम्पत्तिहरु प्रयोग गरे वापत काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबाट पाउनु पर्ने लीज फी ६ प्रतिशतले हुने रकमले आम्दानी नोक्सान भइरहेको छ ।

४.५ नेपाल खानेपानी संस्थानको काठमाडौं उपत्यका भित्रका कार्यालयहरुको २०६४ आषाढ मसान्तसम्मको उठ्न बाँकी आसामी मध्ये २०७१।७२ को अन्त सम्ममा रु.६९ करोड २० लाख ४१ हजार रहेको छ । यस वर्षमा रु. ६८ लाख २३ हजार मात्र असुली/अपलेखन भएको देखिन्छ । आसामी मध्ये ०.९७ प्रतिशत मात्र असुली/ अपलेखन भएको र शंकास्पद असामी व्यवस्था वापत असामीको १० प्रतिशत रकम मात्र व्यवस्था भएकोले उक्त व्यवस्था रकम पर्याप्त रहेको छैन ।

४.६ पेश्की तथा धरौटी शीर्षक अन्तर्गत अग्रिम कर भुक्तानी वापत रु.४ करोड २८ लाख २४ हजार लेखाङ्कन भएको देखिन्छ । बोर्डले प्राप्त गरेको ब्याज आम्दानीमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले श्रोतमा करकट्टी गरेको रकमलाई विगत २ वर्षभन्दा बढी देखि सार्दै आएको र आयकर ऐनको दफा ११३ बमोजिम श्रोतमा करकट्टी भएको मितिबाट २ वर्ष व्यतित भइसकेको अवस्थामा फिर्ता पाउने कानूनी आधार नरहने हुँदा २ वर्षभन्दा बढी अवधिदेखिको अग्रिम कर भुक्तानी रकम यस शीर्षकमा लेखाङ्कन गरेको उचित देखिदैंन ।

४.७ काठमाडौं उपत्यका खानेपानी लिमिटेड सँग लिनु पर्ने रकम २०७१।७२ को अन्तसम्ममा रु.१ अर्ब ३८ करोड ६५ लाख ७१ हजार रहेको देखिन्छ । उक्त रकम विभिन्न बजेट शीर्षकमा प्रदान गरिएको थप पेश्की, लिनुपर्ने लीज फी, अनुमति दस्तुर, असुली भएको आसामी रकम, अवकाश कोष भुक्तानी तथा निर्माणाधिन सम्पत्तिको रकम हिसाब मिलान गरी बाँकी रहेको भएतापनि काठमाडौ उपत्यका खानेपानी लिमिटेडको अभिलेखसँग रुजु/भिडान नगरी वित्तीय विवरणमा प्रस्तुत गरिएकोमा उक्त रकमको यथार्थता यकिन गर्न सकिएन ।

४.८ काठमाडौं उपत्यका खानेपानी लि.(पीआईडी) लाई पेश्की वापत प्रदान गरिएको रकम २०७१।७२ को अन्तसम्ममा रु.४ अर्ब ५७ करोड ३ लाख १६ हजार रहेको देखिन्छ । काठमाडौं उपत्यका खानेपानी लि. (पीआईडी) को अभिलेखसंग रुजु/भिडान नगरी वित्तीय विवरणमा प्रस्तुत गरिएकोमा उक्त रकमको यथार्थता यकिन गर्न सकिएन ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६. कौफियत सहितको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुंदा नं ४.१ देखि ४.८ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तिय विवरणले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०७२ असार मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्ष नाफा नोक्सान हिसाब र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सहि र यर्थाथ चित्रण गर्दछ ।

## कानून किताब व्यवस्था समितिको २०७२।७३

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न कानून किताब व्यवस्था समितिको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एबं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत

वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

५. **लेखापरीक्षकको राय**

हाम्रो रायमा संलग्न कानून किताब व्यवस्था समितिको २०७३ आषाढ मसान्तको वित्तीय विवरणले सो संस्थाको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजाको सही र यथार्थ चित्रण गर्दछ ।

## कृषि सामग्री कम्पनी लिमिटेड (२०७२।७३)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले कृषि सामग्री कम्पनी लि. को यसै साथ संलग्न २०७३ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्राणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाँजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार रहेका छन्:

४.१ **सम्पत्तिको स्वामित्व तथा संरक्षण** : कम्पनीको गुल्मी मजुवाको ४ रोपनी ५ आना २ पैसा २ दाम जग्गाको लालपूर्जा प्राप्त गरेको छैन । काठमाडौं बल्खुस्थित ३ रोपनी जग्गा ललिपतुर ढुङ्गा रोडा कम्पनीले अस्थायी प्रकृतिको घर टहराहरु बनाई र प्यूठान खलङ्गामा रहेको ४ रोपनी ४ आना १ पैसा जग्गाबाट जिल्ला विकास समितिले आफ्नो हाताभित्र प्रबेश गर्ने मोटर बाटो निर्माण गरेको र खाली जग्गामा टिम्मुर खेती गरी अतिक्रमण गरेको छ ।

४.२ **भौतिक परीक्षण** : कम्पनीको विभिन्न ठाउँमा रहेको जग्गा तथा अन्य स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेकोले जग्गाको यथार्थ स्थिति थाहा हुन नसकेको कारण जग्गाहरु सुरक्षित रहेको भनी यकिन गर्न सक्ने स्थिति रहेन भने अन्य स्थिर सम्पत्तिको रकम भौतिक परीक्षण प्रतिवेदनमा उल्लेख नगरेकोले टुटफुट भई काम नलाग्ने र लिलाम विक्री गर्न मिल्ने सम्पत्ति बारे मूल्य यकिन गर्न सकिएन ।

४.३ **स्थिर सम्पत्तिको लेखाङ्कन तथा मूल्याङ्कन** : स्थिर सम्पत्ति रजिष्टरमा सम्पत्तिको परलमूल्य, ह्रास कट्टी, बाँकी सम्पत्तिको मोल, सम्पत्तिको विस्तृत विवरण, सम्पत्तिको हालको अवस्था आदि उल्लेख गर्ने नगरिएको, काम नलाग्ने वा टुटफुट वा बेकम्मा भई प्रयोगमा नरहेको स्थिर सम्पत्ति वा लिलाम बिक्री गर्न योग्य स्थिर सम्पत्तिको प्राप्त हुन सक्ने मोलको विवरण लेखापरीक्षणको लागि उपलब्ध नरहेको तथा उक्त सम्पत्तिहरुको गुणस्तर र मोलमा भएको क्षयको रकम समेत कट्टी गर्ने व्यवस्था नगरेकोले नेपाल लेखामान-१८ सम्पत्तिको क्षयको प्रावधानहरु समेत पालना भएको देखिएन । आयकर ऐन, २०५८ र सोको नियमावली २०५९ को प्रावधान अनुरुपको दर र बिधि अनुसार ह्रास कट्टी गर्ने गरेकोले नेपाल लेखामानको प्रावधानका समेत पालना भएको देखिएन ।

४.४ **मलखादको अन्तिम मौज्दातको मूल्याङ्कन** : मलखादको अन्तिम मौज्दातको मूल्याङ्कन खरिद मूल्यमा गर्नुपर्नेमा सो नगरी खरिद रकमबाट नेपाल सरकारबाट प्राप्त मूल्य अनुदान समायोजन गरी विक्री मूल्यमा गर्ने गरेकोले नेपाल लेखामान ४ - जिन्सी र नेपाल लेखामान ७ - आयको प्रावधान विपरित गरेको पाइयो ।

कम्पनीले अन्तिम मौज्दातको लेखाङ्कन नेपाल सरकारले तोकेको विक्री दरमा लेखाङ्कन गर्ने गरेको र नेपाल सरकारबाट अप्रत्यक्ष खर्च तथा डिलर कमिशन वापत प्राप्त रकम अनुदानमा लेखाङ्कन गर्ने गरेकोले अन्तिम मौज्दात वापत प्राप्त अप्रत्यक्ष खर्च र डिलर कमिशनको हुने रु. १४ करोड ५३ लाख २६ हजारले विक्रीको लागत घट्न गई सोही रकमले कम्पनीको नाफा बढ्न गएको छ ।

४.५ **मौज्दात समर्थन पत्र प्राप्त नगरेको** : आसामी रु. ३ करोड ४० लाख ८६ हजारको बर्षाणुक्रमको विवरण उपलव्ध नभएकोले र २०७३ आषाढ मसान्तमा सम्बन्धित पार्टीहरुबाट मौज्दात समर्थन नलिएकोले सोको असूलीको स्थिति यकिन गर्न सकिएन । विभिन्न पार्टीहरुसंग असूल गर्नुपर्ने रकम शंकास्पद देखिएता पनि सो वापत व्यवस्था गरेको छैन ।

४.६ **धरौटी, पेश्की तथा सापटी** : धरौटी, पेश्की तथा सापटी रु. १८ करोड ६७ लाख १७ हजारको बर्षाणुक्रमको विवरण उपलब्ध नभएकोले र २०७३ आषाढ मसान्तको मौज्दात समर्थन पत्रहरु प्राप्त नगरेको र हिमालयन बैंकबाट प्रतित पत्र वापतको १२ बर्षदेखिको रु.७२ लाख २३ हजार सर्वोच्च अदालतबाट कृषि सामग्री कम्पनीको पक्षमा फैसला भएतापनि असुली नगराइएकोले धरौटी, पेश्की र सापटी रकमको असुली स्थिति यकिन गर्न सकिएन ।

४.७ **दायित्व तथा रिटेन्सन मनी** : चालु दायित्व रु. १ अर्ब ६१ करोड ९६ लाख १६ हजारको बर्षानुक्रमको विवरण प्रधान कार्यालयको वाहेक तयार नगरेको र सम्बन्धित पक्षहरुबाट २०७३ आषाढ मसान्तको मौज्दात समर्थन पत्र नलिएकोले सो प्रतिको दायित्वको स्थिति यकिन गर्न सकिएन ।

४.८ **अनुदान आम्दानी :** खरिद परिमाणको आधारमा अनुदान लेखाङ्कन गर्ने गरेकोले खरिद सम्झौता अन्तर्गत घटि प्राप्त परिमाणको समेत अनुदान रु. ९ करोड ६५ लाख ६७ हजार लेखाङ्कन गरेकोले सोही रकमले कम्पनीको नाफा बढी देखिन गएको छ ।

४.९ **छिज आम्दानी :** विक्रेताले गत आर्थिक बर्षमा मलखाद घटी बुझाएको परिमाणको खरिद दरले हुने खरिद रकमलाई छिज आम्दानीमा रु. १ करोड ९४ लाख ८४ हजार लेखाङ्कन गरेकोले खरिद रकम र विक्रीको लागत सोही रकमले बढी हुने देखिएकोले नेपाल लेखामान - ४ जिन्सी र नेपाल लेखामान - ७ आयको प्रावधान विपरित जिन्सी मौज्दातको लेखाङ्कन भएको पाइयो ।

४.१० **व्याज आम्दानी :** नागरिक लगानी कोषमा उपदान कोषको रकम लगानी गरे वापत नागरिक लगानी कोषले प्रदान गरेको विवरण अनुसार प्राप्त हुनु पर्ने अनुमानित व्याज रु. १ करोड ७६ लाख ३९ हजार गत बर्षको अनुमानित व्याज भन्दा बढी प्राप्त भएको व्याज रु. ११ लाख ९० हजार थप गरी व्याज रु. १ करोड ८८ लाख २९ हजार आम्दानी जनाइएकोमा यथार्थ व्याज रकम फरक भएमा सोही रकमले २०७२।७३ को नाफामा असर पर्ने देखिन्छ ।

४.११ **सोझै खरिद :** बोलपत्र आव्हान नै नगरी कृषि विकास मन्त्रालयको निर्देशन बमोजिम सरकारद्वारा सरकारसंग (जि.टू.जि.) खरिद गर्ने कार्यक्रम अन्तर्गत भारत सरकारले तोकेको सप्लायर पारादीप फस्फेट्स लि.बाट शत्प्रतिशत रकम अग्रिम भुक्तानी गरी रु. ७१ करोड ७२ लाख ५५ हजारको १२,२७४.७० मे.टन डि.ए.पि. मलखाद खरिद छ । खरिद वापत रु. ७१ करोड ९३ लाख २७ हजार लेखाङ्कन गर्नुपर्नेमा रु. ७१ करोड ७२ लाख ५५ हजार मात्र लेखाङ्कन गरेकोले २० लाख ७२ हजारले खरिद कम लेखाङ्कन गरेको छ ।

४.१२ **घर जग्गा कर :** कम्पनीका केही कार्यालयहरुको घर जग्गा कर तिरेको तर विभिन्न कार्यालय लगायत केन्द्रिय कार्यालयको घर जग्गा कर रकम नतिर्ने गरेकोले सो वापत २०७०।७१ मा अनुमानित रु. ३ करोड १३ लाख ३६ हजार व्यवस्था गरेकोमा भुक्तानी गरेको छैन । पोखरा कार्यालयको २०७०।७१ सम्मको रु. ६१ लाख २७ हजार, भैरहवा, कलैया र डडेल्धुरा कार्यालयहरुको २०७१।७२ सम्मको रु. २८ लाख १३ हजार र विराटनगर, वीरगंज, जनकपुर र विर्तामोड कार्यालयहरुको रु. १ करोड ७६ लाख ९३ हजार समेत रु. २ करोड ६६ लाख ३३ हजार कर नगरपालिकाहरुले माग गरेको छ । कार्यालयहरुको दिनुपर्ने घरभाडा कर व्यवस्था गरेको रकम भन्दा बढी भएमा सोही रकमले नाफा घट्ने र दायित्व बढ्ने छ ।

४.१३ **कम्प्यूटर तथा अन्य सम्पत्ति फिर्ता** : पूर्व संचालक तथा कृषि विकास मन्त्रालयलाई रु. ७ लाख ५४ हजारको ल्यापटप, आइप्याड, टि.भि., प्रिन्टर, मोवाईल र फर्निचर विगत वर्षहरुमा उपलव्ध गराइएकोमा फिर्ता भएको छैन ।

४.१४ **आयकर** : कर्मचारीहरुको पारिश्रमिक कर घटी कट्टी गरे वापत २०६८।६९ को रु. ९९ लाख ३७ हजार आयकर र जरिवाना खर्चमा लेखाङ्कन गरेकोले सोही रकमले नाफा घट्न गएको छ ।

४.१५ **कानूनी परामर्श खर्च :** कम्पनी र भारतको एक कम्पनी बीच चलिरहेको मुद्दाको प्रकृयागत खर्चको सुनिश्चितताको लागि भुक्तानी गरेको अग्रिम रु. २५ लाख ९९ हजार खर्चमा लेखाङ्कन गरेकोले नाफा सोही रकमले घटेको छ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **कैफियत सहितको राय**

हाम्रो राय माथि अनुच्छेद ४.१ देखि ४.१५ सम्ममा औल्याईएका कैफियतहरुले पर्ने प्रतिकूल असर बाहेक संलग्न वित्तीय विवरणहरुले ३१ आषाढ २०७३ को कृषि सामग्री कम्पनी लिमिटेडको आर्थिक अवस्था र सोही मितिमा समाप्त भएको आर्थिक बर्षको कारोवारको नतिजा एवं नगद प्रवाह विवरणको सही चित्रण गरेको तथा नेपाल लेखामान वा प्रासङ्गिक प्रचलन तथा कम्पनी ऐन, २०६३ अनुसार रहेका छन् ।

६. **कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धि प्रतिवेदन**

क) हामीले सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथासिघ्र पायौं।

ख) कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानून वमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाव किताब, अभिलेख र विवरणहरु दुरुस्तसंग छन् ।

घ) हामीलाई उपलव्ध गराइएको जानकारी तथा स्पष्टिकरणको आधारमा पहिले हिनामिना कारवाहीमा परेको र अनुच्छेद ४.१ देखि ४.१५ मा उल्लेख गरेको वाहेक, संचालक समिति वा कुनै संचालक वा

कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

## जनकपुर चुरोट कारखाना लिमिटेड (२०६५।६६)

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न जनकपुर चुरोट कारखाना लिमिटेडको २०६६ असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

**३. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने  कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्टँयाइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**४. लेखापरीक्षण रायव्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियतसहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **नेपाल लेखामान –**  नेपाल लेखामान १ अनुसार लेखापरीक्षण अवधीमा कारखाना सञ्चालन नगरेको तथा भविष्यमा सञ्चालन गर्ने योजना रहे नरहेको यकिन हुन नसकेको अवस्था देखिएकोले अविछिन्न निरन्तरता नरहेको अवस्था छ ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६. लेखापरीक्षकको राय**

हाम्रो रायमा कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुंदा नं. ४.१ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले जनकपुर चुरोट कारखाना लिमिटेडको २०६६ असार मसान्तको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

**७. अन्य ऐन तथा नियम, कानूनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ को दफा ११५(घ) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ:

**७.१.** लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

**७.२.** पेश भएको वासलात, नाफा नोक्सान हिसाब एवं नगद प्रबाह विवरण कारखानाले राखेको श्रेस्तासंग दूरुस्त रहेको छ ।

**७.३.** कारखानाको हिसाब किताब एवं श्रेस्ता प्रचलित नेपाल कानून बमोजिम राखिएका छन् ।

## जनकपुर चुरोट कारखाना लिमिटेड (२०६६।६७)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न जनकपुर चुरोट कारखाना लिमिटेड को आषाढ ३२, २०६७ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरण सँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीति हरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखा परीक्षण मान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरण सारभूत असर पर्ने व्यवस्था निम्नानुसार छन्:

४.१. **लगानी हिसाब** – कारखानाले विभिन्न ३ कम्पनीमा गत विगत वर्षमा रु.४ करोड ९५ लाख १४ हजारको लगानी गरेको देखिन्छ । तर ती लगानी फिर्ता हुने अवस्था नरहेकोले वासलातले सही आर्थिक अवस्थाको चित्रण गरेको भन्ने स्थिति रहेन ।

४.२. **जिन्सी मौज्दात** – यो वर्ष रु.१० करोड ६५ लाख ९२ हजारको जिन्सी मौज्दात देखिएकोमा भौतिक परीक्षण नगरेकोले कति सामान विक्री भई बांकी रहेको सम्बन्धमा यकिन गर्न सकिएन ।

४.३. **व्यापारिक तथा अन्य प्राप्त रकम** – कारखानाको आसामी हिसाब रु.२ करोड ३६ लाख ४४ हजार र खरिद पेस्की रु.१५ करोड ४४ लाख ३८ हजार रहेकोमध्ये लेखापरीक्षण अवधिसम्म आसामीबाट असुल भएको रकम यकिन नभएको तथा सम्पूर्ण असामीको विवरण नभएकोले आसामीको यथार्थ अवस्थामा यकिन हुन सकेन ।

४.४. **पेस्की तथा धरौटी** – कारखानाको लेखापरीक्षण वर्षमा कर्मचारी पेस्कीप रु.१ करोड ९१ लाख ७ हजार, राहत पेस्की रु.२८ लाख ६२ हजार, धरौटी रु.५ लाख ३७ हजार, अग्रिम भुक्तानी रु.४५ लाख ६२ हजार र सापटी रु.२ करोड ७ लाख ७१ हजार समेत जम्मा रु.४ करोड ७८ लाख ४१ हजार अग्रिम भुक्तानी पेस्की तथा धरौटी रहेको छ । उक्त रकममध्ये लेखापरीक्षण अवधिसम्म आसामीबाट असुल भएको रकम तथा सम्पूर्ण कर्मचारीलाई पे–अफ समेत भइसकेको अवस्थामा ती कर्मचारीबाट लिनुपर्ने रका सम्बन्धमा जानकारी प्राप्त नभएको यकिन हुन सकेन ।

४.५. **वित्तीय विवरण** – कारखानाले नेपाल लेखामानमा उल्लेख भए बमोजिम वित्तीय विवरण तयार गर्नु पर्नेमा इक्वीटीमा भएको परिवर्तन सम्बनधी विवरण तयार गरेको छैन ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापनपत्रमा दर्शाइएको व्यहोराको व्यवस्थापनले सुधार गर्नुपर्दछ ।

**६. लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.५ सम्म औंल्याइएका विषयले वित्तीय विवरण हरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले जनकपुर चुरोट कारखाना लिमिटेड को २०६७ आषाढको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगदप्रवाह को नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

**७. अन्य ऐन तथा नियम, कानुनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ को दफा ११५ (ग) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ :

७.१. लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

७.२. पेश भएको वासलात, नाफा नोक्सान हिसाब एवं नगद प्रवाह विवरण कारखानाले राखेको श्रेस्तासंग दुरुस्त रहेको छ ।

७.३. कारखानाको हिसाब किताब एवं श्रेस्ता प्रचलित नेपाल कानुन र लेखामान बमोजिम राखिएका छैन् ।

## जनकपुर चुरोट कारखाना लिमिटेड (२०६७।६८)

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ जनकपुर चुरोट कारखाना लिमिटेडको २०६८ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रबाह विवरण तथा ईक्विटीमा भएका परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन्।

**३. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ। ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा सहित प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ। हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

**४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरण सारभूत असर पर्ने व्यवस्था निम्नानुसार छन्:

४.१. **लगानी हिसाब** – कारखानाले विभिन्न ३ कम्पनीमा विगतका वर्षमा रु.४ करोड ९५ लाख १४ हजार ५ सयको शेयर लगानी गरेकोमा ती लगानी फिर्ता हुने अवस्था नरहेकोले वासलातले सही आर्थिक अवस्थाको चित्रण गरेको भन्ने स्थिति छैन ।

४.२. **जिन्सी मौज्दात** – यो वर्षमा जिन्सी मौज्दात अन्तर्गत रु.९ करोड ३९ लाख ५० हजारको जिन्सी मौजात देखिएकोमा जिन्सी सामानको भौतिक परीक्षण नगरेकोले विक्री भएको र मौज्दात सम्बन्धमा यकिन गर्न सकिएन ।

४.३. **व्यापारिक तथा अन्य प्राप्त रकम** – कारखानाको आसामी हिसाब रु.६ करोड २ लाख ६१ हजार र खरिद पेस्की रु.१५ करोड २३ लाख ६८ हजार रहेकोमध्ये लेखापरीक्षण अवधिसम्म के कति असुल भएको तथा सम्पूर्ण कर्मचारीलाई पे–अफ भइसकेको अवस्थामा ती कर्मचारीबाट लिनुपर्ने रकम सम्बन्धमा जानकारी प्राप्त नभएकोले यथार्थता यकिन भएन ।

४.४. **पेस्की तथा धरौटी** – कारखानाको कर्मचारी पेस्की रु.२ करोड ७३ लाख ८८ हजार, राहत पेस्कीतर्फ रु. २८ लाख ४७ हजार, धरौटी रु.६ लाख ७९ हजार, अग्रिम भुक्तानी रु.४५ लाख ८० हजार र सापटी रकम रु.६२ लाख ७ हजार समेत जम्मा रु.४ करोड १७ लाख १३ हजार अग्रिम भुक्तानी पेस्की तथा धरौटी रहेको छ । उक्त रकममध्ये लेखापरीक्षण अवधिसम्म आसामीबाट असुल भएको र बांकी रकमको यकिन भएन ।

४.५. **वित्तीय विवरण** – कारखानाले नेपाल लेखामानमा उल्लेख भए बमोजिम वित्तीय विवरण तयार गर्नु पर्नेमा इक्वीटीमा भएको परिवर्तन सम्बनधी विवरण तयार गरेको छैन ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६. लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.५ सम्म औंल्याइएका विषयले वित्तीय विवरण हरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले जनकपुर चुरोट कारखाना लिमिटेड को २०६८ आषाढको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगदप्रवाह को नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

**७. अन्य ऐन तथा नियम, कानुनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ को दफा ११५ (ग) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ :

७.१ लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

७.२ पेश भएको वासलात, नाफा नोक्सान हिसाब एवं नगद प्रवाह विवरण कारखानाले राखेको श्रेस्तासंग दुरुस्त रहेको छ ।

७.३ कारखानाको हिसाब किताब एवं श्रेस्ता प्रचलित नेपाल कानुन र लेखामान बमोजिम राखिएका छैन् ।

## जनकपुर चुरोट कारखाना लिमिटेड (२०६८।६९)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न जनकपुर चुरोट कारखाना लिमिटेड को आषाढ ३२, २०६९ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरण सँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीति हरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखा परीक्षण मान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. कारखानाले उद्देश्य अनुसार कार्य गर्न नसकी संचालनमा नरहेको अवस्थामा मन्त्रिपरिषदको निर्णयले आगामी दिनमा के गर्ने भन्ने स्पष्ट निर्णय नलिएकोले कारखानाको सरकारी स्वामित्वमा रहेको जग्गा, भवन र अन्य सम्पतिहरु प्रभावकारी उपयोग नहुने अवस्था छ ।

४.२. **नेपाल लेखामानको पालना –** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.२.१. नेपाल लेखामान अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मूल्य मध्ये घटी मूल्यमा गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।

४.२.२. नेपाल लेखामान बमोजिम लेखा नीति, लेखा अनुमान र गल्तिहरु सम्बन्धी व्यवस्थाको पालना भएको छैन । जसले गर्दा कारखानाको सम्पति र दायित्व यथार्थ प्रस्तुतीकरण भएको छैन ।

४.२.३. नेपाल लेखामान बमोजिम स्थगन कर को व्यवस्था गरेको छैन ।

४.३. **कम्पनी ऐनको पालना** : यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.३.१. कम्पनी ऐन, २०६३ को धारा १६४ अनुसार रु. ३ करोड वा सो भन्दा बढी चुक्ता पूँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्वमा रहेको कम्पनीले दैनिक कार्यमा उपस्थित नभएको निर्देशकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएता पनि यस कारखानाले सो कानुनी व्यवस्थाको पालना गरेको पाइएन ।

४.३.२. कम्पनी ऐन, २०६३ परिच्छेद २ को दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको शेयरधनी संख्या ७ जना हुनु पर्नेमा ४ शेयरधनी मात्र रहेकालेकानुनको पालना भएको पाइएन ।

४.३.३. कम्पनी ऐन, २०६३ परिच्छेद ५ को दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पुरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा वि स २०५८ देखि बार्षिक साधरण सभा भएको छैन ।

४.४. **लेखा नीति** – कारखानाको लेखा नीतिको सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन् :

४.४.१. कारखानाले प्रोदभावी लेखा सिद्धान्त अपनाए अनुसार जुन आर्थिक वर्षमा खर्च भएको हो सोहि आर्थिक वर्षमा लेखाङ्कन गर्नुपर्नेमा केही शीर्षकमा गत बर्षको खर्च देखाएको छ भने केही शीर्षकमा सम्बन्धित बर्षको खर्च समेत सो बर्षमा लेखाङ्कन गरेको छैन । यसबाट पूर्णरुपले लेखा सिद्धान्तको अनुसरण गरेको देखिएन ।

४.४.२. यो कारखाना लेखापरीक्षण अवधिमा बन्द रहेको र भविष्यमा समेत संचालनको स्थिति नरहेको भएतापनि २०६८/६९ को वित्तीय विवरण ऐतिहासिक मूल्यको मान्यता अनुसार तयार पारेको छ तथा वित्तीय विवरणमा सा् को खुलासा गरेको पाइएन ।

४.५. **शेयर पूँजी र आर्थिक अवस्था** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.५.१. कारखानाको शेयर पूँजी रु. ४ करोड ८ लाख ३७ हजार र रु. ६८ करोड १३ लाख २८ हजार रहेको छ । शेयर पूँजी भन्दा ऋण १६.६८ गुणाले बढी रहेको छ । शेयर पूँजी अनुपातमा ऋण धेरै हुनाले कारखानाको आर्थिक अवस्था स्वस्थ देखिदैन ।

४.५.२. कारखानाको खुद चालु सम्पत्ति रु. १५ करोड ४४ लाख ३७ हजार ऋणात्मक देखिएको छ ।

४.६. **मध्यम र दीर्घकालीन ऋण** – यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.६.१. कारखानाले कर्मचारी उपदान खर्च व्यवस्थाको लागि अर्थ मन्त्रालयबाट प्राप्त ऋण मध्ये रु. २९ करोड २९ लाख ५२ हजार तिर्न बाँकी रहेको छ । वैंक ओभरड्राफ्ट र नेपाल सरकारसँग लिएको ऋणको व्याज खर्च भुक्तनी गरेको छैन र व्याज खर्चको लेखाङ्कन समेत गरेको छैन ।

४.६.२. विभिन्न बैंक तथा वित्तीय संस्थालाई रु.३८ करोड ८३ लाख ७६ हजार ऋण तिर्नुपर्ने देखिन्छ । सो ऋणको सम्झौता वोर्डको निर्णय तथा समर्थन पत्र उपलब्ध गराएको छैन ।

४.७. **उत्पादन** – कम्पनीको वार्षिक उत्पादन तथा विक्री लक्ष्य रु १ अर्व रहेकोमा रु.१५ लाख ७३ हजार लक्ष्यको तुलनामा ०.२ प्रतिशत उत्पादन भएको पाइयो । लक्ष्यभन्दा न्युन प्रगति गरेकोले सम्बन्धित कर्मचारी र व्यवस्थापनलाई जिम्मेवार गराउनु पर्दछ ।

४.८. **लगानी हिसाब** – कारखानाले ३ निकायमा रु. ४ करोड ९५ लाख १५ हजार लगानी गरेको छ । उपरोक्त लगानीको प्रमाणपत्र पेश नहुनुको साथै लगानीबाट कुनै प्रतिफल समेत प्राप्त भएको छैन । उपरोक्त लगानी मध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रकृयाको अन्तिम चरणमा रहेकाले र सो कम्पनीमा लगानीको मूल्य शुन्य हुने देखिएको, बुटवल धागो कारखाना लिमिटेड बन्द तथा खारेजी तर्फ प्रयास भईरहेको तथा सेती चुरोट कारखाना लिमिटेड समेत बन्द रहेको अवस्थामा यी कम्पनीमा भएको लगानी मध्ये शत प्रतिशत नोक्सानको व्यवस्था गर्नुपर्ने भएतापनि कारखानाले सोको नोक्सान व्यवस्था गरेको पाइएन ।

४.९. **आसामी, पेश्की तथा अन्य लिनुपर्ने हिसाब:** यस सम्बन्धि देखिएका व्यहोरा निम्न अनुसार छन्:

४.९.१. आसामीबाट उठाउनुपर्ने रु. ५ करोड २५ लाख ३१ हजार मध्ये कारखानाले बिगतका वर्षहरुमा समान प्राप्त नभएको खराब तथा स्वीकार योग्य नभएका सामान तथा विभिन्न आपूर्तिकर्ताहरुबाट

दाबी गरेको रकमहरु असुल उपर नगरी बर्षौं देखि जिम्मेवारी सादै ल्याएकोमा उक्त रकम असुल गर्न यथासीघ्र कारवाही गर्नुपर्ने देखिन्छ ।

४.९.२. लामो समय देखी असुल नभएको २०६८।६९ सम्म ३९ आसामीहरुको रु.२ करोड ७६ लाख ९८ हजार रहेको छ । उक्त आसामीहरुको आयुगत वर्गीकरण गरेको छैन र समर्थन पत्र पनि लिएको छैन । उक्त रकम असुल उपर गर्ने तर्फ व्यवस्थापनले पहल गरेको पाइएन ।

४.१०. **प्रतित पत्र** – प्रतित पत्र पेश्की रु. १० लाख ३२ हजार मध्ये कारखानाले बिगतका बर्षहरुमा नपुग भएको तथा स्वीकार योग्य नभएका सामानहरुको रकम असुल उपर नगरी बर्षौ देखि जिम्मेवारी सार्दै ल्याएको उक्त रकम असुल गर्ने यथासीघ्र कारबाही गर्नु पर्ने देखिन्छ । आर्थिक वर्ष २०६२।६३ मा खोलेको ४ वटा प्रतितपत्रको यस वर्ष सम्म हिसाब मिलान भएको देखिएन। यस सम्बन्धमा विगत वर्षको लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भए पनि कुनै सुधार भएको छैन ।

४.११. **नगद तथा अन्य मौज्दात** : नगद र अन्य मौज्दातमा क्षेत्रिय वितरण कार्यालयहरु बुटवल, जनकपुर, काठमाडौं र शाखा कार्यालय जयनगरमा देखाएको मार्गस्थ मौज्दात रु.८९ लाख ५६ हजारको विवरण उपलब्ध नभएकोले नगद र बैक मौज्दातको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.१२. **पाउनु पर्ने धरौटी हिसाब** – वर्षान्तमा विभिन्न सरकारी कार्यालय, संस्था वा आपूर्तिकर्तामा राखेको धरौटी रु. ३० लाख २ हजार बाँकी देखिन्छ । कारखाना सञ्चालन नरहेको र भविष्यमा सञ्चालन गर्ने कुनै नीति अवलम्वन नगरेको अवस्थामा उक्त धरौटी रकम फिर्ता गर्नुपर्ने वा आम्दानी लेखाङ्कन गर्नुपर्ने देखिन्छ ।

४.१३. **व्यवस्था तथा अन्य दायित्व** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१३.१. कारखानाले २०६७।६८ देखि आयकर व्यवस्था गरेको रु.१ करोड २३ लाख ९२ हजार हालसम्म भुक्तानी गरेको देखिएन । चालु दायित्व अन्तर्गत देखाएको लाभांश व्यवस्था रु.५५ लाख बिगतदेखि जिम्मेवारी सार्दै ल्याइएको र सो रकम यस वर्षसमेत वितरण गरेको छैन । त्यस्तै कम्पनीले लेखापरीक्षण शुल्कको खर्च समेत व्यवस्था गरेको छैन ।

४.१४. **साहू हिसाब** – साहू तिर्न बाँकीको देखाएको रु १९ करोड ६० लाख ६ हजार विवरणको आयुगत वर्गीकरण नगरेएको कारणले उक्त रकमको समयावधि बारे यकिन गर्न सकिएन । यो वर्ष सम्म पहिले देखि नै जिम्मेवारी सर्दै आएको विभिन्न ३५ साहुको रु.१६ करोड २७ लाख २६ हजार सम्बन्धमा छानबिन गरी आवश्यक कारवाही गरी लेखाङ्कन तर्फ पहल गर्नु पर्ने देखिन्छ । उक्त साहू बाँकीको समर्थन लिने गरेको पाइएन । साहूहरु संग कारोबार गर्दा क्रेडिट मौज्दात रहन गएको अवस्थामा आसामी नदेखाई साहू संग खुद रकम देखाएको लेखाको सिद्धान्त देखिएन ।

४.१५. **लेखाङ्कन नभएको** – भारतको दुई आपुर्तिकर्ताबाट ५ बर्ष अघि खरिद गरेको ३४.३ टन सुर्तीको रु. ८१ लाख १२ हजार मुल्यको सुर्ति खरिदको लेखाङ्कन भएको छैन । कारखानाले उत्पादन गर्न बन्द गरी मजदुर तथा कर्मचारीहरुलाई अवकाश दिईसकेको अवस्थामा ५ वर्ष भन्दा पुरानो कच्चा पदार्थ भन्सार र अन्य खर्च समेतको व्ययभारमा आयत गरी लेखाङ्कन गर्दा कम्पनीलाई नोक्सान पुगेको देखिन्छ । आपुर्तिकर्तासंग भएको सम्झौतामा भुक्तानी ढीला गरे व्याज समेत व्यहोर्नु पर्ने उल्लेख छ । तसर्थ कम्पनीको व्यवस्थापनले यसे सम्बन्धमा कारवाही गर्नुपर्ने देखिन्छ ।

४.१६. **प्रशासनिक खर्च** – कारखाना संचालन नभएको अवस्थामा समेत रु.५ करोड ८८ लाख ८६ हजार प्रशासनिक खर्च भएको देखिन्छ । यस्तो खर्च नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.१७. **मार्गस्थ मौजात** – विगत लामो समयदेखिरु.८९ लाख ५६ हजार मार्गस्थ देखिएको छ । उत्पादन तथा विक्री बन्द भएको अवस्थामो सम्बन्धितलाई जिम्मेवार बनाई आवश्यक समायोजन गर्नुपर्दछ ।

४.१८. **प्रतिवेदन कार्यान्वयन –** विगत वर्षका लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख भएको कैफियतहरुमा सुधार भएको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोराको व्यवस्थापनले सुधार गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.१८ सम्म औंल्याइएका विषयले वित्तीय विवरण हरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले जनकपुर चुरोट कारखाना लिमिटेड को २०६९ आषाढको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगदप्रवाह को नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. **अन्य ऐन तथा नियम, कानुनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ को दफा ११५ (ग) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ :

७.१. लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

७.२. पेश भएको वासलात, नाफा नोक्सान हिसाब एवं नगद प्रवाह विवरण कारखानाले राखेको श्रेस्तासंग दुरुस्त रहेको छ ।

७.३. कारखानाको हिसाब किताब एवं श्रेस्ता प्रचलित नेपाल कानुन र लेखामान बमोजिम राखिएको छैन् ।

## जनकपुर चुरोट कारखाना लिमिटेड (२०६९।७०)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न जनकपुर चुरोट कारखाना लिमिटेडको आषाढ ३२, २०७० को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरण सँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीति हरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखा परीक्षण मान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **सम्पत्तीको उपयोग –** कारखानाले उद्देश्य अनुसार कार्य गर्न नसकी संचालनमा नरहेको र आगामी दिनमा सञ्चालन गर्ने सम्बन्धमा निर्णय नलिएकोले कारखानाको सरकारी स्वामित्वमा रहेको जग्गा, भवन र अन्य सम्पतिहरु प्रभावकारी उपयोग नहुने अवस्था छ ।

४.२. **नेपाल लेखामानको पालना –** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.२.१. नेपाल लेखामान अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मूल्य मध्ये कममा गर्नु पर्नेमा सो अनुसार गरेको छैन । लेखा नीति, लेखा अनुमान र गल्तिहरु सम्बन्धी व्यवस्थाको पालना भएको छैन । जसले गर्दा कारखानाको सम्पति र दायित्व यथार्थ रुपमा प्रस्तुतीकरण भएको छैन र स्थगन करको व्यवस्था गरेको छैन ।

४.३. **कम्पनी ऐनको पालना :** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.३.१. कम्पनी ऐन, २०६३ को धारा १६४ अनुसार रु. ३ करोड वा सो भन्दा बढी चुक्ता पूँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्वमा रहेको कम्पनीले दैनिक कार्यमा उपस्थित नभएको निर्देशकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गर्नुपर्ने प्रष्ट व्यवस्था भएता पनि यस कारखानाले सो कानुनी व्यवस्थाको पालना गरेको पाइएन ।

४.३.२. कम्पनी ऐन, २०६३ परिच्छेद २ को दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको शेयरधनी संख्या ७ हुनु पर्नेमा ४ शेयरधनी मात्र रहेकोले कानुनको पालना भएको पाइएन ।

४.३.३. कम्पनी ऐन, २०६३ परिच्छेद ५ को दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पुरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा वि स २०५८ देखि बार्षिक साधरण सभा भएको छैन ।

४.४. **लेखा नीति –** कारखानाको लेखा नीतिको सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन् :

४.४.१. कारखानाले प्रोदभावी लेखा सिद्धान्त अपनाए अनुसार जुन आर्थिक वर्षमा खर्च भएको हो सोहि आर्थिक वर्षमा लेखाङ्कन गर्नुपर्नेमा केही शीर्षकमा गत बर्षको खर्च देखाएको छ भने केही शीर्षकमा सम्बन्धित बर्षको खर्च समेत सो बर्षमा लेखाङ्कन गरेको छैन । यसबाट पूर्णरुपले लेखा सिद्धान्तको अनुसरण गरेको देखिएन ।

४.४.२. यो कारखाना लेखापरीक्षण अवधिमा बन्द रहेको र भविष्यमा समेत संचालनको स्थिति नरहेको भएतापनि २०६८/६९ को वित्तीय विवरण ऐतिहासिक मूल्यको मान्यता अनुसार तयार पारेको छ तथा वित्तीय विवरणमा सा् को खुलासा गरेको पाइएन ।

४.५. **शेयर पूँजी र आर्थिक अवस्था** – कारखानाको शेयर पूँजी रु. ४ करोड ८ लाख ३७ हजार र ऋण रु. ७९ करोड २८ लाख ९८ हजार रहेको छ । शेयर पूँजी भन्दा ऋण १९.४१ गुणाले बढी रहेको छ । शेयर पूँजी अनुपातमा ऋण धेरै हुनाले कारखानाको आर्थिक अवस्था नाजुक रहेको देखिन्छ ।

४.६. **मध्यम र दीर्घकालीन ऋण –** यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

४.६.१. कर्मचारी उपदान खर्च व्यवस्था भुक्तानीको लागि अर्थ मन्त्रालयबाट प्राप्त ऋण मध्ये रु. ४४ करोड ५४ लाख १८ हजार तिर्न बाँकी रहेको छ । बैंक ओभरड्राफ्ट र नेपाल सरकारसंग लिएको ऋणको व्याज खर्च भुक्तानी नगरेको र व्याज खर्चको लेखाङ्कन समेत गरेको छैन ।

४.६.२. कारखानाले विभिन्न बैंक तथा वित्तीय संस्था बाट प्राप्त ऋण रु.३४ करोड ७४ लाख ८१ हजार तिर्नुपर्ने देखिन्छ । सो ऋणको सम्झौता बोर्डको निर्णय तथा समर्थन पत्र उपलब्ध भएन ।

४.७. **लगानी हिसाब** – कारखानाले ३ वटा निकायमा रु. ४ करोड ९५ लाख १५ हजार लगानी गरेको छ । उपरोक्त लगानीको प्रमाणपत्र लेखापरीक्षणमा पेश नहुनुको साथै लगानीबाट कुनै प्रतिफल

समेत प्राप्त भएको छैन । उपरोक्त लगानी मध्ये सुर्ती विकाश कम्पनी लिमिटेड खारेजी प्रकृयाको अन्तिम चरणमा रहेकोले सो कम्पनीमा लगानीको मूल्य शुन्य हुने देखिएको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको तथा खारेजी तर्फ प्रयास भईरहेको तथा सेती चुरोट कारखाना लिमिटेड समेत बन्द रहेको अवस्थामा यी कम्पनीमा भएको लगानी मध्ये शत प्रतिशत नोक्सानको व्यवस्था गर्नुपर्ने भएतापनि कारखानाले सोको नोक्सान व्यवस्था गरेको पाइएन ।

४.८. **आसामी, पेश्की तथा अन्य लिनुपर्ने हिसाब:** यस सम्बन्धि देखिएका व्यहोरा निम्न अनुसार छन्:

४.८.१. आसामी बाट उठाउनुपर्ने रु. १ करोड ६ लाख ८४ हजार मध्ये कारखानाले बिगतका वर्षहरुमा समान प्राप्त नभएको, खराब समान र स्वीकारयोग्य नभएको सामान तथा विभिन्न आपूर्तिकर्ताहरुसंग दाबी गरेको रकमहरु असुल उपर नगरी बर्षौ देखि जिम्मेवारी सार्दै ल्याएकोमा उक्त रकम असुल गर्न कारवाही गर्नुपर्ने देखिन्छ ।

४.८.२. लामो समय देखी असुल नभएको हालसम्म विभिन्न ३५ आसामीको रु.२ करोड ७२ लाख ९३ हजार रहेको छ । उक्त आसामीको आयुगत वर्गीकरण गरेको छैन र समर्थन पत्र पनि लिएको छैन । उक्त रकम असुल उपर गर्ने तर्फ व्यवस्थापनले पहल गरेको पाइएन ।

४.९. **प्रतित पत्र** – प्रतित पत्र पेश्की रु. १० लाख ३२ हजार मध्ये कारखानाले बिगतका बर्षहरुमा नपुग भएको तथा स्वीकारयोग्य नभएको सामानहरुको रकम असुल उपर नगरी बर्षौ देखि जिम्मेवारी सार्दै ल्याएको उक्त रकम असुल गर्ने यथासीघ्र कारबाही गर्नु पर्ने देखिन्छ । आर्थिक वर्ष २०६२।६३ मा खोलेको उक्त ४ वटा प्रतित पत्रको यस आर्थिक वर्ष सम्म हिसाब मिलान भएको देखिएन र सो कुरा विगत वर्षको लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भए पनि कुनै सुधार भएको छैन ।

४.१०. **नगद तथा अन्य मौज्दात :** नगद र अन्य मौज्दातमा क्षेत्रिय वितरण कार्यालयहरु बुटवल, जनकपुर, काठमाडौं र शाखा कार्यालय जयनगरमा देखाएको मार्गस्थ मौज्दात रु. करोड १० लाख ३९ हजार को विवरण उपलब्ध नभएकोले नगद र बैक मौज्दातले यथार्थ चित्रण गरेको छैन ।

४.११. **कर्मचारी पेश्की**: वित्तीय विवरण अनुसार कर्मचारी पेश्कीका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ ।

४.११.१. पूर्व संचालक तथा कर्मचारीहरुले लिएको पेश्की बर्षौ देखि फछ्र्यौट तथा मिलान हुन सकेको छैन । उक्त रकमको आयुगत वर्गीकरण समेत गरेको छैन ।

४.११.२. विगतका लेखापरीक्षण प्रतिवेदनमा पनि फछ्र्यौट गर्नु पर्ने व्यहोरा औंल्याएकोमा हालसम्म स्थिति यथावत देखिन्छ ।

४.११.३. हालसम्म केन्द्रीय कार्यालय र शाखा कार्यलय अन्तर्गत कर्मचारीहरुको पेश्की जम्मा रकम रु.२ करोड ३७ लाख ३७ हजार रहेको छ । अत: उक्त बांकि पेश्की रकम कारखानाको आर्थिक प्रशासन नियमावली अनुसार फछ्र्यौट गर्नु ,गराउनु पर्ने देखिन्छ ।

४.१२. **पाउनु पर्ने धरौटी हिसाब** – वर्षान्तमा विभिन्न सरकारी कार्यालय, संस्था वा आपूर्तिकर्तामा राखेको धरौटी रु. १६ लाख ५६ हजार बाँकी देखिन्छ । कारखाना सन्चालन नरहेको र भविष्यमा संचालन गर्ने कुनै नीति अवलम्वन नगरेको अवस्थामा उक्त धरौटी रकम फिर्ता गर्नुपर्ने वा आम्दानी लेखाङ्कन गर्नुपर्ने देखिन्छ ।

४.१३. **व्यवस्था तथा अन्य दायित्वहरु** – यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

४.१३.१. आयकर व्यवस्था गरेको रु.१ करोड २३ लाख ९२ हजार हाल सम्म पनि भुक्तानी गरेको देखिएन । भुक्तानी हुन नसक्नुको कारण यकिन गरि समायोजन गर्नु पर्ने देखिन्छ ।

४.१३.२. कारखानाले चालु दायित्व अन्तर्गत देखाईएको लाभांश व्यवस्था रु.५५ लाख बिगतका बर्षहरु देखि जिम्मेवारी सार्दै ल्याएको र सो रकम हालसम्म वितरण गरेको छैन ।

४.१३.३. कारखानाले लेखापरीक्षण शूल्कको पनि व्यवस्था गरेको छैन ।

४.१४. **साहू हिसाब** – साहू तिर्न बाँकी रु.१९ करोड ३३ लाख ९३ हजारका कारखानाले आयुगत वर्गीकरण गरेको छैन । हालसम्म पहिले देखि नै जिम्मेवारी सर्दै आएको विभिन्न ३२ साहुहरुको रु. १ करोड ६२ लाख ७६ हजार सम्बन्धमा छानबिन गरी आवश्यक कारवाही गरी लेखाङ्कन तर्फ

पहल गर्नु पर्ने देखिन्छ । उक्त साहू बाँकीको समर्थन लिने गरेको पाइएन । साहूहरु संग कारोबार गर्दा क्रेडिट मौज्दात रहन गएको अवस्थामा आसामी नदेखाई साहूसंग खुद रकम देखाउने गरेको लेखाको सिद्धान्त अनुसार मिल्ने देखिदैन ।

४.१५. **लेखाङ्कन नभएको** – भारतको दुई आपुर्तिकर्ताबाट ५ बर्ष अघि खरिद गरेको ३४.३ टन सुर्तीको रु. ८१ लाख १२ हजार मुल्यको सुर्ति खरिदको लेखाङ्कन भएको छैन । कारखानाले उत्पादन गर्न बन्द गरी मजदुर तथा कर्मचारीहरुलाई अवकाश दिईसकेको अवस्थामा ५ वर्ष भन्दा पुरानो कच्चा पदार्थ भन्सार र अन्य खर्च समेतको व्ययभारमा आयत गरी लेखाङ्कन गर्दा कम्पनीलाई नोक्सान पुगेको देखिन्छ । आपुर्तिकर्तासंग भएको सम्झौतामा भुक्तानी ढीला गरे व्याज समेत व्यहोर्नु पर्ने उल्लेख छ । तसर्थ कम्पनीको व्यवस्थापनले यसे सम्बन्धमा कारवाही गर्नुपर्ने देखिन्छ ।

४.१६. **प्रशासनिक खर्च** – कारखाना संचालन नभएको अवस्थामा समेत रु.२३ करोड १६ लाख ५० हजार प्रशासनिक खर्च भएको देखिन्छ । नेपाल सरकार र कारखानाका महाप्रबन्धकले यस्तो खर्च नियन्त्रण तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.१७. **ट्रान्जिट मौज्दात** – विगत लामो समयदेखि चेक ट्रान्जिट रु.२ लाख ५ हजार र अन्य शाखाबाट चेक ट्रान्जिट रु.१ करोड ८ लाख ३५ हजार गरी जम्मा रु.१ करोड १० लाख ३९ हजार ट्रान्जिट देखिएको छ । उत्पादन तथा विक्री बन्द भएको अवस्थामा उक्त रकम ट्रान्जिट देखाउनु उपयुक्त देखिएन । अतः के र कुन कारणले चेक ट्रान्जिटमा देखाएको हो सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.१८. **व्ययभार :** आर्थिक प्रशासन शाखाको कर्मचारीले आर्थिक प्रशासन शाखाकै कार्य गर्न लाई बढी समय भत्ता सम्बन्धित कर्मचारीको खातामा क्रेडिट गरिएको रु.११ लाख ५ हजार उपयुक्त देखिएन । आर्थिक प्रशासन शाखाको जिम्मेवारीमा रहेको कार्य कार्यलय समयमै सम्पन्न नगरी थप समय भता लिनु नियम सम्मत देखिएन । उक्त खर्च बढी समय भत्ता स्विकृत गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.१९. **जरिवाना** – कारखानाले समयमा विजुली बिल भुक्तानी नगर्दा श्रावण महिनामा कुल बिलको १० प्रतिशत र असोज र कार्तिक महिनामा कुल बीलको २५ प्रतिशत गरी जम्मा रु.१ लाख ३३ हजार जरिवाना तिरेको छ । समयमा भुक्तानी नगर्नाले कारखानालाई अतिरिक्त व्यय भार पर्न गएको देखिन्छ । अतः समयमा भुक्तानी नगर्ने कर्मचारी तथा व्यवस्थानलाई जिम्मेवार बनाउनु पर्दछ ।

## ५. व्यवस्थापन पत्र

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोराको व्यवस्थापनले सुधार गर्नुपर्दछ ।

## ६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.१९ सम्म औंल्याइएका विषयले वित्तीय विवरण हरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले जनकपुर चुरोट कारखाना लिमिटेडको २०७० आषाढको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगदप्रवाह को नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## ७. अन्य ऐन तथा नियम, कानुनको पालना उपर प्रतिवेदन

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ को दफा ११५ (ग) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ :

७.१. लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

७.२. पेश भएको वासलात, नाफा नोक्सान हिसाब एवं नगद प्रवाह विवरण कारखानाले राखेको श्रेस्तासंग दुरुस्त रहेको छ ।

७.३. कारखानाको हिसाब किताब एवं श्रेस्ता प्रचलित नेपाल कानुन र लेखामान बमोजिम राखिएको छैन् ।

# जनकपुर चुरोट कारखाना लिमिटेड (२०७०।७१)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न जनकपुर चुरोट कारखाना लिमिटेडको आषाढ ३२, २०७१ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौँ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरण सँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीति हरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखा परीक्षण मान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **सम्पत्तिको उपयोग –** कारखानाले उद्देश्य अनुसार कार्य गर्न नसकी संचालनमा नरहेको अवस्थामा मन्त्रिपरिषदको निर्णयले आगामी दिनमा गर्नुपर्ने कार्ययोजना स्पष्ट नगरेकोले कारखानाको सरकारी स्वामित्वमा रहेको जग्गा, भवन र अन्य सम्पत्तिहरु प्रभावकारी उपयोग नहुने अवस्था छ ।

४.२. **नेपाल लेखामानको पालना –** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.२.१. नेपाल लेखामान – २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मूल्य मध्ये कममा गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।

४.२.२. नेपाल लेखामान – ४ बमोजिम लेखा नीति,लेखा अनुमान र गल्तिहरु सम्बन्धी व्यवस्थाको पालना भएको छैन । जसले गर्दा कारखानाको सम्पत्ति र दायित्व यथार्थ रुपमा प्रस्तुतीकरण भएको छैन ।

४.२.३. नेपाल लेखामान – ९ बमोजिम स्थगन करको व्यवस्था गरेको छैन ।

४.३. **कम्पनी ऐनको पालना –** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

४.३.१. कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसार रु. ३ करोड वा सो भन्दा बढी चुक्ता पूँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्वमा रहेको कम्पनीले दैनिक कार्यमा उपस्थित नभएको निर्देशकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएता पनि सो कानुनी व्यवस्थाको पालना गरेको पाइएन ।

४.३.२. कम्पनी ऐन, २०६३ को दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको शेयरधनी संख्या ७ जना हुनु पर्नेमा सो अनुसार भएको पाइएन । कम्पनीबाट प्राप्त विवरण अनुसार ४ शेयरधनी मात्र रहेको पाइयो ।

४.३.३. कम्पनी ऐन, २०६३ को दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा २०५८ पश्चात बार्षिक साधरण सभा भएको छैन ।

४.४. **लेखा नीति –** कारखानाको लेखा नीतिको सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन् :

४.४.१. कारखानाले प्रोदभावी लेखा सिद्धान्त अपनाए अनुसार जुन आर्थिक वर्षमा खर्च भएको हो सोही आर्थिक वर्षमा लेखाङ्कन गर्नुपर्नेमा केही शीर्षक अन्तर्गत गत बर्षको खर्च देखाएको छ भने केही शीर्षकमा सम्बन्धित बर्षको खर्च समेत सो बर्षमा देखाएको छैन । यसबाट पूर्णरुपले लेखा सिद्धान्त अनुसरण गरेको देखिएन ।

४.४.२. कारखाना लेखापरीक्षण अवधिमा बन्द रहेको र भविष्यमा समेत संचालनको स्थिति नरहेको भएतापनि २०७०/७१ को वित्तीय विवरण ऐतिहासिक मूल्यको मान्यता अनुसार तयार पारिएको छ । नेपाल लेखामान १ अनुसार सो सम्बन्धी कुराको विस्तृत विवरणको घोषणा व्यवस्थापनको तर्फबाट वित्तीय विवरणमा गरेको पाइएन ।

४.५. **शेयर पूँजी र आर्थिक अवस्था** – कारखानाको शेयर पूँजी रु. ४ करोड ८ हजार र ऋण रकम रु. २ अर्ब ५१ करोड ६१ लाख रहेको छ । शेयर पूँजी भन्दा ऋण करिब ६१.६१ गुणले बढी रहेको छ । शेयर पूँजी अनुपातमा ऋण धेरै हुनाले कारखानाको आर्थिक अवस्था नाजुक भएको संकेत गर्दछ ।

४.६. **मध्यम र दीर्घकालीन ऋण:** यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:–

४.६.१. कारखानाले २०६९।७० मा कर्मचारी उपदान खर्च व्यवस्था भुक्तानीको लागि अर्थ मन्त्रालय मार्फत नेपाल सरकारबाट प्राप्त ऋण मध्ये रु. २ अर्ब १६ करोड ८६ लाख तिर्न बाँकी रहेको छ ।

४.६.२. वैंक ओभरड्राफ्ट र नेपाल सरकारसँग लिएको ऋणको व्याज खर्च भुक्तनी गरेको छैन र व्याज खर्चको लेखाङ्कन समेत गरेको छैन ।

४.६.३. कारखानाले विभिन्न बैंक तथा वित्तीय संस्था बाट प्राप्त ऋण मध्ये २०७०।७१ को अन्त्यमा रु. ३४ करोड ७५ लाख तिर्नुपर्ने देखिन्छ तथा सो ऋणको सम्झौता पत्र तथा समर्थन उपलब्ध भएन ।

४.६.४. बैंक ओभरड्राफट लिनुपर्ने कारण, बैंकसंगको दररेट सहितको सम्झौताका साथै वोर्डको निर्णय पेश नगरी रु ३४ करोड ७५ लाख ओभरड्राफट लिएको छ ।

४.७. **लगानी हिसाब** – कारखानाले ३ निकायमा रु.४ करोड ९५ लाख १५ हजार लागानी गरेको छ । उपरोक्त लगानीको प्रमाणपत्र लेखापरीक्षणमा पेश नभएको साथै लगानीबाट कुनै प्रतिफल समेत प्राप्त भएको छैन । उपरोक्त लगानी मध्ये सुर्ती विकाश कम्पनी लिमिटेड खारेजी प्रकृयाको अन्तिम चरणमा रहेको र सो कम्पनीमा लगानीको मूल्य शून्य हुने देखिएको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको तथा सो को समेत खारेजी तर्फ प्रयास भईरहेको तथा सेती सिगरेट कारखाना लिमिटेड समेत बन्द रहेको अवस्थामा यी

कम्पनीमा भएको लगानी मध्ये शत प्रतिशत नोक्सानको व्यवस्था गर्नुपर्ने भएतापनि कारखानाले सोको नोक्सान व्यवस्था गरेको पाइएन ।

४.८. **आसामी, पेश्की तथा अन्य लिनुपर्ने हिसाब** : यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.८.१. आसामी बाट उठाउनुपर्ने रु. १ करोड ७लाख मध्ये कारखानाले बिगतका वर्षहरुमा सामान प्राप्त नभएको र नपुग भएको खराब सामान, रिजेक्ट भएको सामान तथा विभिन्न आपूर्तिकर्तासंग दाबी गरेको रकम असुल उपर नगरी बर्षौ देखि जिम्मेवारी सादै ल्याएकोमा उक्त रकम असुल गर्न यथाशिघ्र कारवाही गर्नुपर्ने देखिन्छ ।

४.८.२. लामो समय देखि असुल नभएको २०७०।७१ सम्म १५ आसामीहरुको रु. ४८ लाख ६४ हजार रहेको छ । उक्त आसामीहरुको आयुगत वर्गीकरण गरिएको छैन र समर्थन पत्र पनि लिएको छैन । उक्त रकम असुल उपर गर्ने तर्फ व्यवस्थापनले पहल गरेको पनि पाइएन ।

४.९. **प्रतित पत्र –** प्रतित पत्र पेश्की रु. १० लाख ३२हजार मध्ये कारखानाले बिगतका बर्षहरुमा नपुग भएको खराब सामान, रिजेक्ट भएको सामानहरुको रकम असुल उपर नगरी बर्षौ देखि जिम्मेवारी सार्दै ल्याएकोले उक्त रकम असुल गर्न कारबाही गर्नु पर्ने देखिन्छ । २०६२।६३ मा खोलेको रु १० लाख ३२ हजार प्रतितपत्रको यस आर्थिक वर्ष सम्म हिसाब मिलान नभएको व्यहोरा विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए पनि यो वर्ष पनि स्थिति यथावत छ ।

४.१०. **नगद तथा अन्य मौज्दात –** नगद र अन्य मौज्दात अन्तर्गत ट्रान्जिट मौज्दात अन्तर्गत क्षे. वि.का. बुटवल, क्षे.वि.का. जनकपुर, क्षे.वि.का. काठमाडौं र शाखा कार्यालय जयनगरमा देखाईएको रकम रु. १ करोड ११ लाखको विवरण उपलब्ध नभएकोले नगद र बैक मौज्दातको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.११. **म्याद नाघेको पेश्की –** मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयबाट कर्मचारीलाई अवकाश दिइएको पाइयो । व्यवस्थापनबाट पेश्की बापतको रकम कट्टा गरी अन्तिम भूक्तानी गरिएको भनिएता पनि २०७०।७१ को वित्तीय विवरणमा रु.१ करोड ५८ लाखको कर्मचारी पेश्की देखिएको छ । उक्त रकममा मन्त्रिपरिषद्को निर्णयबाट अवकाश पाउने केही कर्मचारीहरुको पेश्की रहेको र अधिकांस रकम पुरानो कर्मचारी र सञ्चालकको रहेको वित्तीय विवरणको उपअनुसुची १०.१ मा रहेको छ । उक्त रकम नियम अनुसार कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

४.१२. **पाउनु पर्ने धरौटी हिसाब –** वर्षान्तमा विभिन्न सरकारी कार्यालय, संस्था वा आपूर्तिकर्तामा राखेको धरौटी रु. ५ लाख १५ हजार बाँकी देखिन्छ । कारखाना सञ्चालनमा नरहेको र भविष्यमा सञ्चालन गर्ने कुनै नीति अवलम्वन नगरेको अवस्थामा उक्त धरौटी रकम फिर्ता गर्नुपर्ने वा आम्दानी लेखाकंन गर्नुपर्ने देखिन्छ ।

४.१३. **व्यवस्था तथा अन्य दायित्वहरु –** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:–

४.१३.१. आयकर व्यवस्थामा २०६७।६८ देखि रहेको रु.१ करोड २३ लाख ९२ हजार यस आर्थिक वर्ष सम्म भुक्तानी गरेको देखिएन । कारखानाले चालु दायित्व अन्तर्गत देखाईएको लाभांश व्यवस्था रु.५५ लाख बिगतका बर्षहरुदेखि जिम्मेवारी सार्दै ल्याइएको र सो रकम हालसम्म वितरण नगरेको हुँदा समायोजन गर्नु पर्ने देखिन्छ ।

४.१३.२. कम्पनीले लेखापरीक्षण गरे वापत लाग्ने लेखापरीक्षण शुल्कको व्यवस्था गरेको छैन ।

४.१४. **साहु हिसाब –** यस शीर्षकमा देखाएको रु. १४ करोड ७५ लाख १५ हजार सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ ।

४.१४.१. साहु तिर्न बाँकीको विवरणको आयुगत वर्गीकरण नगरिएको कारणले उक्त रकमको समयावधि बारे यकिन गर्न सकिएन ।

४.१४.२. पहिले देखि नै जिम्मेवारी सर्दै आएको विभिन्न २६ साहुको २०७०।७१ सम्म रु. ३४ लाख ५९ हजार सम्बन्धमा छानबिन गरी आवश्यक कारवाही गरी लेखाङ्कन गर्नु पर्ने देखिन्छ । उक्त साहु बाँकीको समर्थन लिने गरेको पाइएन । साहुहरुसंग कारोबार गर्दा डेविट मौज्दात रहन गएको अवस्थामा आसामी नदेखाई साहु संगखुद गरी देखाएकोले लेखा सिद्धान्तको पालना भएन ।

४.१५. **लेखाङ्कन नभएको** – भारतको दुई आपूर्तिकर्ताबाट ५ बर्ष अघि खरिद गरिएको ३४.३ टन परिमाणको रु. ८१ लाख १२ हजार मूल्यको सुर्ति खरिदको लेखाङ्कन भएको छैन । कारखानाले उत्पादन गर्न बन्द गरी मजदुर तथा कर्मचारीलाई अवकाश दिईसकेको अवस्थामा ५ वर्ष भन्दा पुरानो कच्चा पदार्थ भन्सार र अन्य खर्च समेतको व्ययभारमा आयत गरी लेखाङ्कन गर्दा कम्पनी लाई नोक्सान पुगेको देखिन्छ । आपूर्तिकर्तासंगको सम्झौतामा भूक्तानी ढीला गरे व्याज समेत व्यहोर्नु पर्ने उल्लेख छ । तसर्थ कम्पनीको व्यवस्थापनले कम्पनीलाई हित हुने गरी यथाशीघ्र आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

४.१६. **ट्रान्जिट मौज्दात** : कारखानाको विगत लामो समयदेखि चेक ट्रान्जिट रु.२ लाख ५ हजार र अन्य शाखाबाट चेक ट्रान्जिट रु.१ करोड ८ लाख ५५ हजार गरी रु.१ करोड १० लाख ६० हजार विगत वर्ष देखिको ट्रान्जिट देखिएको छ । उत्पादन तथा विक्री नभएको अवस्थामा उक्त रकम ट्रान्जिट देखाउंनु उपयुक्त देखिएन । यस सम्बन्धमा आवश्यक कारवाही गरी टुङ्गो लगाउनु पर्दछ ।

४.१७. **जरिवाना** – कारखानाले समयमा विजुली बिल भुक्तानी नगर्दा २०६९ माघ देखि २०७१ जेष्ठ सम्म बील रु.६९ लाख ६५ हजार मा २५ प्रतिशत जरिवाना रु.१७ लाख ४१ हजार तिरेको छ । समयमा महशुल भुक्तानी नगर्नाले कारखानालाई अतिरिक्त व्यय भार पर्न गएको देखिन्छ । उक्त थप व्ययभार पार्ने कर्मचारी व्यवस्थापकलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.१८. **घरभाडा** – व्यवसायिक आम्दानी तर्फ २०७०।७१ मा घरभाडा बापत रु ११ लाख ५४ हजार आम्दानीमा लेखाङ्कन गरेको छ । सो घरभाडा सम्बन्धी करारनामा लेखापरीक्षणको क्रममा पेश भएन ।

४.१९. **व्यवसायिक खर्च** – कारखाना २०६७ फाल्गुनदेखि पूर्णरुपमा उत्पादन बन्द भैसकेको अवस्थामा व्यवसायिक खर्च बापत रु.१६ लाख ५० हजार खर्चको औचित्य पुष्टि भएन ।

४.२०. **प्रतिवेदन कार्यान्वयन** – विगत वर्षका लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख भएको कैफियतहरुमा सुधार भएको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोराको व्यवस्थापनले सुधार गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.२० सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले जनकपुर चुरोट कारखाना लिमिटेडको २०७१ आषाढको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगदप्रवाह को नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. **अन्य ऐन तथा नियम, कानुनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ को दफा ११५ (ग) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ :

७.१. लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

७.२. पेश भएको वासलात, नाफा नोक्सान हिसाब एवं नगद प्रवाह विवरण कारखानाले राखेको श्रेस्तासंग दुरुस्त रहेको छ ।

७.३. कारखानाको हिसाब किताब एवं श्रेस्ता प्रचलित नेपाल कानुन र लेखामान बमोजिम राखिएको छैन् ।

## Tanahu Hydropower Limited (2072/73)

1. **Report on Annual Financial Statements**

We have audited the accompanying Statement of Financial Position of Tanahu Hydropower Limited as of 31st Ashadh, 2073 (15th July, 2016), the related Statement of Comprehensive Income, Statement of Cash Flows and Statement of Changes in Equity for the year then ended and a summary of significant accounting policies and other explanatory notes forming part of the financial statements.

*2.* **Management's Responsibility for the Financial Statements.**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards and for such internal control systems as management determines necessary to enable the preparation of financial statements that are free from material misstatements, whether due to fraud or error.

3. **Auditors' Responsibility**

Our responsibility is to express our opinion on these financial statements based on our audit. We conducted our audit in accordance with the Nepal Standards on Auditing (NSA) and Relevant practices wherever applicable, and the audit guidelines issued by the Office of the Auditor General of Nepal. Those standards or relevant practices require that we plan and perform the audit to obtain reasonable assurance about whether the Financial Statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of financial statements, whether due to fraud or error. In making those risk assessment, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the Financial Statements in order to design audit procedures that are appropriate in the circumstances, But not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe the audit evidence that we obtained is sufficient and appropriate to provide a basis for our unqualified audit opinion.

4. **Management Letter**

Management should take necessary action to improve issues raised in management letter.

5. **Auditor's opinion**

In our opinion, the financial statements give a true and fair view of the financial position of Tanahu Hydropower Limited as of 31st Ashadh, 2073 (15th July, 2016) and its financial performance, its cash flows and changes in the equity for the year then ended in accordance with Nepal Accounting Standards, relevant practices and prevailing laws.

6. **Reporting as per provision of Company Act, 2063**

In the course of audit we also report that:

(a) All information and explanations have been made available as were required for the completion of audit;

(b) The books of account as required by this Act have been properly maintained by the company in a manner to reflect the real affairs of its business;

(c) The balance sheet, profit and loss account and cash flow statements received have been prepared in compliance with the accounting standards prescribed under the prevailing law and whether such statements are in agreement with the books of account maintained by the company;

(d) In the opinion of the auditor, based on the explanations and information made available in the course of auditing, the present balance sheet properly reflects the financial situation of the company, and the profit and loss account and cash flow statement for the year ended on the same date properly reflect the profit and loss, cash flow of the company, respectively;

(e) The board of directors or any representative or any employee has not acted contrary to law or misappropriated any property of the company or caused any loss or damage to the company;

(f) Accounting fraud has not been committed in the company.

## तारा गाउँ विकास समिति (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले तारा गाउँ विकास समितिको यसैसाथ सम्लग्न २०७२ आषाढ मसान्तको वासलात सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप वित्तीय विवरण तयारी गर्ने एबम उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार सहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण सकलन गर्ने, प्रमाणको पूर्ण वा आँशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. **कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **जग्गा भाडा** : समिति र तारा गाउँ रिजेन्सी होटल्स लिमिटेड बीच मिति १९९४ मे १९ मा समितिको बौद्ध स्थित १४८ रोपनी जग्गा भाडामा उपलब्ध गराउने सम्बन्धमा भएको पट्टा सम्झौता को दफा १.२ अनुसार उक्त होटलले प्रत्येक वर्षको लिज वापतको रकम हरेक वर्ष सोही मितिमा अग्रिम रुपमा बुझाउनु पर्ने देखिन्छ र नबुझाएको खण्डमा सोही करारको दफा ७.१ अनुसार बाणिज्य बैंकहरुको

प्रचलित ब्याज दर अनुसार ब्याज लगाउनुपर्ने देखिन्छ । तर समितिले समयमै भाडा रकम नपाएको र ब्याज पनि लगाएको छैन् । जसले गर्दा पट्टा सम्झौताको शर्तको पालना नभई समितिको आम्दानीमा ह्रास आएको छ । सम्झौताको शर्तको पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

समिति र नेपाल खानेपानी संस्थान बीच २०४९ पौष २९  मा समितिको बौद्ध स्थित ६ रोपनी जग्गा भाडामा उपलब्ध गराउने सम्बन्धमा भएको लीज सम्मझौता  को दफा ५ अनुसार नेपाल खानेपानी संस्थानले प्रत्येक १० वर्षमा बार्षिक मूल्य बृद्धिको औषत आधारमा हुन आउने रकम वा प्रति रोपनी रू. १००,००० मध्ये जुन बढी हुन आउछ सो रकम भुक्तानी गर्नु पर्ने देखिन्छ । यसैगरी दफा ७ अनुसार उक्त रकम १० वर्ष पुरा भएको ३ महिना भित्र तिर्नु पर्ने देखिन्छ । समितिले उक्त रकम २०६९ चैत्र २९ गते सम्म प्राप्त गरी सक्नुपर्नेमा २०७२/०५/२४ मात्र प्राप्त गरेको देखियो जुन प्रोदभावी मा लेखाङ्कन नगरी नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको पाइयो । जसले गर्दा २०७१/७२ मा रू. ६ लाख बराबरको आम्दानी कम लेखाङ्कन भएको छ ।

४.२ **पसल भाडा** : समितिको नयाँ सडक स्थित व्यापारिक क्षेत्रको भवन रमा गृहमा पसल भाडा बापत पाउनु पर्ने रकम रु. ३९ लाख ४० हजार उठाउन बाँकी छ । सम्झौता अनुसार कारवाही गरी वक्यौता असूल गनुपर्दछ ।

४.३ **इक्विटीमा भएको परिवर्तनको विवरण** : समितिले वित्तीय विवरण बनाउदा नेपाल लेखामान अनुसार ईक्युटीमा भएको परिवर्तनको विवरण  बनाउनु पर्नेमा सो विवरण बनाउने गरेको छैन ।

४.४ **जग्गाको  विवरण** : समितिको जग्गाको विवरण अनुसार बौद्धमा १५४-६-०-१५ र न्युरोडमा ०-३-२-० रहेको मध्ये बौद्धको १-१-९-१ रोपनी जग्गा समितिको २०६३/०२/१४  निर्णय बमोजिम बिक्री गरिएको पाइयो । समितिको सुरुदेखि हालसम्म को जग्गा खरिद तथा बिक्रीको यथार्थ विवरण लेखापरीक्षणमा पेश भएन ।

४.५ **लगानीमा प्रतिफल** : समितिले २०५०/५१ मा तारा गाउँ रिजेन्सी होटल लिमिटेडको साधारण शेयरमा रु. १७ करोड (१५० रोपनी जग्गाको मूल्य १५करोड र घरको मूल्य रु.२ करोड) लगानी गरेको भएता पनि हाल सम्म उक्त लगानी बापत समितिलाई कुनै प्रतिफल प्राप्त हुन नसकेको सम्बन्धमा समय अनुकुल समिक्षा गर्नु पर्ने देखिन्छ ।

बौद्ध स्थित अधिग्रहणबाट प्राप्त ३०४ रोपनी जग्गा मध्ये १५० रोपनी जग्गा उक्त होटलको शेयरमा लगानी गरेको छ । उक्त होटेलसंग  भएको सम्झौता अनुसार बाँकी १५४ रोपनी जग्गा पनि होटल संचालन भएको ५ वर्ष भित्र सोही होटलबाट निष्कासित १७ प्रतिशत संचय योग्य अग्राधिकार शेयर  वा साधारण शेयरमा लगानी गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०५०/०९/२१ र २०५०/१२/१८ को निर्देशन अनुसार जग्गाको पुनः मुल्याङ्कन गरी उपयोग गर्न भनिएकोमा २० वर्ष बिती सक्दा पनि सो अनुसार कार्यान्वयन भएको देखिदैन ।

४.६ **विवरण** : आयकर ऐन २०५८ को दफा ९० को उप-दफा १ बमोजिम अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले महिना समाप्त भएको मितिले २५ दिन भित्र आन्तरिक राजस्व कार्यलयमा विभागले तोकेको तरिका र ढाँचा बमोजिम विभागमा विवरण दाखिला गर्नु पर्ने छ तर समितिले यस बर्षमा अग्रिम कर कट्टीको विवरण बुझाईएको छैन । जसले गर्दा आयकर ऐन २०५८ को दफा ११७ र ११९ बमोजिम शुल्क तथा जरिवाना पर्न जाने देखिन्छ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **कौफियत सहितको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा, वुदा नं. ४.१ देखि ४.६ सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर वाहेक, संलग्न वित्तीय विवरणले तारागाउँ विकास समितिको २०७२ असार मसान्तको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाव र नगद प्रवाहको नेपला लेखामान वमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## द टिम्बर कर्पोरेसन अफ नेपाल (२०७२।७३)

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न त्यस कर्पोरेसनको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन नियम र अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन्।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं। ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार :**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान तथा प्रकृया अनुरुप लागत मोलको अनुमान, बजार मूल्य, विक्रेता वा सेवा प्रदायकको पूर्व योग्यता निर्धारण तथा पहिचान आदि गरी राष्ट्रिय पत्रपत्रिकमा ३० दिने वोलपत्र आह्वानको सूचना प्रकाशित गरी गोलिया काठ दाउराको कटान मुछान घाट गद्धी गराउने तथापोलको आपूर्ति गराउनु पर्नेमा सो कानूनको प्रावधान अनुरुपको आपूर्तिको लागि ३० दिने वोलपत्रको सूचना प्रकाशित गरी वोलपत्र आह्वान गरिएता पनि सो वोलपत्रको सूचना अन्तर्गतका परिमाणलाई स-साना टुक्रामा विभाजन गरी काठको कार्य नै नगर्ने विक्रेतावा आपूर्तिकर्ता लाई वोलपत्रहरु विक्री गरी २०७२/७३ मा रु.२ करोड ६९ लाख ९५ हजारको ५ लाख ७२ हजार क्यू.फि. गोलिया काठ, रु.२ करोड ४५ लाखको ७०२.६५ चट्टा र ६,५३३.३० क्वीन्टल दाउरा तथा रु.७ लाख ९० हजारको (सागरनाथवन परियोजनावाहेक) ४०७ थानपोलको खरिद गरी जम्मा रु.५ करोड २२ लाख ८६ हजारको भुक्तानी गरेको छ । त्यस्तै गोलिया काठ कम्पनीकै चिरान मिलबाट खर्च व्यहोर्ने गरी चिरान गराउने उद्देश्यले केही अर्ध दक्षकामदारको सेवाआपूर्तिको लागि राष्ट्रिय पत्रपत्रिकामा ३० दिने बोलपत्र आह्वानको सूचनाप्रकाशितगरी काठ चिरानको परिमाणलाई स-साना टुक्रामा विभाजन गरी चिरानको कामनगरेको व्यवसायीलाई बोलपत्रमा प्रकाशित परिमाण भन्दा धेरै कम परिमाणका ठेकका सम्झौता गरी रु.४४ लाख ३१ हजारको चिरान ज्याला खर्च भुक्तानी गरेको कानुनसम्मत देखिएन ।

त्यस्तै गोलिया काठ ढुवानी गर्नको लागी ३० दिने बोलपत्रको सूचना राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी सो ढुवानीको परिमाणलाई स-साना टुक्रामा विभाजन गरी ढुवानी साधन नै नभएकातथा ढुवानीको काम नगर्ने व्यवसायीहरुसंग सम्झौता गरी गोलिया ढुवानी लोड अनलोडरु.१४ लाख २१ हजार भुक्तानी गरेको छ । त्यस्तै ससाना टुक्रा गरी ढुवानी लोड अनलोड कामनगर्ने ठेकेदारसँग सम्झौता गरी चिरान ढुवानी

लोड अनलोड वापत रु.१४ लाख ८ हजार (कर्मचारीको ट्रीप भत्ता) बाहेक रकमको भुक्तानी गरेको कानुन सम्मत देखिएन ।

४.२ गोलिया काठको विक्रीको लागी लागत परलमोल, बजार भाउको समुचित अध्ययन, व्यवसायीको पहिचान आदि गरी राष्ट्रिय पत्रपत्रिकामा ३० दिने सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरी स्वच्छ प्रतिस्पर्धा गराई गोलिया काठ विक्री गर्नु पर्नेमा कतिपयको हकमा स्थानीयपत्र पत्रिकामा ५ देखि १५ दिने सूचना प्रकाशित गरी बोलपत्र विक्री गरिने गोलिया काठको परिमाणलाई ससाना टुक्रा टुक्रामा विभाजन गरी वोलपत्र विक्री गरी तथा केही परिमाणको सोझै सम्झौता गरी २०७२/७३ मा रु.१० करोड १९ हजारको ८१,९७९.२७ क्यू.फि.(अर्थात कुल विक्री योग्य स्टक मौजदात को १५.७६ प्रतिशत) गोलिया काठको विक्री प्रतिस्पर्धात्मक हुन नसकी कम्पनीले समुचित बिक्री मोल पाउन नसकेको देखियो । हेटौडा शाखाको ८,७२३.२५ क्यू.फि. गोलिया काठको विक्री गर्न १५ दिने सूचनाको वोलपत्र आह्वान गरी १४ स-सानो प्लटमा विभाजन गरी वोलपत्र बिक्री गरेकोमा प्राप्त बोलपत्रहरुलाई मूल्यांकन गरी स्वीकृतिको स्तरमा विना औचित्य रद्द गरी ५ पटक पुन:वोलपत्र आह्वान गरी प्रथम वोलपत्रमा कबुल गरेको दररेट र मोल भन्दा रु.१५ लाख २० हजार कम मोल भएको वोलपत्रहरुलाई स्वीकृति गरी विक्री गरिए बाट कम्पनीलाई नोक्सानी पुऱ्याएको देखिन्छ ।

४.३ कम्पनीको प्रवन्धपत्रको उद्देश्य अनुरुप संकलित गोलिया काठ मध्ये अधिकांश काठ चिरान गरी सर्वसाधरण लाई सुपथ मोलमा विक्री गर्नुपर्ने मास्टकमा रहेको गोलिया काठको स्टक मध्ये ३८,४२८.०१ क्यू.फि.(१०.९६ प्रतिशत) मात्रै चिरान काठ उत्पादन गरेको, तथा १५.७६ प्रतिशत मात्रै गोलिया काठ बिक्री गरी ३ लाख २७ हजार क्यू.फि. गोलिया काठको स्टक राखेको पाईयो । नीतिगत त्रुटीले कम्पनीको मुनाफामा नकरात्मक असर परेको छ ।

४.४ कर्पोरेशनले जिन्सी मौजदात सम्बन्धी कारोवारको उपयुक्त तरिकाबाट तथा समुचित अभिलेख जस्तो भण्डार दाखिला नेपाल लेखामान ४ जिन्सीको प्रावधानहरु अनुरुप बिक्री बिल, माग फारम/जिन्सी खर्च आदिको आधारमा परिमाण तथालागत परल मोलमा दैनिक कारोबार देखिने गरी लेखांकन नगर्ने तथा सो अभिलेखहरु रीतपूर्वक तरिकाले नराख्ने गरेबाट कम्पनीको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनीय तथा भरपर्दो नरहेको साथै २०७२/७३ आषाढ मसान्तमा रहेको मौज्दात रु.२५ करोड ७८ लाख ७१ हजार भौतिक परीक्षण उपयुक्त तरिकाबाट सम्पादन नगरेकोले यथार्थ स्थिति यकिन गर्न सकिएन । २०७२/७३ मादाउरा बिक्री गर्दा पशुपति डिपोमा ५,८४९.३२ क्वीन्टल तथा अन्य तीन वटा डिपोमा १,२७७.६७ क्वीन्टल गरी ७,१२६.९९ क्वीन्टल करीब रु.१ करोड ६ लाख ९० हजारको दाउराको मौज्दातमा कमी भएकोले कम्पनीले नोक्सानी व्यहोर्नु परेको देखिन्छ ।

४.५ सार्वजनिक खरिद ऐन, २०६३ तथा सो को नियमावली, २०६४ को प्रावधानहरु अनुरुप स्थिर सम्पत्ति खरीद गर्नु अघि सोको लागत मोलको आंकलन, बजार भाउको समुचित अध्ययन, विश्वसनीय विक्रेताको पहिचान तथा सो स्थिर सम्पत्तिको गुणस्तर आदिको अध्ययन नै नगरी ससाना विक्रेताबाट तीन दरभाउ पत्र लिई रु.७१ लाख ७४ हजारको विभिन्न स्थिर सम्पत्तिको खरिद गरेको उक्त ऐनको प्रावधानहरु विपरित रहेको पाईयो ।

४.६ असुल फछ्र्यौट गर्न बाँकी रु.३ करोड ४ लाख ७४ हजार तथा पेश्की, सापटी धरौटी तथा असुल गर्न वाँकी रु.१८ करोड ८४ लाख २६ हजार गरी समेत रु.२१ करोड ८८ लाख ९९ हजारको नाम सहितको वर्षानुक्रमको विवरण तथा सम्बन्धित पक्षहरुबाट मौजदात समर्थन पत्र नलिएकोले सो को असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.७ केन्द्रीय कार्यालय तथा शाखाहरु बीचको आवधिक रुपमा हिसाब मिलान नगर्ने परिपाटीले २०७३ आषाढ मसान्तमा विगत करीव १० वर्ष देखि हालसम्मको डेबिट तर्फ रु.३२ करोड ८८ लाख तथा क्रेडिट तर्फ रु.३२ करोड ६७ लाख गरी रु.२१ लाखको शाखा हिसाब मिलान भएको छैन ।

४.८ भुक्तानी गर्नुपर्ने रु.५ करोड १४ लाख को नाम सहितको वर्षानुक्रम विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नुपर्ने रकम तर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.९ कम्पनी ऐन, २०६३ को दफा १०८ तथा १०९ को प्रावधानहरु अनुरुप नेपाल लेखामानका प्रावधानहरु अनुसार कर्पोरेशनले २०७२/७३ को आर्थिक विवरणहरु प्रस्तुतगर्नु पर्नेमा नेपाल लेखामानहरु, वित्तीय विवरणको प्रस्तुति, लेखा नीति परिवर्तन, अनुगमन र गल्तिहरु, जिन्सी, सम्पत्ति, मेशिन र औजार, आय, आयकर आदि संग सम्बन्धित प्रावधानहरुको पालना भएको देखिएन ।

४.१० कम्पनीको स्थिर सम्पत्ति रु.१ करोड ५६ लाख ५२ हजार तथा जिन्सी मौज्दात रु.२६ करोड ८ लाख ५२ हजार को विभिन्न जोखिमबाट सुरक्षित राख्नको लागि बीमा नगराईएकोले यी स्थिर सम्पत्ति तथा जिन्सी मौजदातहरु सुरक्षित रहेको देखिएन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षक राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुंदा नं. ४.१ देखि ४.१० सम्म औंल्याएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले द टिम्बर कर्पोरेसन अफ नेपालको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको आय व्यय विवरण, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. **कम्पनी ऐन, २०६३ को प्रावधानहरुको पालना सम्बन्धि प्रतिवेदन**

(क) हामीले सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथाशीघ्र पायौं;

(ख) कम्पनीले आफ्नो हिसाब किताब र अभिलेखहरु प्रचलित कानून बमोजिम राखेको छ ;

(ग) संलग्न वासलात, आय विवरण, तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु दुरुस्त छन् ;

(घ) हामीलाई उपलव्ध गराइएको जानकारी तथा स्पष्टिकरणको आधारमा पहिले हिनामिनाको कारबाहीमा परेको वाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको कुरा हाम्रो जानकारीमा आएन ।

## दुग्ध विकास संस्थान(२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले दुग्ध विकास संस्थानको यसै साथ संलग्न २०७२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. **वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान , सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन , नियम, कानुन अभ्यास अनुरुप यी वित्तिय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापन रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तिय विवरण जालसाजी, त्रृटि लगायत सारभुत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुनेगरी स्थापित गर्ने , उपयुक्त लेखा नीतिको छनौट तथा कार्यन्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखा परीक्षण मान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**
लेखापरीक्षणबाट कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभुत असरपर्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **मख्खन खरिद** : अति आवश्यक भनी २०७१।०४।०७ मा महाप्रबन्धकबाट १ पटकका लागी मख्खन रवटर आयल गरी २० टन टेण्डर दर रेटमा खरिद गर्ने निर्णय भएको छ । साथै सोहि बर्ष भारतको सम्प्रासबाट १,०० टन खरिद गर्ने समेत सम्झौता गरेको छ । काठमाडौं दुग्ध वितरण आयोजना बालाजुमा गत आर्थिक वर्षमा मखनको अन्तिम मौज्दात रु. २ करोड ८ लाख ७१ हजार तथा यस वर्षको अन्तिम मौज्दातको रु. २५ करोड ४५ लाख ३८ हजार तुलनात्मक अध्ययन गर्दा रु. २३ करोड ३६ लाख ६८ हजार रकमको मौज्दात अत्याधिक रहेको देखियो । उक्त रकम गत आर्थीक वर्षको तुलनामा १ हजार ११९.६० प्रतिशतले बढी रहेको देखियो । यसरी आवश्यकत्ताको पहिचान नगरि बढी मख्खन तथा बटर आयल खरिद गरी मौज्दातमा राख्नाले संस्थानको चालु पुंजीमा नकारात्मक असर पर्ने तथा स्टोर व्यवस्थापन खर्च बढ्न जाने देखिन्छ ।

४.२. **स्किम मिल्क पाउडर खरिद** : महाप्रबन्धकबाट एक पटकको लागी टेण्डर दर रेटमा २५ मे.टन स्किम मिल्क पाउडर खरिद गर्न निर्णय भएको छ । काठमाण्डौं दुग्ध वितरण आयोजना बालाजुमा गत वर्ष रहेको स्किम मिल्क पाउडरको अन्तिम मौज्दात रु. १ करोड ६६ लाख ३३ हजार तथा यस आर्थीक वर्षको अन्तिम मौज्दातको रु. १७ करोड ७१ लाख १४ हजार तुलनात्मक अध्ययन गर्दा रु. १६ करोड ४ लाख ८० हजार रकमको मौज्दात अत्याधिक रहेको देखियो । उक्त रकम गत आ.व.को तुलनामा ९६४.८१ प्रतिशतले बढी रहेको देखियो । यसरी आवश्यकताको पहिचान नगरि बढी स्किम मिल्क पाउडर खरिद गरी मौज्दात राखेको छ । बढी मूल्यमा खरिद कम मल्यमा बिक्री गनुपर्ने अवस्था सिर्जना भएको छ । यसरी आवश्यकताको पहिचान नगरि बढी स्किम मिल्क पाउडर खरिद गरी मौज्दातमा राख्नाले संस्थानको चालु पुंजीमा नकारात्मक असर पर्ने तथा स्टोर व्यवस्थापन खर्च बढ्न जाने देखिन्छ ।

४.३. **मुद्दती रकम** : संस्थानको राष्ट्रिय वाणिज्य बैंकमा भएको ३ मुद्दती खातामा रु. २ करोड २६ लाख मौज्दात रहेको छ । ती खाताहरुको मुद्दतिको म्याद २०६५ भाद्र १६ मा सकिएकोमा नविकरण गरेको छैन । सो मुद्दतीको रसिद पनि संस्थानमा नराखी बैंकलाई नै बुझाएको जानकारी हुन आयो । त्यस सम्बन्धमा आवश्यक कार्वाही गरी संस्थानले बैंकमा जम्मा गरेको रकम बैंकमा सुरक्षित रहेको छ भन्ने प्रमाण संस्थानसँग रहनुपर्ने हुन्छ । सो रकमको व्याज पनि संस्थानले प्राप्त गर्न कारवाही गर्नुपर्दछ ।

४.४. **लगानी** : विगत वर्षहरु देखि चितवन मिल्क लिमिटेडमा रु. २ करोड र कृषि सामाग्री कम्पनी लिमिटेडमा रु. २० लाख २ हजार शेयर लगानी गरेकोमा चितवन मिल्क लिमिटेडबाट शेयर प्रमाणपत्र प्राप्त गरेको देखिँदैन । संस्थानले उक्त लगानीबाट हालसम्म लाभांश प्राप्त गरेको पनि देखिएन ।

४.५. **आकस्मिक दायित्वः** संस्थानले दोलखा दुग्ध उद्योग लिमिटेडको शेयर पूंजी २ करोड ५० लाखको ५१ प्रतिशतल हुने रु. १ करोड २७ लाख ५० हजार शेयरमा लगानी गर्ने संचालक समितिबाट निर्णय भएकोमा उक्त डेरीले बिगतमा लिएको ऋण रु. १६ लाख संस्थानले भुक्तानी गरिदिएको रकम तथा यस वर्षको थप शेयर बापत रु ३४ लाख भुक्तानी गरि कुल रु. ५० लाख शेयर बापत जम्मा गरेको पाइयो । संस्थानको उक्त उद्योगमा शेयर बापत जम्मा गर्न बाँकी रु. ७७ लाख ५० हजार आकश्मिक दायित्व रहेको देखिन्छ ।

४.६. **कर्मचारी उपदान** : संस्थानले अवकाश कोषमा प्रत्येक कर्मचारीको खाता खोली उपदान व्यवस्था गरेको रकम जम्मा गर्नुपर्नेमा त्यसो गरेको छैन । संस्थानले उपदान वापत व्यवस्था गरेको रु. ७६ करोड ४४ लाख मध्ये रु. ८ करोड ६५ लाख (११.३३ प्रतिशत) नागरिक लगानी कोषमा रहेको अवकाश कोष खातामा मौज्दात रहेको देखिन्छ । संस्थानको सञ्चित नोक्सान रु. ४७ करोड ३५ लाख भन्दा बढी भएको अवस्था रहेकोले आर्थिक स्थिति मजबुत देखिँदैन । संस्थानमा आधाभन्दा बढी कर्मचारीहरुको सेवा अवधी २० वर्ष पुगेको देखिन्छ । ती कर्मचारीहरु अवकाश हुँदा संस्थानले ठूलो आर्थिक भार वहन गर्नुपर्ने हुँदा उक्त रकम अपुग हुने देखिन्छ । अतः समयमा नै सो कोषको रकम अद्यावधिक गर्न ध्यान दिनुपर्ने व्यहोरा विगत देखिको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख हुँदै आएकोमा अवस्था यथावत छ ।

४.७. **संचित बिदा** : संस्थानले संचित बिदा बापत रु १८ करोड ७१ लाख व्यवस्था गरेको छ । सो ब्यवस्थाको रकम प्रत्येक कर्मचारीको खाता खोली स्विकृत अवकाष कोष खातामा राख्नुपर्नेमा राखेको छैन ।

४.८. **अन्तर आयोजना हिसाबः** संचालक समितिको ८३२ औं बैठकको निर्णयमा अन्तर आयोजना कारोवारमा क्षति नदेखिएको हुँदा क्षतिको व्यवस्था गर्न नपर्ने उल्लेख छ । संचालक समितिको २०६९।०९।१९ को बैठकको निर्णय अनुसार दुध नोक्सान गरेको जिम्मेवारी आयोजना प्रमुखको हुनेछ । गत विगत वर्षमा यस सम्बन्धी उल्लेख गरेपनि बेवास्ता गरि कुनै कारबाही नगरेको देखिन्छ । धनगढी दुग्ध वितरण आयोजनाले नेपालगन्ज दुग्ध वितरण आयोजना कोहलपुरलाई पठाएकोमा घटि देखिएको रु. ५ लाख ९५

हजार, जनकपुर दुग्ध वितरण आयोजनाले बिराटनगर दुग्ध वितरण आयोजनालाई पठाएकोमा घटि देखिएको रु. ५ लाख ७ हजार, हेटौँडा दुग्ध वितरण आयोजनाले काठमाडौँ दुग्ध वितरण आयोजनालाई पठाएकोमा घटि देखिएको रु. ३१ लाख ५७ हजार, बिराटनगर दुग्ध वितरण आयोजनाले काठमाडौँ दुग्ध वितरण आयोजनालाई पठाएकोमा घटि देखिएको रु. ९ लाख १५ हजार र लुम्बिनी दुग्ध वितरण आयोजनाले सुजल डेरीलाई पठाएकोमा घटि देखिएको रु. ८ लाख २० हजार नियमित नगरेको तथा असुल उपर समेत गरेको छैन । संस्थानको संचालक समितिको निर्णयको पालना गरी घटी दुध प्राप्त भएको सम्बन्धमा यकिन गरी असुलउपर गर्नुपर्ने देखिन्छ ।

४.९. **पेश्की :** आर्थिक प्रशासन विनियमावलीमा संस्थानबाट सहकारीहरुलाई पेश्की दिने व्यवस्था नरहेकोमा यस वर्ष विविध पेश्की शीर्षक अन्तर्गत पटक पटक गरी काठमाडौँ दुग्ध वितरण आयोजनाले रु. ३ करोड ४२ लाख ४० हजार र लुम्बिनी दुग्ध वितरण आयोजनाले रु. १३ लाख ४१ हजार जमानत वेगर सहकारीहरुलाई पेश्की दिएको पाइयो । साथै उक्त पेश्कीमा ब्याज समेत असुल गरेको छैन । त्यसप्रकारका पेश्कीहबाट ब्याज असुल गर्नुपर्ने देखिन्छ ।

४.१०. **यातायात खर्चः** संस्थानले दुध ढुवानी गर्न २०६९।११।२९ मा एक निर्माण सेवा र एक बिजनेस फर्मसँग क्रमशः डष्ट्रीव्युटर्स रुट (क) को लागी प्रति लिटर दुधको रु. १.०३ का दरले र रुट (ख) प्रति लिटर रु. ०.९९ को दरले ३ बर्षको लागी सम्झौता गरेको देखिन्छ । उक्त सम्झौतामा मुल्य अभिबृद्धि कर अलग्गै भुक्तानी गरीने उल्लेख छैन । काठमाडौँ दुग्ध वितरण आयोजनाले उक्त दुई ढुवानीकर्तालाई मुल्य अभिबृद्धि कर थप गरी त्रमशः रु. ३ करोड ०९ लाख ५५ हजार र रु. ३ करोड ३० लाख ९ हजार भुक्तानी गरेको पाइयो । सम्झौता विपरीत रु.६५ लाख ९६ हजार भुक्तानी गरेको छ । यस्तो भुक्तानी नियमित गर्नुपर्ने देखिन्छ ।

४.११. **प्याकिङ्ग सामान** : संस्थानले सप्लायर्ससँग गरेको सम्झौतामा प्रति के.जी प्याकिङ्ग सामानबाट कम्तीमा ३८८ दुध प्याकेट बन्नुपर्ने स्पष्ट उल्लेख छ । साथै संस्थानबाट निर्धारित नर्म्स अनुसार दही रिल प्रति के.जी. बाट ३०० तयारी दही प्याकेट बन्नुपर्ने देखिन्छ । सोही आधारमा दुध तथा दही प्याकेट बन्नुपर्नेमा संस्थानका आयोजनाहरुमा प्याकिङ्ग सामाग्रीमा रु.१ करोड ७ लाख १८ हजार बराबरको बढीको कच्चा पदार्थ खपत भएको पाइयो ।

४.१२. **मख्खनको घृतांशः** संस्थान र चितवन मिल्क लिमिटेड बीच २०७१।०९।१७ मा भएको सम्झौताको बुदा नं. ४ मा संस्थानबाट उक्त लिमिटेडलाई उपलब्ध गराएको दुध प्रशोधन गरी १०० के.जी. घृतांशको ८० प्रतिशत घृतांश भएको मख्खन उपलब्ध गराउने तथा बुँदा नं. ५(घ) मा उक्त लिमिटेडबाट प्रशोधन गरी संस्थानलाई उपलब्ध गराउने दुधको परीक्षण संस्थानको प्रतिनिधिको रहोबरमा हुने उल्लेख छ । साथै सम्प्रासबाट प्राप्त मख्खनमा करार सम्झौता अनुसार ८२ % घृतांश रहने उल्लेख छ । प्रयोगशालाले स्पष्टिकरणको साथै प्रशोधनको जिम्मेवार कर्मचारीबाट फरक परेको २९० के.जी. घृतांश प्रति के.जी. रु. ८१०।०० का दरले रु.२ लाख ३५ हजार असुल उपर गर्नुपर्ने दखिन्छ । त्यस्तै १०८ के.जी. घृतांश रु.८१०।०० को दरले रु. ८७ हजार गरी कुल रु ३ लाख २२ हजार प्रशोधनका जिम्मेवार कर्मचारीबाट असुल उपर गर्नुपर्ने देखिन्छ ।

४.१३. **वित्तिय विवरण** : नेपाल लेखामान बमोजिम तयार गर्नुपर्ने वित्तिय विवरणमा दुग्ध विकास संस्थानले इक्विटिमा भएको परिवर्तन सम्बन्धि विवरण बनाएको छैन ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६. कौफियत सहितको राय**

कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि वुंदा नं ४.१ देखि ४.१३ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तिय विवरणले दुग्ध विकास संस्थानको २०७२ असार मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्ष सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम समग्रमा सही र यर्थाथ चित्रण गर्दछ ।

## नेपाल औषधि लिमिटेड २०७०।७१

**१. वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न नेपाल औषधि लिमिटेडको २०७१ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र त्यस सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण प्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तरगत वित्तिय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवासायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखा परीक्षणमा संग्लन हुन्छ । यसरी छनौट गरिएको कार्यबिधि चाहे जालसाजी वा गल्तिबाट होस्, सारभूत रुपमा त्रुटीयुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक विवेचनामा आधारित छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्य गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **सञ्चालन अवस्था:** कम्पनीले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको कुशल उत्पादन मापदण्डमा जान नसकेकोले औषधी व्यवस्था विभागबाट खरिद अनुमति नपाई उत्पादन कार्य प्राय ठप्प रहेको छ । कम्पनीको सञ्चित घाटा रु.१ अर्ब ७ करोड १२ लाख पुगेको र नेट वर्थ रु.९६ करोड ४८ लाख ऋणात्मक रहेको छ ।

४.२. **स्थिर सम्पत्ति** : यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :–

४.२.१. कम्पनीले युनिसेफबाट प्राप्त गरेको मेशिन, स्पेयर पार्टस तथा सवारी साधन रु.१ करोड ८९ लाख र युनिडोबाट प्राप्त गरेको मेशिन तथा स्पेयर्स पार्टस रु. ६० लाख ८ हजारलाई आर्थिक विवरणमा देखाएको र सोमा नियमानुसार ह्रास कट्टी गर्ने गरेको पाइयो । तर नेपाल लेखामान २० अनुसार पूँजीगत अनुदानलाई आम्दानी विधि अनुसार हरेक वर्ष ह्रास कट्टी बराबर रकम आम्दानी बाँध्नु पर्नेमा सो गरेको पाइएन ।

४.२.२. कम्पनी बन्द हुन गएको तथा उचित व्यवस्थापन तथा मर्मतसम्भारको कमीको कारणबाट स्थिर सम्पत्ति काम नलाग्ने अवस्थामा पुगेको तथा उक्त सम्पत्ति ह्रास कट्टी गरि बांकी रकममा देखाइएकोले स्थिर सम्पत्तिले सही रकम चित्रण नगर्ने अवस्था छ ।

४.३. **जिन्सी** : यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन् ।

४.३.१. कम्पनीको सम्बन्धित शाखाले काम नलाग्ने भनी यकिन गरेका कच्चा पदार्थ रु.७८ लाख ७३ हजार तथा अन्तिम तयारी औषधि रु.७४ लाख ३३ हजार समेत रु.१ करोड ५३ लाख व्यवस्थापनले हालसम्म खर्च लेखि हिसाबमिलान भएको पाइएन । काम नलाग्ने यस्ता कच्चा पदार्थ तथा

औषधिहरुका सम्बन्धमा व्यवस्थापनले समयमा नै निर्णय गरी भण्डार व्यवस्थापन सरल बनाउने तर्फ सक्रियता नदेखाएको तथा सम्भावित नोक्सानी बापत व्यवस्था गरेको पाइएन ।

४.३.२. नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातको मूल्यांकन परल मूल्य या बजार मूल्य मध्ये जुन कम छ सोमा गर्नुपर्ने व्यवस्था भएकोमा कम्पनीले सोको मूल्याङ्कन खरिद मूल्यमा राखेको पाइयो ।

४.४. **आसामी बाँकी** : कम्पनीले वित्तिय विवरणमा व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने भनी देखाएको रु.१ करोड १६ लाखमा विगत धेरै लामो समय देखि उठ्न बाँकी रहेको आसामीहरु हाल अस्तित्वमा छन् या छैनन्, भए के कस्तो अवस्थामा कहाँ छन् भन्ने जानकारीहरु संकलन गरी रकम उठ्न सक्ने नसक्ने अवस्थाको छानबिन गरि मिन्हा गर्ने र शङ्कास्पद आसामीको लागि सम्भावित नोक्सानी व्यवस्था गरेको पाईएन ।

४.५. **ऋण हिसाब** : नेपाल सरकारलाई तिर्नुपर्ने ऋण तथा व्याज मध्ये भाखा नाघेको ऋण रु.१५ करोड २५ लाख ६३ हजार तथा व्याज रु.८ करोड ७८ लाख १६ हजारलाई व्यापारिक तथा अन्य भुक्तानी दिनुपर्ने रकम अन्तर्गत राखेको र भाखा ननाघेको ऋण रु.३३ करोड ९ लाख ५९ हजारलाई आफ्नो चल अचल जायजेथा धितो राखी लिएको ऋणलाई सुरक्षित ऋणमा वर्गीकरण नगरी असुरक्षित मध्यम तथा दीर्घकालिन ऋणमा वर्गिकरण गरी वित्तीय विवरणमा देखाइएको पाईयो । यसर्थ ऋण रकमलाई चालु तथा दीर्घकालिन रुपमा वर्गीकरण गरी नेपाल लेखामान अनुसार वित्तीय विवरणमा देखाउनु पर्नेमा सो गरेको पाइएन । अतः उक्त रकमलाई सही रुपमा वित्तीय विवरणमा देखाउनुपर्ने देखिन्छ ।

४.६. **अग्रिम तथा धरौटी** : यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन् ।

४.६.१. कम्पनीको आर्थिक विवरणमा देखाएको आपूर्तिकर्ता र अन्यलाई दिएको अग्रिम भूक्तानी रु.१ करोड ५४ लाख भित्र धेरै पुरानो समय देखिको अग्रिम भुक्तानी भएको रकम हाल उठ्न सक्ने अवस्थामा रहेको छ वा छैन भनी छानविन गरी उठ्न नसक्नेको हकमा मिन्हा गर्ने अथवा शंकास्पदको हकमा सम्भावित नोक्सानी व्यवस्था गरेको पाइएन ।

४.६.२. कम्पनीको आर्थिक विवरणमा प्रतीतपत्र तथा बैंक जमानत मार्जिन अन्तर्गत देखाइएको रु.१२ लाख ८५ हजार विगत वर्षौंदेखि बाँकी रहेकाले उठ्न नसक्नेको हकमा मिन्हा गर्ने अथवा शंकास्पदको हकमा सम्भावित नोक्सानी व्यवस्था गरेको पाइएन ।

४.७. **कर समायोजन** : वित्तीय विवरण अनुसार चालु वर्षको अन्तमा कर कार्यालयमा अग्रिम दाखिला भएको कर रु.५५ लाख ४७ हजार, अग्रिम आयकर (घरभाडा) रु.५२ लाख ४४ हजार र १.५ प्रतिशत अग्रिम कर कट्टी रु.९४ हजार समेत रु.१ करोड ८ लाख ८५ हजार देखिन्छ । तर कर कायालर्यबाट सो रकमको पुष्टी हुने प्रमाण संलग्न भएको पाइएन । कम्पनीले कर कार्यालयलाई तिर्नुपर्ने कर दायित्व समेत देखिएकोले अग्रिम दाखिला देखाएको रकम यकिन गरी तिर्नु पर्ने कर रकमसँग समायोजन गरी वास्तविक लिनु पर्ने वा तिर्नु पर्ने अवस्था यकिन गरी हिसाब मिलान गरेको पाइएन ।

४.८. **व्यवस्था** : कम्पनीले चालु आर्थिक वर्षमा कर्मचारी कल्याण, उपदान कोष, औषधि उपचार कोष, कर्मचारी बोनस, कर्मचारी वासस्थान, बीमा व्यवस्था, संचित घर बिदा तथा बिरामी बिदा शीर्षकहरुमा रु.४१ करोड ३१ लाख व्यवस्था गरेको पाईयो । उपदान वापतको रकम बीमा छाप मूल्यांकन कार्यबाट दायित्व एकिन नगरेको तथा स्विकृत अवकाश कोषमा जम्मा भएको पाईएन ।

४.९. **कर्मचारी जीवन बीमा** : कर्मचारी जीवन बीमा सम्बन्धमा नेपाल सरकार उद्योग मन्त्रालयको २०६७।४।३ पत्र अनुसार सावधिक जीवन बीमा सम्बन्धमा छुट्टै कर्मचारी कल्याण कोष स्थापना गरी सावधिक जीवन बीमा सम्बन्धी प्रावधान कम्पनीको कर्मचारी सेवा शर्त नियमावली,२०५४मा समावेश गरी उक्त नियमावलीमा व्यवस्था गरेर मात्र कार्यान्वयन गर्नुपर्ने विषय भएको र उक्त सुविधा र सहुलियत वापत नेपाल सरकारले कुनैपनि थप आर्थिक दायित्व नव्यहोर्ने व्यहोरा समेत जानकारी गराएको देखिन्छ । साथै सार्वजनिक संस्थानहरुमा अर्थ मन्त्रालयको पूर्व सहमती वेगर कुनै पनि थप आर्थिक दायित्व पर्ने निर्णय नगर्न भनी अर्थ मन्त्रालयबाट २०६६।९।२४मा परिपत्र भएको हुँदा उल्लेखित विषयका सम्बन्धमा पनि अर्थ मन्त्रालयको सहमति लिई मात्र कार्यान्वयन गर्ने व्यवस्था गर्नु हुन जानकारी गराइएको देखिन्छ । यस्तो पत्र प्राप्त हुँदाहुँदै पनि संचालक समितिबाट मिति २०६९।१२।१८ मा कर्मचारी जीवन बीमा कोष सृजना गरिएको छ जसअनुसार कम्पनीका प्रत्येक कर्मचारीले आफ्नो सुरु तलबको पाँच वर्ष बराबरको तलब रकम अवकाश हुँदा वा

कम्पनीबाट निवृतको निर्णय हुँदा वा नेपाल सरकारबाट कम्पनी बन्द हुँदा समेतको अवस्थामा प्राप्त गर्ने गरि निर्णय गरेको पाइयो । यस अनुसार कम्पनीलाई हालसम्मको थप व्ययभार रु. १७ करोड ८० लाख पुग्न गएको छ । कम्पनीको आर्थिक स्थिति कमजोर तथा कम्पनी संचालन समेत नभएको अवस्थामा कर्मचारीको सेवा तथा सुविधामा वृद्धिहुँदै गएको पाईयो ।

४.१०. **वित्तिय विवरण** : नेपाल लेखामान १ अनुसार वित्तिय विवरणहरु बनाउनुपर्ने भएता पनि कम्पनीले इक्विटीमा भएको परिवर्तनको विवरण बनाएको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

हाम्रो रायमा, माथि उल्लेखित बुदा नं.४.१ देखि ४.१० सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल औषधि लिमिटेडको २०७१ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहले नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## **नेपाल टेलिभिजन संस्थान** (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले नेपाल टेलिभिजन संस्थानको यसै साथ संलग्न २०७२ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यबस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने सम्वन्धि आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्वन्धि महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गर्‍यौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको वारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्वन्धि सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थानको आन्तरीक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एवम् प्रस्तुती गर्ने क्रममा अवलम्वन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यबस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवम् गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुति को लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

४.१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

४.२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थानको हिसाव किताब सम्बन्धित ऐन बमोजिम ठीकसंग राखिएको छ ।

४.३. यो प्रतिवेदनसंग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचिहरु सम्बन्धित ऐनले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थानले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

४.४. संस्थानबाट तयार पारिएका स्थिर सम्पत्तिको विवरण र स्थिर सम्पत्तिमा ह्रास कट्टी नीति नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.५. संस्थानबाट  नेपाल लेखामान अनुसार स्थगन करको व्यवस्था तयार पारिएको छैन । संस्थानले नेपाल लेखामान अनुसार जिन्सी सामानहरु जो प्रयोगमा नआउने सामानहरुको मूल्यांकन परल मूल्य अथवा बजार मूल्य जुन कम छ सो रकममा मूल्यांकन हुनु पर्नेमा परल मूल्यमा गरेको पाइयो ।

४.६. संस्थानमा लेखा सम्वन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६. लेखापरीक्षण राय**

हाम्रो रायमा, माथी उल्लेखित बुदाँ ४.१ देखि ४.६ मा उल्लेख भएका व्यहोराले पारेको असरले वाहेक, सम्लग्न वित्तीय विवरणहरुले नेपाल टेलिभिजन संस्थानको २०७२ आषाढ ३१ (१६ जुलाई २०१५) गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्यमा भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको सही र यथार्थ चित्रण गर्दछ ।

## नेपाल दूरसंचार प्राधिकरण (२०७१।७२)

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न नेपाल दूरसंचार प्राधिकरणको २०७२ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

**३. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**४. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **अनुमतीपत्र नविकरण :** मोवाइल सेवाको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई २०५६।०१।२९ देखि लागु हुने गरी १० वर्षका लागि रु.२१ करोड दस्तुर लिई अनुमतिपत्र दिएको र प्रतिस्पर्धावाट छानिएका सेवा प्रदायकले तिर्ने नविकरण दस्तुर लिने निर्णय गरी दिएको अनुमति पत्र २०६६।१।२९ मा रु. १८ करोड ९० लाख दस्तुर लिई ५ वर्षका लागि पहिलो पटक नविकरण गरेको देखिन्छ । तत्पश्चात वोलपत्र प्रतिस्पर्धाबाट छानिएका एक सञ्चार कम्पनीले रु. २० अर्व अनुमति पत्र नविकरण दस्तुर तिर्न मन्जुर गरेको आधारमा नेपाल दूर सञ्चार कम्पनी लि.ले पहिलो पटक अनुमति पत्र नविकरण गर्दा कवुल गरेको आधारमा रु. २० अर्व नविकरण दस्तुर लिनु पर्नेमा पहिलो पटकको नविकरण दस्तुर पूरा भुक्तानी नभएको अवस्थामा पुन: दोश्रो पटक रु. १८ करोड ९० लाख मात्र लिई २०७१।१।२६ मा नविकरण गर्ने निर्णय भएको देखियो । नेपाल दूरसञ्चार कम्पनीले नविकरण गर्दा उल्लेख गरेको शर्त वमोजिम रु.२० अर्व नविकरण दस्तुर भुक्तानी नभएको अवस्थामा प्राधिकरणले कुनै कारवाहीका गरेको देखिएन ।

४.२ **कोषको उपयोग :** प्राधिकरणमा गत वर्ष मौज्दात देखिएको रु.१३ अर्व ९८ करोड ९८ लाख ५५ हजार मध्ये रू.६ अर्व ५० करोड २०७३।०३।२९ मा सञ्चित कोष दाखिला गरेको देखिएको छ । लेखापरीक्षण प्रतिवेदनको व्यहोरा बमोजिम प्राधिकरणको कोषमा निष्कृय रूपमा रहेको रकम यकिन गरी बाँकी रकम समेत दाखिला हुनुपर्दछ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा, वुँदा नं. ४.१ र ४.२ सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर वाहेक, संलग्न वित्तीय विवरणले नेपाल दूरसञ्चार प्राधिकरणको २०७२ असार मसान्तको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपला लेखामान वमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## नेपाल दूरसंचार प्राधिकरण (२०७२।७३)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न नेपाल दूरसंचार प्राधिकरणको २०७३ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक

नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारः**

लेखापरीक्षणबाट कैफियतसहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **अनुमतीपत्र नविकरण** : मोवाइल सेवाको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई २०५६।०१।२९ देखि लागु हुने गरी १० वर्षका लागि रु.२१ करोड दस्तुर लिई अनुमतिपत्र दिएको र प्रतिस्पर्धावाट छानिएका सेवा प्रदायकले तिर्ने नविकरण दस्तुर  लिने निर्णय गरी दिएको अनुमति पत्र २०६६।१।२९ मा रु. १८ करोड ९० लाख दस्तुर लिई ५ वर्षका लागि पहिलो पटक नविकरण गरेको देखिन्छ । तत्पश्चात वोलपत्र प्रतिस्पर्धाबाट छानिएका एक सञ्चार कम्पनीले रु. २० अर्व अनुमति पत्र नविकरण दस्तुर तिर्न मन्जुर गरेको आधारमा नेपाल दूर सञ्चार कम्पनी लि.ले पहिलो पटक अनुमति पत्र नविकरण गर्दा कवुल गरेको आधारमा रु. २० अर्ब नविकरण दस्तुर लिनु पर्नेमा पहिलो पटकको नविकरण दस्तुर पूरा भुक्तानी नभएको अवस्थामा पुन: दोश्रो पटक रु. १८ करोड ९० लाख मात्र लिई २०७१।१।२६ मा नविकरण गर्ने निर्णय भएको देखियो । नेपाल दूरसञ्चार कम्पनीले नविकरण गर्दा उल्लेख गरेको शर्त वमोजिम रु.२० अर्ब नविकरण दस्तुर भुक्तानी नभएको अवस्थामा प्राधिकरणले कुनै कारवाहीका गरेको देखिएन ।

४.२ **सञ्चिति** : दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) मा कोषमा प्राप्त रकमले प्रत्येक वर्ष प्राधिकरणलाई कार्य सञ्चालन गर्न नपुग भए नेपाल सरकारसंग माग गर्न सक्ने र उपलव्ध रकम बढी भए प्राधिकरणले नेपाल सरकारलाई बुझाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्षको वासलातमा प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोषमा रु. १२ अर्ब ६६ करोड ३ लाख र जगेडा कोषमा रु. १६ अर्ब ६१ करोड २६ लाख समेत रु. २९ अर्ब २७ करोड ३० लाख मौजात रहेको छ । ऐनको सो व्यवस्था बमोजिम जगेडा कोषमा रहेकोको रु. १६ अर्ब ६१ करोड २६ लाख नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेमा प्राधिकरणले चल्ती तथा मुद्दती खातामा राख्नु कानूनसंमत  देखिएन।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षण राय:**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा, बुँदा नं. ४.१ र ४.२ मा औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर वाहेक, संलग्न वित्तीय विवरणले नेपाल दूरसञ्चार प्राधिकरणको २०७३ असार मसान्तको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपला लेखामान वमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## नेपाल धितोपत्र बोर्ड (२०७२।७३)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न नेपाल धितोपत्र बोर्डको २०७३ साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्राणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्यहरु पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

५. **लेखापरीक्षकको राय**

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले नेपाल धितोपत्र बोर्डको २०७३ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

**Nepal Rastra Bank (2072/73)**

1. **Report on Annual Financial Statements**

We have audited the accompanying Statement of Financial Position of Nepal Rastra Bank (NRB) as of Ashad 31, 2073 (July 15, 2016), the related Statement of Comprehensive Income, Statement of Cash Flows and Statement of Changes in Equity for the year then ended and a summary of significant accounting policies and other explanatory notes forming the part of the financial statements.

2. **Management's Responsibility for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with International Financial Reporting Standards (IFRS), International Accounting Standards (IAS) and for such internal control systems as management determines necessary to enable the preparation of financial statements that are free from material misstatements, whether due to fraud or error.

3. **Auditors' Responsibility**

Our responsibility is to express our opinion on these financial statements based on our audit. We conducted our audit in accordance with the Nepal Standards on Auditing (NSA) & Relevant practices and International Standards on Auditing (ISA), wherever applicable, and the audit guidelines issued by the Office of Auditor General of Nepal (OAGN). Those standards or relevant practices require that we plan and perform the audit to obtain reasonable assurance about whether the Financial Statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected

**४.५. जिन्सी मौज्दात** : संस्थाले जिन्सीको अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा संस्थाको प्रचलित विधि वमोजिम परल मूल्यको आधारमा चल्तीको शत प्रतिशत, वेचल्तीको ७० प्रतिशत, लिलाम गर्नुपर्ने सामानको १० प्रतिशत र नास्नुपर्ने सामानको शून्य प्रतिशत गरी ४ वर्गमा वर्गिकरण गरी मुल्याङ्कन गर्दा केन्द्र तथा शाखाहरुको वर्षान्तसम्मको खुद जिन्सी मौज्दात रु.१४ करोड २० लाख २७ हजार रहेको छ । जिन्सी मौज्दातको मूल्याङ्कन नेपाल लेखामान अनुसार लागत मूल्य वा बिक्री मुल्य जुन कम छ सो अनुसार गर्नुपर्नेमा परल मूल्यमा सामानहरुको अवस्था अनुसार निश्चित प्रतिशत तोकि सोको आधारमा मूल्याङ्कन गरेको र विदेशी मुद्रामा विक्री हुने कर मुक्त जिन्सी मौज्दातलाई खरिद दर अनुसारको विनिमय दरमा मूल्यांकन नभई वर्षान्तको मौज्दातलाई वाणिज्य बैंकले वर्षान्तमा तोकेको अमेरिकी डलरको विनिमय दरको आधारमा मूल्याङ्कन गरेकोले संस्थाले अपनाएको जिन्सी मूल्याङ्कन विधि नेपाल लेखामान ४ अनुसार सामान्जस्य छैन ।

४.५.१ कच्चा चिनी निकासी गर्दा क्षति भएको ११६.५०० मे.टनको रु.४९ लाख १ हजार एक बीमा कम्पनीसंग बीमा दावि गरेकोमा सम्बन्धित बीमा कम्पनीले सर्वोच्च अदालतमा पुनः मुद्दा दायर गरेकोले सो मुद्दा अदालतमा निर्णय हुन बाँकी भई विचाराधिन रहेको छ ।

४.५.२ यन्त्र बिक्री तथा मर्मत केन्द्र शाखाको गोदाम नं. २ मा अनुदान प्राप्त विभिन्न १५१ थरीका सामानहरुको शून्य मूल्य मौज्दात रहेकोमा सो सामानहरुको मूल्याङ्कन गरी जिन्सी मौज्दात मूल्यमा समावेश गरेको छैन ।

**४.६. ब्यापारिक तथा अन्य प्राप्य रकम** : आसामी हिसाबमा लिनुपर्ने रु.३ करोड ६६ लाख ९५ हजार बाँकी मौज्दात रहेकोमा सम्बन्धित आसामीहरुसंग सोको मौज्दात समर्थन पत्र प्राप्त गरि बक्यौता रकमको निर्क्यौल गरेको छैन । उपरोक्त आसामी मध्ये रु.२ करोड ६६ लाख ११ हजारको शंकास्पद आसामी ब्यवस्था भएको भएतापनि बाँकी रकम असुल हुन सक्ने/नसक्ने वारे निर्क्यौल भएको छैन ।

**४.७. नगद तथा बैंक हिसाब** : यस हिसाबमा केन्द्रको पेटी क्यास रु.३ हजार र बैंक मौज्दात रु.५ करोड ६३ लाख ३९ हजार गरी जम्मा रु.५ करोड ६३ लाख ४२ हजार रहेको छ । केन्द्रीय कार्यालय अर्न्तगत विभिन्न २१ बैंक हिसाबमा खुद डेविट मौज्दात रु.५ करोड १८ लाख ४६ हजार र ३ बैंक हिसाबमा रु.२४ लाख ४० हजार ऋणात्मक (क्रेडिट) मौज्दात न्यून गरी खुद डेविट मौज्दात रु.४ करोड ९४ लाख ६ हजार वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । उक्त ऋणात्मक मौज्दातलाई नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको दायित्व हिसाबमा प्रस्तुत गरेको छैन ।

४.७.१ केन्द्रिय कार्यालय अर्न्तगत विभिन्न २४ लेजर हिसाबमा रु.४ करोड ९४ लाख ६ हजार डेविट मौज्दात रहेकोमा बैंक स्टेटमेन्ट अनुसार रु.५ करोड १४ लाख ४ हजार मौज्दात भई खुद क्रेडिट पेन्डिङ्ग रु.१९ लाख ९८ हजार रहेको मध्ये विभिन्न ७ बैंक खाताहरुमा लामो समय देखिको क्रेडिट पेन्डिङ्ग रु.४ लाख ४५ हजार र डेविट पेन्डिङ्ग रु.५ लाख ९७ हजार पेन्डिङ्ग रकमहरुको फछ्र्यौट गरेको छैन ।

४.७.२ उपत्यका बिक्री वितरण ब्यवस्था शाखाको हिमालयन बैंक लिमिटेड बैंक हिसाबमा विगत वर्षहरुदेखि रिकन्सीलियसन विवरण अनुसार फरक रु.३० हजारको हिसाब मिलान गरेको छैन । नेपाल बैंक लिमिटेको हिसाबमा २०५६।५७ देखि पेन्डिङ्ग रहेको तिन आईटमको रु.१ लाख ७३ हजार नक्कली बैंक डिपोजिट स्लीपहरु पेश गरी एक व्यक्तिले सिमेन्ट लगेको र सो सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दामा विचाराधिन रहेकोले सो पेन्डिङ्ग रकम फछ्र्यौट हुन बाँकी रहेको छ ।

४.७.३ वण्डेड वेयर हाउस तथा ड्यूटी फ्रि शप सेन्टर शाखाको नविल वैंक यु.एस.डलर लेजर हिसाबमा यू.एस.डलर ११,६२१.५० डेविट मौज्दात रहेकोमा बैंक समर्थन पत्र अनुसार यू.एस.डलर ४,७५८.७८ मात्र रही यू.एस.डलर ६,८६२.७२ फरक परेको रकमको रिकन्सीलियसन विवरण तयार गरि हिसाब मिलान गरेको छैन ।

४.७.३.१ नेपाल बैंक लि. को बैंक हिसाबको लेजर अनुसार केडिट मौज्दात रु.१५ हजार र बैंक समर्थन पत्र अनुसार केडिट मौज्दात रु.२ लाख ९८ हजार भई खुद केडिट पेन्डिङ्ग रु.३ लाख १३ हजारमा आ.व.२०५०।५१ देखिको पेन्डिङ्ग रकम समेत बांकी रहेकोमा सोको फछ्र्यौट गरेको छैन ।

४.७.३.२ माछापुछ्रे वैंक लि. बैंक हिसाबको लेजर अनुसार केडिट मौज्दात रु.११ लाख ३४ हजार र बैंक समर्थन पत्र अनुसार केडिट मौज्दात रु.१ लाख ५८ हजार भई खुद डेविट पेन्डिङ्ग रु.१२ लाख ९२ हजार २०६८।६९ देखिको पेन्डिङ्ग रकम फछ्र्यौट गरेको छैन ।

४.७.३.३ हिमालयन वैंक लि. यु.एस.डलर बैंक हिसाबमा लेजर अनुसार यू.एस.डलर २९,५२०.२४ र बैंक समर्थन पत्र अनुसार यू.एस.डलर १००.०० भई खुद डेविट पेन्डिङ्ग यू.एस.डलर २९,४२०.२४ रहेको रकमको वास्तविकता पत्ता लगाई फछ्र्यौट गरेको छैन ।

४.७.४ वीरगंज शाखाको हिमालयन बैंक हिसाबमा लेजर अनुसार रु.७ लाख ३३ हजार र वैंक स्टेटमेण्ट अनुसार रु.९ हजार भई खुद डेविट पेन्डिङ्ग रु.७ लाख २४ मध्ये आ.व. २०६६।६७ को रु.५ लाख र २०६७।६८ को रु.२ लाख २४ हजार वर्षान्तसम्म फछ्र्यौट गरेको छैन ।

४.७.४.१ ग्राहकले रु.५४ हजारको नक्कली वैक दाखिला भौचर बनाई राष्ट्रिय वाणिज्य बैंक श्रीपुरमा देखिएको बैंक मौज्दात (लेजर र स्टेटमेन्ट) असुली गर्न २०५७।६।३ मा कानुनी कारवाही शुरु गरेकोमा हालसम्म असुल हुन सकेको देखिदैन ।

**४.८. अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी** : यस हिसाबमा केन्द्र तथा शाखाहरु अर्न्तगत वर्षान्तसम्ममा रु.१२ करोड ६६ लाख ६९ हजार बांकी मौज्दात रहेको छ । केन्द्रीय कार्यालय अर्न्तगत अवकाश प्राप्त ११४ कर्मचारीबाट लिनुपर्ने रु.१२ लाख ४६ हजार र ३९९ कर्मचारीहरुलाई दिनुपर्ने रु.२८ लाख ९ हजार विगत वर्ष देखि जिम्मेवारी सार्दै ल्याएको बक्यौता रकमको आवश्यक निर्णय लिई फछ्र्यौट गरेको छैन ।

४.८.१ वर्षान्तसम्ममा शाखा समेतको खुद लिनुपर्ने रु.३ करोड २३ लाख ९७ हजार रहेकोमा मूल्य अभिवृद्धि कर विवरण अनुसार रु.३ लाख ५५ हजार दिनुपर्ने भई रु.३ करोड २० लाख ४२ हजार फरक परेकोमा सोको निर्क्यौल गरि खर्च व्यवस्था गरेको छैन । मूल्य अभिवृद्धि करको समयमै हिसाब मिलान नहुंदा सोबाट लाग्ने जरिवाना र ब्याज रकमले संस्थालाई आर्थिक दायित्वमा वृद्धि हुन सक्ने हुंदा यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

४.८.१.१ वण्डेड वेयर हाउस तथा डयूटी फ्रि शप सेन्टरको मुल्य अभिवृद्धि कर हिसाबमा खरिद तर्फ लेखाको खाता बमोजिम रु.२४ लाख ४४ हजार मूल्य अभिवृद्धि कर खाता बमोजिम रु.२४ लाख १४ हजार तथा केन्द्रमा पठाएको विवरण अनुसार रु.२४ लाख ९ हजार भई क्रमश रु. रु.३० हजार र रु.३५ हजार फरक परेको रकमको हिसाब मिलान गरेको छैन ।

४.८.१.२ पोखरा शाखा अर्न्तगत मूल्य अभिवृद्धि कर हिसाबमा मूल्य अभिवृद्धि कर खाता र केन्द्रीय कार्यालयमा पेश गरेको मूल्य अभिवृद्धि कर विवरण अनुसार क्रमश: रु.६६ लाख ५५ हजार र रु.६६ लाख ५० हजार भई रु. ५ हजार फरक रकमको हिसाव मिलान गरेको छैन ।

४.८.२ केन्द्रीय कार्यालय अर्न्तगत २०६८।६९ सम्मको रु.२ करोड ७५ लाख ८ हजार र यस वर्ष अग्रिम आयकर, घर गोदाम तथा ट्यांकर भाडाको अग्रिम कर वापत दाखिला गरेको थप रु.४६ लाख ४० हजार समेत रु.३ करोड २१ लाख ४८ हजार र शाखाहरुको रु.५ लाख ३१ हजार समेत वर्षान्तसम्ममा रु.३ करोड २६ लाख ७९ हजार बाँकी रहेको हिसाब मिलान नभई बक्यौता रहेको छ ।

४.८.२.१ विलम्ब संस्थाले २०६८।६९ देखि २०६९।७० सम्म स्वयंकर विवरण आन्तरिक राजस्व विभागमा पेश गरेको छैन । समयमै स्वयंकर विवरण पेश नहुंदा आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ अनुसार लाग्ने विलम्ब शुल्क, जरिवाना र ब्याज दायित्व वापतको रकम व्यवस्था गरेको छैन ।

४.८.३ संस्थाले विभिन्न ५ वैंकहरुमा रु.१५ करोड ३३ लाख ९ हजारको विभिन्न १८ वटा वैंक जमानत जारी गर्न मार्जिन वापत बैंकहरुमा जम्मा गरेको गत वर्षको जिम्मेवारी सार्दै ल्याएको केन्द्रको रु.७३ लाख ४२ हजार र शाखाहरुको रु.१६ लाख ५२ हजार समेत कूल रु.८९ लाख ९४ हजार बाँकी मौज्दात रहेको छ । उक्त जमानत जारी रकम मध्ये एक बैंक लि.वाट जारी गरिएको जमानत रु.७१ लाख ६९ हजारको मार्जिन रु.३० लाख ५९ हजारको नविकरण गरेको वाहेक अरु

बैंक जमानत नविकरण गरेको छैन र सो बैंक जमानत रकम वित्तीय विवरणमा संभाव्य दायित्वको रुपमा प्रस्तुत गरेको छैन ।

४.८.४ यन्त्र बिक्री तथा मर्मत केन्द्रले २०५६।११।९ मा एक उद्योगमा धरौटी वापत रु.२० लाख जम्मा गरेकोमा सो धरौटी फिर्ता प्राप्त तर्फ कारवाही नगरिएको र सो धरौटी रकमबाट आर्जन हुने ब्याज रकमले संस्थाको आय विवरण हिसाबमा असर पर्न गएको छ।

४.८.५ यस हिसाबमा वर्षान्तसम्म रु.१ करोड ३५ लाख ८२ हजार लिनु बाँकी मौज्दात मध्ये भन्सार धरौटी र विलम्व शुल्क धरौटी वापत रु.९४ लाख रहेकोमा सोको सवुद प्रमाण लेखापरीक्षणको क्रममा उपलब्ध हुन नसकेको र सो धरौटी धेरै वर्ष अघिदेखि जिम्मेवारी सार्दै ल्याएकोमा आवश्यक नोक्सानी व्यवस्था गरिएको छैन ।

**४.९. शाखा हिसाब** : वर्षान्तसम्ममा केन्द्रीय कार्यालय हिसाबमा डेविट रु.२ करोड ५२ लाख ३६ हजार र शाखा कार्यालय हिसाबमा क्रेडिट रु.४ करोड ७२ लाख ६१ हजार बाँकी भई खुद क्रेडिट पेन्डिङ्ग रु.२ करोड २० लाख २५ हजार बाँकी मौज्दात रहेकोमा केन्द्र र शाखासंगको हिसाब भिडान गरि पेन्डिङ्ग रकम लेखाङ्कन तथा फछ्र्यौट गरेको छैन ।

४.९.१ वर्षान्तसम्म विभिन्न ग्राहक तथा अन्यलाई केन्द्रीय कार्यालयले रु.१ करोड ४१ लाख ८१ हजार र शाखाले रु.२ करोड ५४ लाख २२ हजार समेत जम्मा रु.३ करोड ९६ लाख ३ हजार भुक्तानी दिन बाँकी रहेको मध्ये केन्द्रीय कार्यालयको विगत वर्षहरुदेखि कुनै कारोवार नभई अधिकांश बक्यौता जिम्मेवारी सार्दै ल्याएकोले दिनुपर्ने रकमको दायित्व निक्यौंल गरी आवश्यक निर्णय लिई दायित्व नरहेमा आम्दानी जनाउने तर्फ पहल गरेको छैन ।

४.९.२ अन्य विविध कर शीर्षक अर्न्तगत केन्द्र तथा शाखाले अग्रिम कर कट्टी गरेको वर्षान्तसम्मको रु.२९ लाख ४२ हजार आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्न बांकी रहेको छ । संस्थाले कर्मचारीहरुको तलब भत्ताको पारिश्रमिक, बैठक भत्ता, ठेक्का, पार्टी, ढूवानी, घर भाडा, कानूनी सेवा र खरिद गर्दा विभिन्न सप्लायर्सको भुक्तानीमा अग्रिम कर कट्टी रकम आयकर ऐन तथा नियमावली अनुसार अर्को महिनाको २५ गतेसम्म आन्तरिक राजस्व कार्यालयमा दाखिला नगरि ढीलो दाखिला गरेकोले जरिवाना वापते दायित्व रकम निक्यौल गरी खर्च ब्यबस्था गरेको छैन ।

४.९.२.१ वण्डेड वेयर हाउस तथा ड्यूटी फि शप सेन्टर अर्न्तगत विभिन्न ९ पार्टिहरुवाट रु.१ लाख २३ हजार अग्रिम कर कट्टी गर्नुपर्नेमा रु.८६ हजार कर कट्टी गरि रु.३७ हजार घटी अग्रिम कर कट्टी गरेको छ ।

४.९.३ वीरगंज शाखाको अरु तिर्न बाँकी हिसाब अर्न्तगत सण्ड्रीक्रेडिट हिसाबमा २०६७।६८ देखि जिम्मेवारी सार्दै ल्याएको रु.६२ हजार, तलब भत्ता शीर्षकमा .२०६७।६८ देखिको रु.६ हजार, कर्मचारीबाट, ढुवानी, नगरपालिका कर र ठेक्का करको अग्रिम कर वापत समयमै आन्तरिक राजस्व कार्यालयमा दाखिला नगरेको २०६७।६८ देखि २०६९।७० सम्मको रु.३ लाख १८ हजार र विभिन्न धरौटी वापत रु.२ लाख ३० हजार बक्यौता फछ्र्यौट तर्फ कारवाही भएको छैन ।

४.९.३.१ संस्थाले २०६७।६८ देखि र सो भन्दा अघिको वर्षान्तसम्मको बक्यौता रु.१ करोड १७ लाख ५४ हजार मध्ये २०६७।६८ र २०६८।६९ को घर जग्गा कर र जरिवाना वापतको रु.१ करोड १५ लाख ८९ हजार र बांकी विभिन्न पार्टिलाई भुक्तानी गर्नुपर्ने रकम फछ्र्यौट तर्फ कारवाही गरेको छैन ।

४.९.४ पोखरा शाखा अर्न्तगत अरु तिर्न बाँकी हिसावमा २०६६।६७ देखि २०६९।७० सम्मको नगरपालिकालाई तिर्न बाँकि कर रु.४ लाख ५३ हजार भुक्तानी गरी फछ्र्यौट गरेको छैन ।

४.९.५ भैरहवा शाखा अर्न्तगत अरु तिर्न वाँकी हिसावमा २०६७।६८ र २०६८।६९ को नगरपालिका कर वापत रु.८ लाख २८ हजार बक्यौता रकम फछ्र्यौट गरेको छैन ।

**४.१०. व्यवस्थाहरु** : संस्थाले कर्मचारीहरुको उपदान ब्यवस्था वापत रु.२० करोड ७५ लाख २९ हजार ब्यवस्था गर्नुपर्नेमा रु.३ करोड १२ लाख ९८ हजार ब्यवस्था गरी रु.१७ करोड ६२ लाख ३१ हजार र संचित घर तथा विरामी विदा ब्यवस्था वापत रु.४ करोड ४७ लाख ७० हजार दायित्व ब्यवस्था गर्नुपर्नेमा रु.८२ लाख ४२ हजार मात्र ब्यवस्था गरी रु.३ करोड ६५ लाख २८ हजार गरि उपदान र घर तथा विरामी विदा ब्यवस्था वापत वर्षान्तसम्म जम्मा रु.२१ करोड २७ लाख ५९ हजारले कम ब्यवस्था गरेको हुंदा सोही रकमले आय विवरण हिसाबमा असर परेको छ । साथै संस्थाले उपदान ब्यवस्था वापत रकमको गणना नेपाल लेखामान १४ अनुसार विमांकीक मूल्याङ्कन को आधारमा गरेको छैन ।

**४.११. आम्दानी** : विरगंज शाखाले २०७० श्रावण महिनाको गोदाम भाडा वापत रु.१ लाख १० हजार आम्दानी गरेकोले नेपाल लेखामान अनुसार सामान्जस्य नभई सोही रकमले वित्तीय विवरणमा असर परेको छ ।

**४.१२. स्थगन कर :** संस्थाले नेपाल लेखामान ९ अनुसार स्थगन कर सम्पत्ति र दायित्वको गणना गरि लेखांकन गरेको छैन ।

**४.१३. नियम कानुन पालना :** संस्थाले सम्पत्ति मा भएको परिर्वतनको विवरण तयार गरी वित्तीय विवरणमा प्रस्तुत गरेको छैन । संस्थाले तयार गरेको वित्तिय विवरण नेपाल लेखामानको ढांचासंग सामन्जस्य छैन ।

४.१३.१ आयकर ऐन, २०५८ तथा नियमावली, २०५९ अनुसार कर्मचारीलाई सहुलियत दरमा दिएको सापटीहरुको व्याजदर र प्रचलित व्याजदरको फरक व्याजदरवाट हुने रकम समेत कर्मचारीहरुको आयमा समावेश गरी आयकरको गणना गरेको छैन ।

४.१३.२ कम्पनी ऐन, २०६३ को दफा ६१(१) अनुसार पब्लीक कम्पनीको खुद सम्पत्ति चुक्ता पूंजीको आधा वा सो भन्दा कम हुन आएमा उपयुक्त रणनीति तयार गर्नुपर्ने र साधारण सभामा यस सम्वन्धी छुट्टै प्रस्ताव राख्नुपर्ने प्रावधानको पालना गरेको छैन ।

४.१३.२.१ कम्पनी ऐन, २०६३ को दफा १६४ को उपदफा (१) वमोजिम लेखापरीक्षण समितिको गठन भएकोमा २०६८।६९ को मिति २०६८।०८।०१ देखि लेखापरीक्षण समितिको वैठक संचालन नभई निस्कृय भएकोमा लेखापरीक्षण समितिलाई प्रभावकारी बनाएको छैन।

४.१३.३ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट संस्थाको वण्डेड वेयर हाउस तथा ड्यूटी फ्रि शप सेन्टर (कर मुक्त मदिराको बिक्री सम्बन्धी) को सक्कल कागजातहरु (हाम्रो परीक्षणको लागि उपलब्ध नभएको) अनुसन्धान भइरहेको र अनुसन्धानको निर्क्यौल सम्बन्धी कुनै जानकारी प्राप्त नभएको हुंदा अनुसन्धानको निर्क्यौलवाट संस्थाको २०६९।७० को वित्तिय विवरणमा पर्न सक्ने असर बारे राय दिन सक्ने स्थिति रहेन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखपरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथिका बुंदा नं ४.१ देखि ४.१३ सम्म उल्लेखित व्यहोराहरुबाट पर्ने असर वाहेक संलग्न वित्तीय विवरणले लेखा टिप्पणीमा उल्लेख गरिएका केही बुंदाहरु बाहेक संस्थाको ३१ आषाढ, २०७० को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

७. **कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धि प्रतिवेदन**

क) हामीले सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथासिघ्र पायौं ।

ख) कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानून वमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाव किताब, अभिलेख र विवरणहरु दुरुस्तसंग छन् ।

घ) हामीलाई उपलब्ध गराइएको जानकारी तथा स्पष्टिकरणको आधारमा पहिले हिनामिना कारवाहीमा परेको र अनुच्छेद ४.१ देखि ४.१३ मा उल्लेख गरेको वाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

## नेपाल पशु चिकित्सा परिषद् (२०७२।७३)

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ नेपाल पशु चिकित्सा परिषद्को २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रबाह विवरण तथा ईक्विटीमा भएका परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

## ३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्यांइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा सहित प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

## ४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **औषधि उपचार खर्च :** कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलवमानको १० प्रतिशतले हुने रकम औषधि उपचार खर्च प्रत्येक महिना भुक्तानी दिदै आएकोमा परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०६७ को विनियम २६ अनुसार मासिक रुपमा कट्टी हुने औषधि उपचार वापतको रकम सम्वन्धित कर्मचारीको नाममा नागरिक लगानी कोषमा जम्मा गर्ने गरेको देखियो । यस वर्ष परिषद्बाट कर्मचारीहरुलाई औषधि उपचार वापत अनुदान श्रोतबाट रु.१ लाख ५६ हजार र परिषद्को आन्तरिक श्रोतबाट रु.२ हजार समेत रु.१ लाख ५८ हजार कोषमा जम्मा गरेको छ । कर्मचारीहरुलाई दिइने औषधि उपचार वापतको रकम नोकरी अवधिमा पाइने गरी अवधि तोकिएको देखिएन । तसर्थ निश्चित अवधि तोकि परिषद्का कर्मचारीहरुलाई औषधि उपचार वापतको रकम दिने गरी विनियमावलीमा आवश्यक व्यवस्था गरी आर्थिक मितव्ययिता अपनाई खर्च लेख्नु पर्ने देखिन्छ ।

४.२. **परिषद् भवनको मूल्यांकन :** परिषद् भवनको माथिल्लो तलामा भवन थपी नेपाल सरकार पशु सेवा विभाग अन्तर्गत जुनोसिस नियन्त्रण आयोजनाबाट २०७१।१।१७ मा हस्तान्तरण भई परिषद्को नाममा पत्र आएको देखियो । सो पत्रानुसार एक निर्माण सेवा प्रदायकबाट रु. २० लाख ८८ हजारमा निर्माण कार्य सम्पन्न गराई हस्तान्तरण गरेको छ । परिषद्को सम्पत्ति विवरणमा परिषद्को भवनमा तला थपेको परल मूल्य रु २० लाख ८८ हजार मात्र सम्पत्ति तथा जायजेथा कायम गरी सो मूल्य मध्ये यस वर्ष सम्मको ह्रासकट्टी २ लाख ३५ हजार भई बांकी रु.१८ लाख ५३ हजार बाकी रहेको देखियो । परिषद् भवनको वास्तविक मूल्यांकन कायम गरी सम्पत्ति विवरणमा समावेश गरेको देखिएन ।

## ५. व्यवस्थापन पत्र

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोराको व्यवस्थापनले सुधार गर्नुपर्दछ ।

## ६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि वुँदा नं. ४.१ र ४.२ मा औल्याइएका विषयले वित्तिय विवरण हरुमा पर्ने असर वाहेक, संलग्न वित्तिय विवरणले नेपाल पशु चिकित्सा परिषद्को २०७३ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

## प्रेस काउन्सिल नेपाल (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न प्रेस काउन्सिल नेपालको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचितरुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारीरुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखा परीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखा परीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएको सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइंका यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखा परीक्षण राय व्यक्त गर्ने आधार**

४.१. कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.२. कर्मचारी अवकाश कोष - प्रेस काउन्सिल सचिवालयमा कार्यरत कर्मचारीहरुलाई अवकाश प्राप्त भएपछि दिनुपर्ने सुविधा, उपदान, औषधोपचार, संचित विदाको रकमको लागि यो कोषको व्यवस्था गरिएको देखियो । कोषमा प्रत्येक वर्ष काउन्सिलले रकम व्यवस्था गर्दै जानुपर्नेमा नेपाल सरकारको श्रोत रकमबाट मात्र जम्मा गर्ने गरेको पाइयो । अत: काउन्सिलको आम्दानी समेतबाट रकम व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४.३. **भवन तथा जग्गाको स्वामित्व -** काउन्सिलले भवन निर्माण गरेको जग्गाको स्वामित्व सूचना विभागको नाममा रहेको जानकारी हुन आएकोले आफ्नो स्वामित्वमा नरहेको जग्गामा भवन निर्माण गरी खर्च लेख्न नमिल्ने व्यहोरा गत विगत वर्षको लेखापरीक्षणबाट दर्शाउँदै आएको भएतापनि जग्गाको स्वामित्व आफ्नो नाममा ल्याउने कार्य गरेको देखिएन । काउन्सिलले पानी

शुद्धिकरण औजार खरिदमा रु. १ लाख १४ हजार खर्च लेखेकोमा सो निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन ।

४.४. **सार्वजनिक खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ दफा २ (ख) २ मा नेपाल सरकारको पूँजी वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थालाई पनि सार्वजनिक निकायको रुपमा उल्लेख गरिएको छ । प्रेस काउन्सिल सार्वजनिक निकाय भएकाले उक्त ऐनको प्रावधान काउन्सिलमा पनि लागू हुने देखिन्छ । काउन्सिलले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी प्रेस काउन्सिल नेपाल खरिद विनियमावली, २०६५ वनाएको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को पालना हुने गरी काउन्सिलको आर्थिक प्रशासन विनियमावलीमा संशोधन गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

४.५. **खर्च निर्देशिका –** काउन्सिलले प्रेस काउन्सिल खर्च निर्देशिका, २०६९ तयार गरी कर्मचारीहरुलाई पारिश्रमिक तलब, भत्ता, यातायात खर्च, दैनिक भ्रमण र भत्ता, टेलिफोन सुविधा आदि खर्च लेख्ने गरेको पाइयो । यस्तो कर्मचारीहरुलाई दिइने सुविधा प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७ मा नै व्यवस्था गरी खर्च लेख्नु पर्ने देखिन्छ । उक्त खर्च निर्देशिका सम्बन्धित मन्त्रालयमा स्वीकृति गराई राखेको पनि देखिएन ।

४.६. **परिवहन भत्ता -** परिवहन भत्ता सम्बन्धमा काउन्सिलको विनियमावलीमा व्यवस्था नगरी परिवहन भत्ता वापत प्रेस काउन्सिलका सदस्य एवं उपसमितिका पदाधिकारीहरुलाई यो वर्ष बैठकमा भाग लिन आउंदा प्रति बैठक रु. ६००।- का दरले बार्षिक परिवहन वापत रु. ३ लाख ७९ हजार खर्च लेखेको देखियो । काउन्सिलको विनियमावलीमा नै व्यवस्था गरी सुविधा उपलव्ध गराउनु पर्ने व्यहोरा लेखापरीक्षणबाट दर्शाउँदै आएतापनि यस वर्ष पनि सुधार भएको देखिएन ।

४.७. **तलब स्केल र ग्रेड –** नेपाल सरकारले कर्मचारीहरुको तलव ग्रेड स्केल कायम गरिए अनुसार तलब खर्च लेख्नु पर्नेमा २०७१/१/१९ र २२ को बोर्ड बैठकबाट काउन्सिलका नवौं तहका १ र सातौं तहका १ कर्मचारीको तलव र ग्रेड निम्नअनुसार कायम गरेको देखियो ।

| तह | पद | तलव स्केल | ग्रेड बृद्धि | ग्रेड संख्या |
|---|---|---|---|---|
| नवौं | बरिष्ठ प्रशासकीय अधिकृत | २७०४०/- | २१०/- | ११ |
| सातौं | उप-प्रशासकीय अधिकृत | २३५३०/- | १८०/- | १४ |

उपरोक्त अनुसारको तलव एवं वृद्धिदर कायम गरेको भएतापनि यस वर्षमा नवौं तहका १ कर्मचारीलाई मासिक तलब रु. २९,७४५/- र ग्रेड बृद्धि रु. २५५०/- को दरले खर्चको लेखेको र सातौं तहका १ कर्मचारीलाई मासिक तलव रु. २५८८५/- र ग्रेड बृद्धि रु. ७१०/- को दरले खर्च लेखेको देखियो ।

प्रेस काउन्सिल आर्थिक विनियमावली, २०५७ विनियम ११ अन्य सुविधा (१) मा काउन्सिलमा कार्यरत कर्मचारीहरुको तलव स्केल ग्रेड आदि नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेकोमा काउन्सिलको बोर्ड बैठकको निर्णयले तलव र ग्रेड कायम गरी खर्च लेखेको देखियो ।

## ५. व्यवस्थापन पत्र

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

## ६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुंदा नं. ४.१ देखि ४.६ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले प्रेस काउन्सिल नेपालको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## प्रेस काउन्सिल नेपाल (२०७२।७३)

१. **बार्षिक वित्तीय विवरण उपर प्रतिबेदन**

हामीले यसै साथ संलग्न प्रेस काउन्सिल नेपालको २०७३ आषाढ मसान्तको वासलात एंव सोही मितीमा समाप्त भएको आर्थिक बर्षको आय विवरण र तत्सम्वन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तिय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्वन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचितरुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तिय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरीक नियन्त्रण प्रणाली निरन्तर प्रमावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापीत गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखा परीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएको सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइंका यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी बा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्गन व्यवसायिक विबेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उप यूक्तताबारेमा परीक्षण गरीएको छ तापनी त्यस्तो आन्तरीक नियन्त्रण प्रणलीको प्रभाबकारीताको बारेमा लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मुल्याङ्गन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

५. **लेखापरीक्षकको राय**

हाम्रो रायमा संलग्न प्रेस काउनसिल नेपालको २०७३ आषाढ मसान्तको वित्तीय विवरणले सो संस्थाको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजाको सही र यथार्थ चित्रण गर्दछ ।

## राष्ट्रिय आवास कम्पनी लिमिटेड (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न राष्ट्रिय आवास कम्पनी लिमिटेड २०७२ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर

प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ आयकर ऐन, २०५८ को दफा ८ बमोजिमको पारिश्रमिक भुक्तानीमा करकट्टी गर्दा आयकर ऐन, २०५८ को अनुसूची १(२) अनुसार नभएको तथा करकट्टी गरेको रकम ऐनले तोकेको समयमा दाखिला भएको पाइएन ।

४.२ कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, २०४९ अनुसार यस कम्पनीले २०७१/७२ सम्म स्थायी कर्मचारीको उपदान, औषधि उपचार, संचित विदा र जीवन बीमा वापत पाउने रकमको व्यवस्थान गरी २०५६/५७ मा रु.९३ लाख ८१ हजारको व्यवस्था भएकोमा त्यसपछिका वर्षहरुमा व्यवस्था नगरेकोले कम्पनीको यथार्थ दायित्व लेखाङ्कन भएको छैन । कम्पनीले कर्मचारीलाई दिने उपर्युक्त सुविधाहरुको नेपाल लेखामान १९ कर्मचारी सुविधा अनुसार बीमाङ्कीय मूल्याङ्कन गराई लेखाङ्कन गर्नुपर्ने हुन्छ ।

४.३ आर्थिक विनियमावली, २०६८ को विनियम १९ (१) मा निरीक्षण गरी प्रतिवेदन लिखित रुपमा लिने व्यबस्था छ । यसरी निरीक्षण प्रतिवेदनमा आम्दानी बाध्न छुट भएको मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाध्न लगाई मर्मत सम्भार र संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो अनूसार कार्यान्यवन भएको पाईएन । साथै नेपाल लेखामान २ (साबिक लेखामान ४) अनुसार जिन्सीको लागत र खुद प्राप्य मूल्य मध्ये जुन न्यून हुन्छ सोही मूल्यमा मूल्याङ्कन गरी लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको पाइएन ।

साथै जिन्सि मौज्दातको यथार्थ भौतिक परिमाण लेखापरीक्षणमा उपलब्ध भएन । साथै कम्पनीले यस आर्थिक वर्षमामा कम्पनीको नाममा रहेका जग्गा मौज्दातलाई हालको वजार मूल्यको आधारमा पुनर्मूल्याङ्कन गरि लेखाङ्कन गरेको पाइयो । कम्पनी जग्गा को बिक्री कारोबारमा र्सलग्न भएकोले लागत र खुद प्राप्य मूल्य मध्ये जुन कम हुन्छ सोही मूल्यमा लेखाङ्कन गर्नुपर्नेमा सो नगरी पुनर्मूल्याङ्कन मूल्यलाई मात्र समावेश गरिएको पाइयो ।

४.४ कम्पनीको लेखाविधि निर्देशिका, २०५८ को ३(१) अनुसार विकास खर्चको लेखाङ्कन गर्दा गुरुयोजनाको नामसंग जोडेर लेखा शीर्षक लेख्नुपर्ने प्रावधान रहेता पनि केन्द्रीय तथा योजना कार्यालयहरुले विकास खर्चको लेखाङ्कन गर्दा सम्बन्धित गुरुयोजना संग नजोडी विकास खर्चलाई एकमुष्ट लेखाङ्कन गरेको पाइयो । केन्द्रीय कार्यालय तथा विभिन्न योजना कार्यालयले उक्त शीर्षकमा रु. ७८ लाख ८६ हजार लेखाङ्कन गरेको पाइयो । उक्त रकमहरु सम्बन्धित गुरुयोजना मा लेखाङ्कन गरी जग्गा मौज्दात रकममा पूँजीकरण गर्नुपर्ने देखिन्छ ।

४.५ नेपाल सरकार र यस कम्पनी बीच भएको सम्झौतामा जग्गा वितरण गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन प्रयोजनको लागि कायम न्यूनतम मूल्यको वीस प्रतिशत रकम अतिरिक्त शुल्क लिई जग्गाधनी प्रमाणपूर्जा दिने व्यवस्था गरेको र उक्त अतिरिक्त शुल्कबाट उपलब्ध हुने रकमको पचास प्रतिशत राजस्वमा दाखिला गर्न २०५०/९/२२ मा मन्त्रिपरिषद्को निर्णय भएता पनि कम्पनीले नेपाल सरकारलाई बुझाउनुपर्ने रु. १ करोड २४ लाख ४८ हजार भुक्तानी गरेको पाइएन ।

४.६ यस कम्पनीले योजना कार्यालयहरुमा पुनर्वास कार्यक्रम अन्तर्गत प्रति विगाहा मूल्य बापत शुरुमा रु.३००।०० का दरले र तत्पश्चात् २०५०/९/२२ को मन्त्रिपरिषद्को निर्णयानुसार रु.६००।०० का दरले नेपाल सरकारलाई बुझाउनुपर्ने जम्मा रु.१ लाख ४९ हजार बुझाएको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुँदा नं. ४.१ देखि ४.६ सम्म औंल्याएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०७२ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड (२०७२।७३)

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आषाढ ३१, २०७३ को वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी महत्वपुर्ण लेखानीति तथा लेखा टिप्पणी सम्मिलित वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदन मान, कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशिका तथा अन्य प्रचलित कानुन अनुरुप वित्तीय विवरण तयार एवं समुचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

यस्तो जिम्मेवारी अन्तगर्त वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकतानूसार उचित लेखा अनुमान गर्ने जिम्मेवारीपनि व्यवस्थापनको रहेको छ ।

**३. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

**४. कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभुत असर पार्ने व्यवहोराहरु निम्नानूसार रहेका छन्:

४.१ **खूद सम्पत्ति** – व्यवस्थापनले तयार गरेको वित्तीय विवरण अनुसार २०७२।७३ को अन्त्य सम्ममा खूद सम्पत्ति रु. ८ अर्ब ६० करोड६२ लाख (गत वर्ष रु ६ अर्ब ६७ करोड ५७ लाख) ले धनात्मक रहेको छ । यसै प्रतिवेदनमा उल्लेखित कैफियतहरुको यथोचित समायोजन गर्दा सो रकममा असर पर्नेछ ।

४.२ **शाखा हिसाब मिलान** – अन्तर शाखा हिसाब मिलानको अवस्था कमजोर रहेकोले यस वर्षको अन्त्य सम्ममा अन्तर शाखा हिसाब मिलान हुन वांकी रकम रु ३अर्ब३६ करोड८९ लाख (गत वर्ष रु. ३अर्ब९६ करोड ५१ लाख ) देखिएको छ । हिसाब मिलान हुन नसकि वर्षौंदेखि बांकी रहेका रकमहरु समेत समावेश रहेको, आयुगत बक्यौता विवरण तयार गरी चारीत्रीकरण नगरेको र त्यस्ता रकमहरुको हिसाब मिलान नभएबाट बैंकको सम्पत्ति, दायित्व, आय तथा व्ययमा कारोबारको प्रकृति अनुसार पर्नसक्ने असर सम्बन्धमा यकिन गर्न सक्ने अवस्था रहेको छैन ।

४.३ **ऋणात्मक निक्षेप खाता** – निक्षेप हिसावमा २०७२/७३ को अन्त्य सम्ममा जम्मा रू.५ करोड ६१ लाख (विगत वर्ष रू.५ करोड ६२ लाख) ओभरड्रन भएको देखिन्छ । विगत वर्ष भन्दा यो वर्षमा निक्षेप खाता ओभरड्रनमा रू १ लाखले सुधार भएपनि आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ ।

४.४ **ब्याज असुली तथा मुल्तवि –** असुली गर्न बांकी ब्याज र मुल्तवि ब्याज हिसाबमा २०७२/७३ को अन्त्यमा असुली गर्न बांकी ब्याज भन्दा मुल्तवि ब्याज रु.६ करोड२२ लाख ले बढि देखिएको छ । साथै विगत वर्षहरु देखिनै केहि कर्जाहरुको सांवा शून्य भईसक्दा पनि उक्त कर्जा अन्तर्गत लिनुपर्ने देखिंदै आएको ब्याज रू.९४ करोड ८४ लाख देखिन्छ । यसरी फरक परेकोमा कारण पत्ता लगाई हिसाब मिलान हुन सकेको छैन ।

४.५ **कर्मचारी बोनस –** यस वर्षको नाफा नोक्सान हिसाब अनुसारको कर अघिको नाफाको ८ प्रतिशतले हुने रु.२४ करोड ९ लाख २१ हजार (गत वर्ष रु.४३ करोड २ लाख ८० हजार) लाई कर्मचारी बोनस खर्च शीर्षकमा लेखाङ्कन गरी बोनसवापत व्यवस्था गरिएको छ । विगत २०६५/६६ देखि वितरण गर्न बांकी रहेको बोनस व्यवस्था रकम नेपाल सरकारबाट वितरण गर्न रोक लगाएकोले यस २०७२/७३ मा पनि बोनस वितरण भएको छैन ।

सर्वोच्च अदालतको २०७२/०९/१२ को फैसला अनुसार २०६५/६६ देखि २०७१/७२ सम्मको बोनस बांड्न तथा प्रत्येक आर्थिक वर्ष सकिएको ८ महिनाभित्र बोनस वितरण गर्न आदेश भई आए बमोजिम बैंकको संचालक समितिले २०६५/६६ देखि २०७१/७२ सम्मको बोनस रकमको वितरण गर्ने निर्णय गरी लेखापरीक्षण अवधि सम्ममा उक्त आर्थिक वर्षहरुको बोनस रु.१ अर्ब ४ करोड ४५ लाख वितरण भइसकेको व्यवस्थापनवाट जानकारी प्राप्त भएको छ ।

४.६ **जग्गाधनी प्रमाणपुर्जा –** साबिकमा नेपाल खाद्य संस्थानवाट रु. ७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनि १ आना ३ पैसा जग्गाको हालसम्म पनि जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन । यस वापत हुने दायित्वको पनि व्यवस्था भएको छैन । यस वारेमा विगत वर्षदेखि औंल्याउदै आएकोमा स्थिति यथावत् छ ।

४.७ **आयकर –** अन्य सम्पत्ति अन्तर्गत २०७२/७३ को अन्त्यमा अग्रिम आयकर रु.१ अर्ब ६२ करोड ७२ लाख देखाएको छ । विगतका वर्षहरुमा राजस्व न्यायधिकरणबाट फैसला भई बैंकले स्वीकार गरेको आयकर दायित्वलाई बैंकले माथि उल्लेखित अग्रिम आयकरवाट समायोजन गरेको छैन ।

४.८ **कर्जा अपलेखन –** नेपाल राष्ट्र बैंकले अपलेखन गरेका कर्जाहरुको धितो सम्पत्तिहरु बैंकले सकार गर्ने र नगरेमा अपलेखन गर्न नमिल्ने निर्देशन जारी गरेकोमा सो विपरित २०६२/६३ मा धितो सकार नगरि कर्जा अपलेखन गरेकोमा सो कार्य अनियमित भई नियमित गर्न त्यस्तो सुरक्षण सम्पत्ति २०६४/६५ भित्रमा सकारी सक्ने गरी नेपाल राष्ट्र बैंकवाट स्वीकृति लिएकोमा यो वर्षमा पनि सो कार्य हुन सकेको छैन । यस वर्ष सम्ममा सांवा वापत रु.४ अर्व ८१ करोड ३६ लाख र ब्याज वापत रु. १५ अर्व ९५ करोड ३९ लाख धितो सकार नगरी कर्जा अपलेखन गरेकोमा यस आर्थिक वर्षको सांवा रु.१९ करोड ४४ लाख र ब्याज रकम रु. २० करोड ३२ लाख गरी रु. ३९ करोड ७६ लाख समेत गरी आर्थिक वर्ष २०७२/७३ मसान्त सम्ममा सांवा रु. १ अर्ब ५१ करोड र ब्याज रु. १ अर्ब १७ करोड ३७ लाख मात्र असुल उपर भएको देखिन्छ भने सांवा रु.३ अर्ब ३० करोड ३६ लाख असुल उपर गर्न वांकी रहेको देखिन्छ । साथै कर्जा अपलेखन विनियमावली, २०६२ अनुसार अपलेखन गरिएका कर्जा तथा सो सम्बन्धी कर्जा फाईल तथा अन्य कागजातहरु कर्जा असुली तथा पुनसंरचना विभागले लेखा राख्नुपर्नेमा सो को अभिलेख अद्यावधिक नगरेको र कतिपय फाईलहरु सम्बन्धित शाखा कार्यलयहरुमा रहेको अवस्था छ । अपलेखित कर्जा मध्ये एक समुहको

नाममा रहेको रु. ८६ करोड ४० लाख सम्बन्धका अदालतमा मुद्दामा रहेको जानकारी प्राप्त भएको तर सो कर्जा फाइल बैंकमा रहेको देखिंदैन । साथै अपलेखित कर्जा मध्ये केही कर्जाहरुको धितो समेत नरहेकोले सांवा असुली शंकास्पद रहेको देखिन्छ । उदाहरणका लागि एक एयरसंग असुली गर्न बांकी कर्जा रु ३ करोड ७४ लाख र नियमित ब्याज रु ८ करोड ७६ लाख, एक ट्रेड कन्सर्नसंग असुल गर्न बांकी कर्जा रु. १७ लाख नियमित ब्याज रु. ५३ लाख र अपलेखित कर्जा मध्ये धितो नपुग रहेको विवरण अद्यावधिक गरेको छैन ।

४.९ **हिसाबमिलान –** नेपाल लेखामान परिचयको दफा ४.४४ र ४.४६ अनुसार कुनै सम्पत्ति र दायित्वलाई वासलातमा देखाउनको लागि उक्त सम्पत्ति वा दायित्वबाट संस्थालाई भविष्यमा आर्थिक श्रोतको लाभ वा बाह्यगमन हुनुको साथै सम्पत्ति वा दायित्वको रकम विश्वसनीय तरीकाले निर्धारण गर्न सकिने व्यवस्था रहेकोमा पूराना पेण्डिंग रहेका डाफ्ट, पेअर्डर, म्यानुयल पद्दतीबाट पुमोरी सफ्टवेयर लागु गर्दा भएको फरक रकम, रिकन्साइल नभएका बैंक मौज्दात आदिलाई सम्पत्ति र दायित्वमा लामो समयदेखि लेखांकन गर्दै आएको छ ।

- म्यानूअल हिसाबलाई पुमोरी सफ्टवेयरमा स्थानान्तरण गर्दा पहिचान नभएको खूद रकम रु.५३ लाख २८ हजार बांकी रहेको र सो रकमको हिसाब मिलान नभएको कारणले सोको असर एकिन गर्न सकिएन ।
- खाता बन्द भईसकेका पुराना निक्षेप तथा संचालनमा नआएका एजेन्सी खाताहरुको लिनुपर्ने रकमको हिसाब बांकी रू. ५ करोड ३२ लाख वापतको व्यवस्था गरेता पनि अपलेखन गरेको छैन ।
- आन्तरिक संचार एवं सुचना प्रणाली चुस्त नरहेको र मार्गस्थ हिसाबमा रहेको रकमलाई यथोचित लेखा शीर्षकमा लेखांकन नगरेको कारणले वर्षान्तमा रु. ९ करोड ३७ लाख (गत वर्ष रु. १२ करोड ७४ लाख) मार्गस्थ हिसाबमा बांकी रहेकोले सम्पत्ति, दायित्व, आय तथा व्ययमा सो रकमले असर पर्न जाने देखिन्छ।
- मूख्य शाखा कार्यलयमा २५ वर्ष भन्दा बढी अवधिदेखि जिम्मेवारी सार्दै ल्याएको रु.४ करोड ३२ लाख असुली हुन नसकेकोले अपलेखन गर्नुपर्नेमा शत प्रतिशत नोक्सानी व्यवस्था गरी वित्तीय विवरणमा समावेश गर्दै आएको छ ।
- अन्य दायित्व अन्तर्गत हिसाब मिलान हुन बांकी कर्जा असुली हिसाव अन्तर्गत रु. २१ करोड ६० लाख, कर्मचारी अन्य दायित्व अन्तर्गत सिराहा शाखाले रु. ७३ लाख २२ हजार र मुख्य शाखा कार्यालयले देखाएको रु. १७ लाख ३ हजार को हिसाब मिलान तथा एसडीआर ऋण बापत तिर्नुपर्ने ब्याज रु. १० करोड ७७ लाख हिसाब मिलान तथा भुक्तानी गर्न बांकि रहेको छ ।
- यस वर्षको अन्तसम्ममा सण्ड्रि डेटर्समा बांकी रहेको रु २ करोड ५५ लाख यथोचित लेखांकन गर्नु पर्नेमा नगरी थाती राख्दा व्यय र सम्पत्तिको यथार्थ चित्रण भएको छैन ।
- विना सुचना ड्राफ्टको भुक्तानी रकम रु. ९ करोड १२ लाख (गत वर्ष रु. ९ करोड १२ लाख) को पूर्ण व्यवस्था भएता पनि सो रकमको वास्तविकता पहिचान गरी हिसाब मिलान हुन सकेको छैन ।
- मुख्य शाखा कार्यालय अर्न्तगत विगत धेरै वर्षहरु देखि जिम्मेवारी सार्दै आएको पुराना प्रतितपत्रहरुको हिसाब मिलान गरेको पाइएन ।

- ने.रा.बैंक (ने. रु. खाता)अन्तर्गत यस बैंकको किताबी मौज्दात रु. १७ अर्ब ८१ करोड (डेबिड) रहेको छ भने ने. रा. बैंकको स्टेटमेन्ट तर्फ रु. १५ अर्ब ८० करोड (क्रेडिट) रहेको देखिन्छ । यस बैंकले उक्त फरक रकम रु. २ अर्ब १ करोड को हिसाब मिलान विवरण तयार गरेको छैन ।

४.१० **डी रीक्जीनेशन –** नेपाल लेखामान १६ को दफा ६७ डी रीक्जीनेशन (De-recognition) अनुसार कुनै सम्पत्तिको खूद मुल्यलाई निसर्ग गरिएमा वा भविष्यमा यसबाट कुनै आर्थिक लाभ प्राप्त हुने नदेखिएमा सम्पत्तिबाट हटाउनु पर्दछ । तर स्थीर सम्पत्ति रजिष्टरमा देखाईएका कतिपय सामानहरु प्रयोगमा नआएको र भविष्यमा यसबाट कूनै आर्थिक लाभ प्राप्त हुने नदेखिएको भएपनि सो सम्पत्तिको किताबी मुल्यको अपलेखन नगरी ह्रास कट्टी गर्ने गरिएको छ ।

४.११ **गैर बैंकिंग सम्पत्ति –** विगत वर्षमा ऋण असूल गर्न धितो राखेको घर जग्गा बैंकले सकार गरेको रु ८ करोड ३६ लाख बराबरको सम्पत्ति अन्य व्यक्तिहरुले प्रयोग गरे वापत प्राप्त हुनु पर्ने आम्दानी लेखांकन भए नभएको एकिन गर्ने परिपाटी नरहेकोले कुल आम्दानीको रकम एकिन गर्न सकिने अवस्था छैन । साथै सकार गरेका सम्पत्तिबाट भोगचलन गरिरहेका व्यक्तिहरुलाई हटाउन सकेको छैन ।

४.१२ **निक्षेप –** अप्रमाणित निक्षेप रु.३४ करोड २४ लाख (गत वर्ष रु. ३४ करोड२०लाख) सम्बन्धित निक्षेप खातामा जम्मा गर्न ढिलाई भएबाट एकातिर बैंकको साखमा प्रतिकुल असर पर्न जाने देखिन्छ भने अर्कातिर त्यस्ता रकममा ब्याजको गणना नहुंदा ब्याज खर्च पनि कम लेखांकन हुन गएको छ ।

४.१३ **मुल्य अभिबृद्धि कर/आयकर –** एक विदेशी संस्थालाई लाई भुक्तानी गरेको रू. ७ करोड ९० लाखमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम मुल्य अभिबृद्धि कर काटेको छैन ।

४.१४ **नेपाल वित्तीय प्रतिवेदन मान –** वित्तीय विवरणहरु तयारी वा प्रस्तुति गर्दा नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान १ (वित्तीय विवरणको प्रस्तुतीकरण), नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान ८ (लेखा नीति, लेखा अनूमानमा परिवर्तन तथा लेखांकन गल्ती), नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान १६ (प्रोपर्टि प्लान्ट एण्ड इक्विपमेन्ट) र नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान १८ (आय) को पूर्ण पालना गरेको छैन ।

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार “क” वर्गका वाणिज्य बैंकहरुमा २०७२।७३ देखि अनिवार्य रूपमा लागु भई सो मान बमोजिम वित्तीय विवरणहरु तयार गर्नुपर्नेमा गरिएको छैन ।

४.१५ **बैंक जमानत भुक्तानी–** भैरहवा भंसार कार्यालयलाई जारी भएको बैंक जमानतको कारणले भुक्तानी गरेको रु. २ करोड ६ लाख ८० हजार मध्ये मुख्य शाखा कार्यालयले हिसाब मिलान नगरी ग्यारेण्टि मार्जिन, टेकओभर खातामा (दायित्व) एक मुष्ठ रु. १ करोड ६९ लाख ७५ हजार लेखांकन गरेको छ भने बानेश्वर शाखाले रु. ३७ लाख ५ हजार कर्जा (Force Loan) मा लेखांकन गरेकोमा सो वापत रु. ३५ लाख ५७ हजारले कम व्यवस्था भएको देखिन्छ ।

## ५. व्यवस्थापन पत्र

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

## ६. कैफियत सहितको राय

हाम्रो रायमा, बुदाँ ४.१ देखि ४.१५ मा औंल्याइएका बिषयबस्तुले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणहरुले प्रचलित कानूनको अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था ऐन, २०६३, तथा

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम राष्ट्रिय बाणिज्य बैंकको ३१ आषाढ २०७२ को वित्तीय अवस्था, सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको यथार्थ र उचित चित्रण गर्दछ ।

७. **अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सुचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन २०६३ को दफा ११५(३) तथा बैक तथा वित्तीय संस्था ऐन २०६३ को दफा ६३(२) मा उल्लेख भएका व्यवस्थाहरुका सम्बन्धमा माथि दफा ६ मा उल्लेखित व्यवहोरा अतिरिक्त निम्नानूसार प्रतिवेदन पेश गर्दछौं ।

७.१ हामीलाई लेखापरीक्षणको सिलसिलामा, यस प्रतिवेदनमा अन्यत्र उल्लेख गरिएका वाहेक, आवश्यक ठानेका सबै सुचना तथा स्पष्टीकरण उपलब्ध भयो ।

७.२ माथि अनुच्छेद ६ मा उल्लेखित व्यवहोराहरु बाहेक कम्पनी ऐन अनुरुप बैंकले आफ्नो कारोवारको यथार्थ स्थिति स्पष्ट हुनेगरी लेखा राखेको पाइयो ।

७.३ वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तनको विवरणका साथै तत्सम्बन्धि अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढांचामा प्रस्तुत गरेको छ ।

७.४ हामीले प्राप्त गरेकोको सुचना, स्पष्टीकरण तथा बैंकको हिसाबकिताबको परीक्षणबाट बैंकका कुनै पदाधिकारीले प्रचलित कानून विपरीत कुनै कामकाज वा अनियमित कार्य गरेको वा बैंकको हानि नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

७.५ बैंकमा लेखासम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

७.६ वुदां ६ मा उल्लेखित र निम्न व्यवहोराहरु वाहेक नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ:

(क) नेपाल राष्ट्र बैंकको निर्देशिका नं. ८ अनुसार इजाजतपत्र प्राप्त संस्थाले सर्वसाधारणमा शेयर विक्री गरि नेपाल धितोपत्र विनिमय बजारमा सुचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिवेन्चरमा मात्र लगानी गर्नुपर्नेमा १० सुचीकृत नभएका निकायको शेयरमा रु. १० करोड ५७ लाख लगानी गरेको छ ।

(ख) बैंक तथा वित्तीय संस्था ऐनको दफा ७ बमोजिम पुंजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्नुपर्ने व्यवस्था भएकोमा हालसम्म सर्वसाधारणलाई शेयर जारी गरेको छैन ।

७.७ बैंकका शाखा कार्यालयहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखापरीक्षण नगरिएको भएता पनि लेखापरीक्षणको लागि पर्याप्त रहेको पाइयो ।

७.८ निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण नहुने गरी कार्य गरेको हाम्रो जानकारीमा आएन ।

## राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले राष्ट्रिय बीउ बिजन कम्पनी लि.को आषाढ ३१, २०७२ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा वित्तीय विवरण साथ संलग्न लेखा नीतिहरु र लेखा सम्बन्भी टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेको छौ ।

२. **वित्तिय विवरण उपर व्यवस्थपनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी कम्पनीको कोषको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको

प्रस्तुतीकरणसाग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभुत रुपमा गलत आाकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकतानूसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

व्यवस्थापनले तयार गरेको वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपालको लेखापरीक्षणमान तथा प्रचलित लेखापरीक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा सिद्धान्त अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनूमान एवं वित्तीय प्रस्तूतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणको हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार रहेका छन्:

४.१ कम्पनीको स्थिर सम्पत्तीको ह्रासकट्टी नेपाल लेखामान-६ (जायजेथा, यन्त्र र उपकरण) मा भएको व्यबस्था अनुसार भएको छैन ।

४.२ कम्पनीले नेपाल लेखमान -९ अनुसार स्थगन करको व्यबस्था गरेको छैन ।

४.३ कम्पनीको अन्तिम जिन्सी मौज्दातको मूल्याङ्कन लेखामान - ४ "जिन्सी मौज्दात मूल्याङ्कन" मा भएको व्यवस्था अनुसार भएको छैन ।

४.४ कम्पनीको लगानी शीर्षकभित्र कर्मचारी उपदान कोष बापत नागरिक लगानी कोषमा जम्मा गरेको रकम श्रेता अनुसार रु.५ करोड ९१ लाख ८८ हजार देखिएको छ । नागरिक लगानी कोषबाट प्राप्त विवरण अनुसार २०७१।७२ को मौज्दात रु.६ करोड १८ लाख २३ हजार रहेको छ । तसर्थ नागरिक लगानी कोषको वासलातमा देखाइएको मौज्दात रु.२६ लाख ३५ हजारले न्यून रहेको छ ।

४.५ केन्द्रीय कार्यालयमा रहेको अन्य ग्राहक अन्तरर्गत एक उद्योगलाई दिनुपर्ने रकम खाता अनुसार रु.१ लाख ५१ हजार देखिएकोमा वासलातमा जम्मा रु.२ हजार मात्र देखाएको छ । जसको कारणले अन्य दिनुपर्ने दायित्व रु.१ लाख ४९ हजारले न्यून देखिएको छ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरिक्षणको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि अनुच्छेद ४.१ देखि ४.५ सम्ममा औंल्याईएका कैफियतहरुले पर्ने प्रतिकूल असर बाहेक संलग्न वित्तीय विवरणहरुले राष्ट्रिय बीउ बिजन कम्पनीको २०७२ आषाढ मसान्तको आर्थिक अवस्था र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको कारोवारको नतिजा एवं नगद प्रवाह विवरणको सही चित्रण गरेको तथा नेपाल लेखामान वा प्रासङ्गिक प्रचलन तथा कम्पनी ऐन, २०६३ अनुसार रहेका छन् ।

७. **कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धि प्रतिवेदन:**

७.१ हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टिकरणहरु पायौं ।

७.२ हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा संस्थाको हिसाव किताबको परीक्षणबाट संस्थाको संचालक समिति वा संस्थाका कुनै कर्मचारीले कानूनी व्यवस्था विपरित काम गरेको वा संस्थालाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको हाम्रो जानकारीमा आएन ।

७.३ संलग्न वासलात, नाफा नोक्सान हिसाव कम्पनीले राखेका हिसाव किताबसंग दुरुस्त रहेका छन् ।

## राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड (२०७२।७३)

१. **बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडको असाढ ३१, २०७३ को वासलात एवं सोही मितिमा समाप्त भएको वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी महत्वपूर्ण लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर ब्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान,सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून, अभ्यास अनुरूप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रूपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी ब्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत, सारभूत रूपमा गलत आंकडा रहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रूपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरू लागू गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा राय ब्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार ब्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरू सारभूत रूपमा गलत आंकडा रहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइ गर्ने यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरूपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन सहितको ब्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी/यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय ब्यक्त गर्ने उद्देश्य राखिएको छैन । ब्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरूले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय ब्यक्त गर्ने आधार:**

कैफियत सहितको लेखापरीक्षण रायब्यक्त गर्ने आधारका रूपमा वित्तीय विवरणमा सारभूत रूपमा असर पार्ने ब्यहोरा निम्नानुसार छन्:

४.१ कम्पनीले नागरिक लगानी कोषमा गरेको उपदान कोष योजनाको लगानी रकम मौज्दात पुष्टि गर्ने प्रमाण अनुसार रु.८ करोड १७ लाख ३५ हजार रहेकोमा वासलातमा लगानी रु.७ करोड ६१ लाख १४ हजार रहेकोले रु.५६ लाख २१ हजारले कम रहेको छ । कम्पनीले लगानीमा प्राप्त ब्याज रकम लगानी मै लेखाङ्कन जम्मा गर्नुपर्नेमा गत वर्षसम्म प्राप्त व्याज रु.५४ लाख ६३हजार आम्दानी लेखाङ्कन गरी प्राप्त योग्य सम्पत्तिमा प्रस्तुत गरेका छ र चालु आर्थिक वर्षमा नागरिक लगानी कोषले प्रदान गरेको ब्याज रकम रु.२५ लाख ७४हजारको लेखाङ्कन गरेको छैन ।

४.२ कर्मचारी प्रशासन विनियमावली एवं आर्थिक प्रशासन विनियमावली बमोजिम कम्पनीले उपदान, बिदा वापतको तलब तथा औषधीउपचार खर्चको व्यवस्था रु.७ करोड ४४ लाख ५० हजार कायम गर्नु पर्नेमा रु.९ करोड ८० लाख २२ हजार कायम गरेकोले रु.२ करोड ३५ लाख ७३ हजारले बढी गरेको छ । कम्पनीले चालु आर्थिक वर्षमा रु.१ करोड ८१ लाख ९३ हजार नाफा नोक्सान हिसाबमा खर्च लेखी दायित्वमा सारेको छ ।

४.३ नेपाल लेखामान ४ (जिन्सी मौज्दात) बमोजिम लागत मूल्य र खुद प्राप्त योग्य मूल्य मध्ये कम मूल्य गर्नुपर्नेमा कम्पनीले सो बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कन गरेका छैन । नेपलागंज कार्यालयले गंहु तथा अन्य जिन्सी मौज्दातको मूल्याङ्कन क्रमश: लागत मूल्य भन्दा १० प्रतिसत र ५० प्रतिसत कम गरेकोछ । त्यस्तै अन्य कार्यालयले खुद प्राप्य मूल्य गणना नगरी वा गणना भएको अवस्थामा समेत सम्पूर्ण जिन्सी मौज्दातको मूल्याङ्कन लागत मूल्यमा गरेका छन । ति कार्यालयहरूले जुटका बोरा बाहेक अन्य जिन्सी मौज्दातको खुद प्राप्य मूल्य गणना नगरेकाले लागत मूल्य र खुद खुद प्राप्य मूल्यको फरक रकमको यकिन गर्न सकिएन ।

४.४ कम्पनीले उत्पादन गर्ने अन्नबालीको उत्पादनमा लाग्ने उत्पादनशील खर्च रु.७६ लाख २५ हजार जिन्सी मौज्दातमा समावेश गरी अन्नबाली उत्पादन भई विक्री भएको वर्षमा खर्च लेख्नु पर्नेमा चालु आर्थिक वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखेकोछ ।

४.५ व्यवस्थाको लेखाङ्कन नेपाल लेखामान १२ (व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित दायित्व सम्पत्ति को व्यवस्था) बमोजिम हुनुपर्नेमा कम्पनीले लेखामानमा उल्लिखित व्यवस्थाको पालना नगरी विगतका वर्षमा स्थिर सम्पत्ति क्षति वापत र नोक्सानी व्यवस्था कोष स्थापना वापत क्रमश: रु.५ लाख २९ हजार र रु.६ लाख ४५ हजार व्यवस्था गरेकोछ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **कैफियत सहितको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.५ मा औंल्याइएका बिषयले वित्तीय विवरणहरूमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले राष्ट्रियबीउ बिजन कम्पनी लिमिटेडको आषाढ

३१, २०७३ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. **अन्य ऐन तथा नियम, कानूनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन, २०६३ मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ:

(क) हामीले लेखापरीक्षणको सिलसिलामा, यस प्रतिवेदनमा उल्लेख गरेका बाहेक पनि आवश्यक सूचना तथा स्पष्टिकरण प्राप्त गरेका छौं ।

(ख) कम्पनीका संचालक समिति वा प्रतिनिधि वा कर्मचारीले कैफियतमा उल्लेख गरे बाहेक प्रचलित कानून विरूद्ध काम काज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानि-नोक्सानी गरे वा गराएको जानकारी हुन आएन ।

(ग) पेश भएसम्मको कागजातको आधारमा कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी गरेको देखिएन ।

(घ) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली उपर देखिएका कमिकमजोरीहरू सम्बन्धी सुधार गर्नुपर्ने व्यहोरा/सुझाव आजकै मितिमा जारी भएको व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

## **राष्ट्रिय समाचार समिति** (२०७२।७३)

१. **बार्षिक वित्तीय विवरणउपर प्रतिवेदन**

हामीले राष्ट्रिय समाचार समितिको २०७३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तनको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरणउपर व्यवस्थापनको जिम्मेवारी**

सर्वमान्य लेखा सिद्धान्त, अभ्यास र प्रचलन अनुरुप वित्तीय विवरणहरु तयार गर्ने एवम् उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी रा.स.सको व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु जालसाजी, त्रूटी र गलत आँकडा रहित सारभुत रुपमा प्रस्तुतीकरण गर्ने, रा.स.सको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरि निरन्तर प्रभावकारी हूने गरि स्थापित गर्ने, उपयूक्त लेखा नीतिको छनौट गरि कार्यन्वयन गर्ने र आबश्यकता अनूसार उचित लेखा अनूमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय ब्यक्त गर्नू हो । नेपाल लेखापरीक्षणमानले निर्देशन गरेको मार्गदर्शन र महालेखापरीक्षकले जारी गरेको मार्ग निर्देशिकाको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौ । लेखापरीक्षणमान अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्नका लागि लेखापरीक्षण योजना तर्जूमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणहरुमा खुलासा गरिएका सूचना बारेमा पुष्ट्याई गर्ने, येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधामा वित्तीय विवरणहरु सारभूत रुपमा जालसाजी वा त्रूटी वा गलत आँकडा प्रस्तुति हून सक्ने कुरालाई मध्यनजर राख्दै अबलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हून्छ । लेखापरीक्षणबाट जोखिम मुल्याङ्कन गर्ने क्रममा रा.स.सको वित्तीय विवरणहरु तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको व्यवस्था तथा उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभाबकारिता बारे लेखापरीक्षणबारे राय ब्यक्त गर्ने उद्देश्य राखिएको छैन । वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयूक्तता लगायत

वित्तीय विवरणहरुको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियत सहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्तगर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण रायब्यक्त गर्ने आधारका रूपमा वित्तीय विवरणमा सारभूत रूपमा असर पार्ने ब्यहोरा निम्नानुसारराष्ट्रिय समाचार समितिको २०७३ छन्:

४.१ **स्थिर सम्पत्ति** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट २०७१।०६।०२ मा प्राप्त भएको सवारी साधन जिन्सी दाखिला गरेको छैन ।

४.२ **जग्गा तथा भवन** : एक निर्माण व्यवसायीसंग २०७३।१।८ मा तुलसीपूरमा व्यापरिक पसल कबल निर्माण कार्यको लागि मू.अ.क बाहेक रु. १३ लाख १९हजारमा २०७३।४।३२ सम्ममा निर्माणकार्य सम्पन्न हुने गरी सम्झौता गरेको पाइयो । उक्त समयमा निर्माण कार्य सम्पन्न हुन नसकी २०७३ असोज १५ गते सम्मका लागि म्याद थप गरेकोमा उक्त समयमा पनि निर्माण सम्पन्न नभएकोले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्नेमा लिएको छैन ।

निर्माण व्यवसायीबाट निर्माण सम्पन्न भए पश्चात् कर वीजक प्राप्त गरी सम्वन्धित प्राविधिकबाट प्रमाणित गराई सम्पत्ति पूजिकरण गर्नुपर्नेमा (मू.अ.कर सहित) रु.१४ लाख ९० हजार लाई भवन निर्माण खर्च लेखाङ्कन गरी दायित्व सिर्जित गरेको छ ।

४.३ **असामी** : आसामीहरुबाट समितिले वर्षान्तको बक्यौता रु.८० लाख ६९ हजारको समर्थन लिएको छैन । विगत वर्षहरुदेखि जिम्मेवारी सारिदै आएको आन्तरिक लेखापरीक्षक पेश्की रु. १५ हजार असूली वा समायोजन गुर्नुपर्नेमा गरेको छैन । शंकास्पद आसामीहरुको यकीन गरी जोखिम बापत ब्यवस्था गरेको छैन । विज्ञापन बापत उठाउन बाँकी पुरानो बक्यौता रु.१ लाख ४४ हजार असूली गरेको छैन । जेनेरेटर मर्मतका लागी एक अटोमोवाइललाई दिएको पेश्की रु.२० हजार विगत बर्ष देखिको हालसम्म फछ्र्यौट गरेको छैन ।

४.४ **घर भाडा आम्दानी** : यस वर्ष समितिले घर भाडा रु.४७ लाख ५८ हजारको आम्दानी लेखाङ्कन गरेको छ । उपरोक्त आम्दानीमा लाग्ने अग्रीम घरबहाल कर मध्ये महिला आयोगबाट रु.१ लाख, रासस पोखराबाट रु. १३ हजार, बनेपाबाट रु. ७ हजार, भरतपूरबाट रु. ३६ हजार र दाङबाट रु. ३३ हजार गरी रु. १ लाख ९२ हजार अग्रीम कर कट्टीलाई खर्चमा लेखाङ्कन गरिएको छ र बाँकी रु.१४ हजारमा अग्रीम कर कट्टी गरेको छैन ।

४.५ **ब्याज आम्दानी** : नगद प्राप्तिको आधारमा बैंकले उपलब्ध गराएको ब्याजलाई आम्दानीमा र सोमा कट्टी गरिएको करलाई ब्याज आम्दानीमा कट्टी पश्चातको खुद रकमलाई मात्र आम्दानीमा देखाउने गरिएको छ । ब्याज आम्दानीलाई बैंक विवरणको आधारमा वार्षिक रुपमा एकमुष्ट रु.१ लाख ९८ हजार लेखाङ्कन गरिएको छ ।

४.६ **खर्च लेखाङ्कन सम्वन्धमा** : गत वर्षसंग सम्वन्धित स्टिन्जर पारिश्रमिक बापत भुक्तानी भएको खर्च रु.२ लाख७३ हजार लाई पनि यस वर्षको खर्चमा लेखाङ्कन गरिएको छ ।

४.७ **दायित्व ब्यवस्था** : समितिमा कार्यरत कर्मचारीहरुको बर्षान्त सम्मको उपदान, औषधि उपचार, कल्याणकारी कोष, बीमा र संचित विदा वापतको रु.२० करोड १८ लाख २० हजारको ब्यवस्था गरेको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथिका बुंदा नं ४.१ देखि ४.७ सम्म उल्लेखित ब्यहोराहरुबाट पर्ने असर वाहेक संलग्न वित्तीय विवरणले राष्ट्रिय समाचार समितिको ३१ आषाढ, २०७३ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

७. **राष्ट्रिय समाचार समिति ऐन २०१९ को व्यबस्था को प्रतिवेदन ।**

क) लेखापरीक्षणको क्रममा आवश्यक ठानेका सूचनाहरु एवम् सोधनी भएका कुराहरुको जवाफ प्राप्त भएको छ ।

ख) रा.स.सको क्षेत्रीय, अंचल तथा जिल्ला स्तरीय कार्यालयहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखापरीक्षण नगरिएको भएतापनि लेखापरीक्षणको निमित्त पर्याप्त छन् ।

ग) हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र रा.स.सको हिसाब किताबको लेखापरीक्षणको सिलसिलामा संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले जानाजानी लेखासम्बन्धि कानुनी व्यवस्था विरुद्ध कामकाज गरेको वा रा.स.स लाई हानी नोक्सानी गरेको वा गराएको वा समितिको कोषको हिनामिना गरेको हाम्रो जानकारीमा आएको छैन ।

## वन पैदावार विकास समिति (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले वन पैदावार विकास समितिको यसै साथ संलग्न २०७२ आषाढ मसान्तको समष्टिगत आर्थिक विवरणको लेखापरिक्षण गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान सम्वन्धित ऐन, नियम, कानून एवं अभ्यास अनुरुप यथार्थ अवस्था चित्रण गर्ने वित्तीय विवरणहरु तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण चाहे जालसाजी त्रुटी लगायत सारभुत रुपमा त्रुटिरहित, वित्तीय विवरण प्रस्तुतिकरण आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन र संचालन गर्ने उपयुक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखा परिक्षकको कार्यालयवाट जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्रदान गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका वारेमा पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले निकायको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा निकायले वित्तीय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मुल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतीको लेखाजोखा समेत लेखापरीक्षण प्रकृयामा समावेश हुन्छ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणवाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

४.१ समितिमा आन्तरिक लेखापरीक्षणको लागी कुनै संगठनात्मक व्यवस्था भएको देखिदैन । सवै कार्यालयहरुको चौमासिक अवधिको आन्तरिक लेखापरीक्षण गर्ने ब्यवस्था गरी लेखापरीक्षणवाट देखाएका कमि कमजोरीहरुलाई समय मै सुधार गर्दै लैजानु पर्नेमा यस्तो व्यवस्था गरेको छैन । समयमै आन्तरिक लेखापरीक्षणको व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनुपर्दछ ।

४.२ सागरनाथ वन विकास परियोजनाको विभिन्न जातका काठ तथा पोल ११ हजार ५९३ क्यूफिट दाउरा ५.५० चट्टा तथा विरुवा संख्या ६९ हजार १०० समेत एक करोड १३ लाख वरावरको काठ, दाउरा, पोल पुरानो भै मिन्हा सम्वन्धी कारवाहीमा रहेको भनि उल्लेख गरेको र लगत वांकीमा नदेखाई छुट्टै विवरणमा उल्लेख गरेको छ । मिन्हा सम्वन्धी कारवाहीको टुंगो लगाउनु पर्ने देखिन्छ ।

४.३ सागरनाथ वन विकास परियोजना, सर्लाहीको खाता अनुसार ५ वटा वैंकको अन्तिम मौज्दात र वैंक विवरण अनुसारको अन्तिम मौज्दात रकममा रु ५३ लाख ३२ हजार फरक देखिएकोमा सो को गर्ने पुष्टी हुने प्रमाण पेश भएन ।

४.४ यस वर्ष परियोजनाले आम्दानी गरेको रु. १७ करोड ८८ लाख ५३ हजार मध्ये नियम अनुसार लाग्ने मूल्य अभिवृद्धि कर, रोयल्टी बाँकी रु. १ करोड ३९ लाख ११ हजार समेत गतवर्षदेखिको वांकी रु. २ करोड ५४ लाख ९३ हजार सम्वन्धित खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

४.५ स:मिल/डिस्टीलेशन भाडा वापत रु. १ लाख ६ हजार मात्र आम्दानी गरेको पाईयो । एक आयल डिस्टीलेशन प्रा.ली. संग २०७०/२/५ देखि २०७३ बैसाख सम्मको लागी डिस्टीलेशन प्लट भाडामा लिने दिने सम्वन्धी संझौतामा उल्लेख भए अनुसार यो वर्ष रु.१ लाख ६६ हजार भाडा प्राप्त हुनुपर्नेमा रु. १ लाख ६ हजार मात्र प्राप्त भएकोले बाँकी रु ६० हजार असुल गर्नु पर्ने देखिन्छ ।

४.६ नेपाल सरकारबाट निकासा रु १ करोड ३२ लाख ४५ हजार मध्ये रु. १ करोड २७ लाख ९१ हजार खर्च भई बाँकी रहेको रु ४ लाख ५४ हजार राजस्व खातामा दाखिला हुनु पर्ने रकम केन्द्रीय कार्यालय पठाएकोमा केन्द्रवाट राजस्व खातामा दाखिला गरेको प्रमाण पेश नभएकोले उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

हाम्रो रायमा कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुंदा नं ४.१ देखि ४.६ सम्म औल्याइएका विषयले समष्टिगत आर्थिक विवरणमा पर्ने असर वाहेक संलग्न समितिको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजाको सही र यथार्थ चित्रण गर्दछ ।

## बन पैदावार विकास समिती (२०७२।३)

### १. बार्षिक वित्तीय विवरण उपर प्रतिबेदन

हामीले बन पैदावार विकास समितीको यसै साथ संलग्न २०७३ आषाढ मसान्तको समस्ठिगत आर्थिक विवरण लेखापरीक्षण गरेका छौं ।

### २. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचितरुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तिय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरीक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापीत गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

### ३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखा परीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएको सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइंका यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि

लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी बा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विबेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्गन गर्ने क्रममा निकायको  वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उप यूक्तताबारेमा परीक्षण गरीएको छ तापनी त्यस्तो आन्तरीक नियन्त्रण प्रणलीको प्रभाबकारीताको बारेमा लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको  मुल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

**४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छनः

४.१ समितिमा आन्तरिक लेखापरीक्षणको लागी कुनै संगठनात्मक व्यवस्था भएको देखिदैन । सबै कार्यालयहरुका चौमासिक अवधिको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था गरी लेखापरीक्षणबाट देखाएका कमि कमजोरीहरुलाई सोही आर्थिक वर्षको पछिल्लो महिनाहरुमा सुधार गदै लैजानु पर्नेमा यस्तो व्यवस्था देखिएन । यसले बन पैदावार विकास समितिको आन्तरीक नियन्त्रण प्रणाली कम्जोर भएको चित्रण गर्दछ । तसर्थ समयमै आन्तारीक लेखापरीक्षणको व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यहोरा विगतका लेखापरीक्षणबाट औल्याउदै आएकोमा हाल आन्तरीक लेखापरीक्षकको नियूक्ती भएको छ ।

४.२ सागरनाथ बन विकास परीयोजनाको विभिन्न जातका काठ तथा पोल ११ हजार ५९३ क्यूफिट दाउरा ५.५० चट्टा तथा बिरुवा संख्या ६९ हजार १०० समेत एक करोड १३ लाख बराबरको काठ, दाउरा, पोल पुरानो भै मिन्हा सम्वन्धी कारवाहीमा रहेको भनि उल्लेख गरेको र लगत बाँकी नदेखाई छुटै विवरणमा उल्लेख गरेको छ । मिन्हा सम्वन्धी कारवाहीको यथाशिघ टुंगो लगाउनु पर्ने देखिन्छ ।

४.३ यस वर्ष परियोजनाले आम्दानी गरेको रकम रु.१८ करोड ९४ लाख ९२ हजार मध्ये नियम अनुसार लाग्ने मुल्य अभिवृद्धि कर, रोयल्टी  र बाँकी रु.२ करोड ८२ लाख ३२ हजार सम्वन्धित खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।

४.४ नेपाल सरकारबाट निकासा रु.१ करोड ७० लाख मध्ये रु.१ करोड १२ लाख १८ हजार खर्च भई बाँकी रहेको ५७ लाख ८२ हजार राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

**५. व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६. लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथी बुदा नं. ४.१ देखि ४.४ मा औल्याईएका विषयले वित्तिय विवरणहरुमा पर्ने असर वाहेक, समष्ठिगत आर्थिक विवरणले बन पैदावार विकास समिति २०७३ आषाढ मसान्तको वित्तिय स्थिति र सोहि मितिमा समाप्त भएको वर्षको संचालन नतिजा सहि र यथार्थ चित्रण गर्दछ ।

## साँस्कृतिक संस्थान (२०७१।७२)

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न साँस्कृतिक संस्थान को २०७२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरण संग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन्

जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीति हरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखा परीक्षण मान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षणको राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **सन्तुलन परीक्षण** : सफ्टवेयरमा आधारित लेखा प्रणाली नभएको कारणले उपलब्ध भौतिक बही खाता तथा भौचरहरुमा मात्र भर पर्नुपर्ने अवस्था रहेकाले यसको छड्के परीक्षणबाट मूल्याङ्कन गर्न सकिने अवस्था छैन । भौतिक कागजातको उचित सुरक्षाको प्रबन्ध नहुनुले अभिलेख प्रति विश्वसत हुन सकिइन । यस आर्थिक वर्ष को सन्तुलन परिक्षणमा रु. ६०हजारको अन्तर देखिएको र उक्त अन्तर रकमलाई आसामी तथा पेश्की अर्न्तगत समायोजन गरको छैन ।

४.२. **आय व्ययमा प्रभाव** : स्थायी कर्मचारीहरुको निमित्त उपदान तथा बिदा बापतको व्यवस्थाको गणना गरी सो दायित्वको व्यबस्था गरेको छैन । संस्थानको विनियममा रहेको उपदान तथा बिदा बापतको व्यबस्था बमोजिम २०७१/७२ सम्मको अनुमानित दायित्व रकम रु. २ करोड ९० लाख ८७ हजार पुगेको देखिन्छ । हाल उपदान तथा संचित बिदा बापत संस्थानले रु. ९ लाख ९३ हजार को व्यवस्था गरी नागरिक लगानि कोषमा जम्मा गरेको छ । यस आधारमा संस्थानले आवश्यक रकमको व्यवस्था गरेमा संस्थानको व्ययभार अझै बढ्ने देखिन्छ । यस अवस्थामा संस्थानको सञ्चालन नगद प्रवाहले कर्मचारीहरुको दायित्व वापतको व्यवस्थालाई पुरा गर्न सक्ने देखिदैन ।

४.३. **कर परीक्षण तथा आय विवरण** : संस्थान यस आर्थिक वर्षमा घाटामा रहेकोले आयकर व्यवस्था गरेको छैन । संस्थानको अग्रीम आयकर वापतको रकम गत वर्ष सम्मको रकम रु. ७९ करोड ३२ लाख रहेकोमा यस वर्ष रु. ९१ करोड २६ हजार पुगेको छ । उक्त रकमको औचित्यता प्रष्ट्याउन तथा फिर्ता आउने नआउने सम्बन्धमा व्यवस्थापन बाट आन्तरिक राजश्व विभाग/कार्यालय समक्ष कुनै पत्रचार नगरेकोले उक्त रकमलाई गत वर्ष जस्तै यस वर्षको वित्तीय विवरणमा पनि देखाएको छ । यसका साथै आन्तरिक राजश्व कार्यालयमा २०६५/०६६ को आय विवरण पेश गर्दाको त्रुटिलाई हाल सम्म पनि सच्याएको छैन । त्यस पछिका आय वर्षहरुको आय विवरण पेश गरेको समेत देखिएन ।

४.४. **नेपाल सरकारको ऋण:** संस्थानले यस वर्षमा लिएको रु. १ करोड ८२ लाख समेत नेपाल सरकारलाई ऋण वापत रु. २३ करोड ५५ लाख ३१ हजार तिर्न बाँकी रहेको देखिन्छ । उक्त ऋण रकममा वार्षिक ४ प्रतिशतका दरले हाल सम्म तिर्न बाँकी व्याज रु. ७ करोड १ लाख ४ हजार देखिन्छ । संस्थानले ऋण वापत तिर्नुपर्ने किस्ता तथा ब्याज रकम समेत नियमित रुपमा भुक्तानी गरेको देखिदैन महालेखा नियन्त्रकको कार्यालयको अभिलेखमा उक्त ऋण रु. २३ करोड ७३ लाख २४ हजार रहेको सो कार्यालयले

जानकारी गराएको छ । संस्थान  र महालेखा नियन्त्रकको कार्यालयको हिसाव बीच रु. ६ करोड ८३ लाख ११ हजारको अन्तर रहेको देखियो ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.४ सम्म औंल्याइएका विषयले वित्तीय विवरण हरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले साँस्कृतिक संस्थानको २०७१ आषाढको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगदप्रवाह को नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

## हेटौंडा सिमेन्ट उद्योग लिमिटेड (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रबाह विवरण तथा ईक्विटीमा भएका परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा सहित प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ। हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारहरु :**

लेखापरीक्षणवाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छः–

४.१. **नेपाल लेखामानको पालना –** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१.१. उद्योगले अवलम्वन गरेको ह्रास कट्टी विधि नेपाल लेखामान ६ (सम्पत्तिको, मेशिन र औजार) अनुसार सम्पत्तिको उपयोग आयु, प्रयोग गर्ने तरिका, अवशेष मुल्य आदिको आधारमा ह्रास दर निर्धारण गर्नुपर्नेमा सो अनुसार गरेको छैन ।

४.१.२. उद्योगले नेपाल लेखामान (सम्पत्तिको क्षयिकरण) अनुसार वार्षिक रुपमा स्थिर सम्पत्तिको क्षयीकरण परीक्षण गरेको र सोबाट हुने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन ।

४.१.३. लामसुरे स्थित उद्योग हाता भित्र रहेको ६० लाख लिटर भण्डारण क्षमता भएको दुई थान डिजेल ट्याङ्क र उद्योगको स्वामित्वमा रहेको रु. ३ करोड ३६ लाख १ हजार खरिद मूल्य भएको जेनेरेटर प्रयोगमा नआएकोमा बैकल्पिक प्रयोग गरी आय आर्जन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४.१.४. उद्योगले स्थिर सम्पत्तिको बीमा गर्दा भूकम्पबाट हुने जोखिमको वीमा समावेश गरेको छैन । यस वर्ष भूकम्पले आवासिय भवनमा अनुमानित करिव रु.३ करोड ३ लाख, प्लान्टको सिभिल संरचना र मेशीनरीहरुमा रु.२ करोड ६४ लाख २५ हजार र ल्याबमा रु.४ लाख ५० हजार गरी जम्मा रु.५ करोड ७१ लाख ७५ हजार बराबरको क्षति भएको उद्योगले गरेको आन्तरिक मूल्यांकन रहेकोमा नेपाल लेखामान १२ अनुसार सोको खर्च व्यवस्था गरेको छैन ।

४.१.५. नेपाल लेखामान ६ अनुसार रिर्जभ एयर ब्याग हाउसमा पुँजिकरण हुनुपर्ने रु.८ लाख ६१ हजार मर्मत र परामर्श सेवा खर्च शीर्षक अन्तर्गत लेखांकन गरेकोले नाफा नोक्सान हिसाबमा नाफा कम भएको र सम्पत्ति हिसाबमा समेत असर परेको छ ।

४.१.६. उद्योगका कर्मचारीहरु अवकाश हुँदा प्रदान गर्न खरिद गरेको दीर्घ सेवा पदक (सुनको सिक्का) वर्षान्तमा १०१ थान बाँकी रहेकोरु. ४७ लाख १ हजार सिक्काको मूल्यलाई सम्पत्ति हिसाबमा लेखांकन गर्नुपर्नेमा खरिद गर्दाकै बखतमा कर्मचारी हित खर्चमा लेखांकन गरेको हुँदा सोही रकमले नाफा नोक्सान र सम्पत्ति हिसाबमा असर परेको छ ।

४.१.७. नेपाल लेखामान अनुसार जिन्सी मौज्दातको रुपमा राख्न नमिल्ने स्थीर सम्पत्ति प्रकृतिका मालसामानहरुलाई सम्पत्ति हिसाबमा प्रस्तुत गरी ह्रास कट्टी गर्नुपर्नेमा सो अनुसार नगरी रु.६ लाख ५४ हजार मूल्यका सामान जिन्सीको रुपमा प्रस्तुत गरेको र ह्रास कट्टी नगरेकोले जिन्सी मौज्दात, ह्रास खर्च र सम्पत्ति हिसाबमा असर परेको छ ।

४.१.८. ब्याज आम्दानी हिसाबमा उपदान तथा औषधि उपचार कोष लगानीमा २०७०।७१ मा गरेको ब्याज आम्दानी रु.४१ लाख ३८ हजार, यस आर्थिक वर्ष समायोजन गरिएको छ जुन नेपाल लेखामान अनुसार भएको छैन ।

४.१.९. खर्च र आम्दानीहरुलाई छुट्टा छुट्टै लेखांकन गर्नुपर्नेमा उद्योगले आपूर्तिकर्ताहरुलाई लगाएको जरिवाना रु. ४ लाख २५ हजार आम्दानी जनाउनुपर्नेमा सम्बन्धित खर्च शीर्षकमा समायोजन गरेको नेपाल लेखामान १ अनुसार भएको छैन ।

४.१.१०. उद्योगका कर्मचारीहरुको संचित बिदा वापतको रकम नेपाल लेखामान १ बमोजिम प्रोदभावी आधारमा खर्च लेखांकन गर्नुपर्नेमा नगद आधारमा लेखांकन गरी संचित विदा वापतको रकम व्यवस्था नगरेको र सोको दायित्व गणना नगरेएकोले नाफा नोक्सान हिसाबमा पर्ने असरको यकिन गर्न सकिएन ।

४.१.११. नेपाल लेखामान आय कर बमोजिम स्थगन करको गणना गरी लेखांकन गरेको छैन ।

४.१.१२. उद्योगसंग सम्बन्धित केही मुद्दाहरु रहेकोमा नेपाल लेखामान बमोजिम संभावित दायित्व वापतको रकम यकिन गरी वित्तीय विवरणमा प्रस्तुत गरेको छैन ।

४.१.१३. वर्षान्तमा अन्य सम्पत्ति रु.३५ लाख ३० हजार बाँकी रहेकोमा विभिन्न खानीमा भएका खर्चलाई खर्च भएकै वर्ष लेखांकन गर्नुपर्नेमा ५ वर्ष भित्र अपलेखन हुने गरी लेखांकन गरेको नेपाल लेखामान अनुसार लेखांकन भएको छैन ।

४.१.१४. उद्योगले उपदान वापतको रकम व्यवस्था गर्दा नेपाल लेखामान अनुसार वीमांकिक मूल्यांकनको आधारमा व्यवस्था गरेको छैन । सो रकम २०७२ आषाढ मसान्तसम्मको व्यतित अवधिको आधारमा मात्र गरेको छ ।

**४.२. लगानी** : उद्योगले यस वर्ष उपदान व्यवस्था वापत रु. ११ करोड ४७ लाख ३२ हजार र औषधि उपचार व्यवस्था वापत रु.२ करोड ७३ लाख ६७ हजार खर्च लेखांकन गरेकोमा नागरिक लगानी कोषमा क्रमश रु.६ करोड ५० लाख र रु.१ करोड ५० लाख मात्र जम्मा गरी क्रमश रु.४ करोड ९७ लाख ३२ हजार र रु.१ करोड २३ लाख ७८ हजार समेत रु.६ करोड २० लाख ९९ हजार कम लगानी गरेको छ ।

**४.३. आयकर लिनुपर्ने हिसाव :** उद्योगले २०६८।६९ र २०६९।७० को स्वयं कर निर्धारण सम्पन्न भई विवरण दाखिला भईसकेकोमा अग्रिम आयकरको प्रर्याप्त मौज्दात रहे पनि स्वयंकर दाखिला अनुसार

कर दायित्व वापतको रकममा रु. ८० लाख ३६ हजार कम लेखांकन भएकोले संचित नाफा र आयकर लिनुपर्ने हिसाव बढी प्रस्तुत भएको छ ।

४.४. **बिलम्व शुल्क तथा जरिवाना** : उद्योगले २०७१।७२ को स्वयं कर विवरण आन्तरिक राजस्व विभागमा समयै नबुझाए वापत आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ अनुसार थप दायित्व सृजना हुने अवस्था रहेकोमा सो दायित्व मूल्यांकन गरी खर्च व्यवस्था नगर्नुको साथै २०७१।७२ को कर लेखापरीक्षण समेत सम्पन्न नभएकोले सृजना हुन सक्ने थप कर दायित्वको समेत व्यवस्था गरेको छैन ।

४.५. **अग्रिम भूक्तानी** : उद्योगले विभिन्न संस्थाहरुलाई परामर्श सेवा, चन्दा, मर्मत र विभिन्न खर्चका लागि रु. ४७ लाख २१ हजारको बीजक प्राप्त भएपछि मिलान गर्ने गरी अग्रिम भूक्तानी शीर्षकमा लेखांकन गरेकोमा सोको खर्च व्यवस्था गरेको छैन । तसर्थ, सो रकमले नाफा बढी प्रस्तुत भई यस हिसाबमा समेत मौज्दात रकम बढी देखिएको छ ।

४.६. **जिन्सी मौज्दात** :उद्योगले उपलव्ध गराएको विवरण अनुसार अन्तिम मौज्दात रु. ५ लाख २७ हजार ऋणात्मक रहेको रकम हिसाब मिलान नभएकोले सोही रकमले वित्तीय विवरणमा जिन्सी मौज्दात र नाफा कम भई असर परेको छ ।

४.७. **कर्मचारी बोनस**: उद्योगले बिगत बर्षहरुमा कर्मचारी बोनस वापतको व्यवस्था गर्दा सम्बन्धित मन्त्रालयबाट स्वीकृति लिने गरेकोमा यस वर्ष स्वीकृति लिएको छैन । बोनस ऐन, २०३० तथा नियमावली, २०३९ बमोजिम बोनस तथा आयकर अघिको नाफा रकममा आवास व्यवस्था वापतको रकम समायोजन गरी खुद मूनाफा रु.७ करोड ४० लाख ९६ हजारको ८ प्रतिशतले हुने रु.५९ लाख २८ हजार कर्मचारी बोनस वापत व्यवस्था गर्नुपर्नेमा रु.७३ लाख ५ हजार व्यवस्था गरी रु.१३ लाख ७८ हजार बढी व्यवस्था गरेकोले सोही रकमले नाफा नोक्सान हिसाबमा असर परेको देखिन्छ ।

४.८. **ऐन नियमहरुको पालना**: यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानूसार छन् ।

४.८.१. कर्मचारी आवास व्यवस्था तर्फ श्रम ऐनको दफा ४१ अनुसार नाफाको ५ प्रतिशत हुने रकम कर्मचारी कल्याण (आवास) व्यवस्था गर्नुपर्नेमा उद्योगले बोनस तथा आयकर अघिको नाफा रकमको ५ प्रतिशतको दरले हुने रकम मात्र कर्मचारी कल्याण (आवास) व्यवस्था गरेको छ । उद्योगले यस आर्थिक वर्षको नाफा रु.२२ करोड ५९ लाख १ हजारको ५ प्रतिशतले हुने रु. १ करोड १२ लाख ९५ हजार कर्मचारी आवास व्यवस्था गर्नुपर्नेमा यस वर्ष बोनस तथा आयकर अघिको नाफा रु. ९ करोड १३ लाख १८ हजारको ५ प्रतिशतले हुने रु. ४५ लाख ६६ हजार कर्मचारी आवास व्यवस्थामा व्यवस्था गरेको देखिन्छ । कर्मचारी आवास व्यवस्था रकममा रु. ६७ लाख २९ हजार कम भई सोहि रकमले नाफा नोक्सान हिसाबमा असर परेको छ ।

४.८.२. कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम उद्योगको खुद पूँजी चुक्ता पूँजीको आधा भन्दा कम अर्थात् ७.६८ प्रतिशत बाँकी रहेको (चुक्ता पूँजी रु. ९० करोड ६ लाख ८५ हजार र खुद पूँजी रु. ६ करोड ९२ लाख १६ हजार) देखिएकोमा उक्त प्रावधान अनुरुप उद्योगको संचालक समितिले ब्यापारिक रणनीति तयार गरेको नदेखिएको, दफा ९२ (१) अनुसार सञ्चालकहरुले आफु सञ्चालकको पदमा बहाल भएको ७ दिनभित्र आफु र आफुसंग सम्बन्धित संघ/संस्थाको जानकारी गराउनुपर्ने प्रावधान अनुसार जानकारी नगराएको, दफा १०७ अनुसार उद्योगले आफ्नो संचालक वा सचिवको नाम, थर, ठेगाना नागरिता, पेशा, व्यवसाय, संचालक वा सचिव नियुक्त भएको र पदबाट हटेको भए सोको मिति समेत अभिलेख दर्ता किताब राख्नुपर्ने र १५ दिन भित्र कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्ने प्रावधान अनुसारको दर्ता किताब नराखेको, चन्दा तथा सहयोग शीर्षकमा यस आर्थिक वर्षमा रु.१२ लाख ९८ हजार खर्च लेखांकन भएकोमा दफा १०५(१) अनुसार वार्षिक साधारण सभाबाट अनुमोदन भएको छैन ।

४.८.३. कम्पनी ऐनको दफा १६४ अनुसार उद्योगले एक लेखापरीक्षण समिति गठन गर्नुपर्ने प्रावधान अनुरुप लेखापरीक्षण समिति गठन गरेको छैन ।

४.८.४. उद्योगले रु. ९ करोड ५९ लाख अनुमानित लागत भएको ७००० मे.ट कोइला खरिदको लागि बोलपत्र आव्हान गर्दा एउटा मात्र रु. १० करोड ३२ लाख ५० हजारको प्रस्ताव प्राप्त भएकोमा २०७१।६।८ मा मूल्याङ्कन समितिबाट बोलपत्र रद्द गर्ने निर्णय भएकोमा सोहि बोलपत्रदाताले पून: सो मुल्य घटाई रु. ९ करोड ५८ लाख ८६ हजार कायम गरी प्रस्ताव पेश गरेकोले मूल्याङ्कन समितिको प्रतिवेदन अनुसार महाप्रबन्धकबाट खरिद गर्न स्वीकृत भएको सार्वजनिक खरिद नियमावलीको नियम ५८ बमोजिम रहेको छैन ।

**५.** **व्यवस्थापन पत्र** :

व्यवस्थापन पत्रमा दर्शाइएको व्यहोरा व्यवस्थापनले कार्यान्वयन गर्नुपर्दछ ।

**६.** **कैफियत सहितको राय:**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथिका बूँदा नं. ४.१ देखि ४.८ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

**७.** **अन्य ऐन तथा नियम, कानूनको पालना उपर प्रतिवेदन**

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन २०६३ को दफा ११५(३) मा उल्लेख भएका व्यवस्थाका सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ:

**७.१.** हामीले लेखापरीक्षणको सिलसिलामा, यस प्रतिवेदनमा उल्लेख गरेका बाहेक पनि आवश्यक सूचना तथा स्पष्टिकरण प्राप्त गरेको छौं ।

**७.२.** पेश भएसम्मको कागजात तथा जानकारीका आधारमा कम्पनी, संचालक समिति वा प्रतिनिधि वा कर्मचारीले प्रचलित कानूनविरूद्ध काम काज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानि-नोक्सानी गरे वा गराएको जानकारी हुन आएन ।